प्रकाशन संख्याः १३३




राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

मनमैंजू, काठमाडौं

फोन नं. ९७७-१-४०२७४४९/४०२७४५१

फ्याक्स नं. : ९७७-१-४०२७१४०

Email : info@njanepal.org.np

URL: www.njanepal.org.np


बाल प्रोवेशन अधिकारीको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्थाको कार्यान्वयन विषयक अध्ययन प्रतिवेदन

# बाल प्रोवेशन अधिकारीको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्थाको कार्यान्वयन विषयक अध्ययन प्रतिवेदन



राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

मनमैंजू, काठमाडौं

# बाल प्रोवेशन अधिकारीको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्थाको कार्यान्वयन विषयक अध्ययन प्रतिवेदन


**अनुसन्धान समूहः**

श्रीकृष्ण मुल्मी
संजीव राई
करुणा थपलिया
भुवानी शंकर घिमिरे



**राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल**
मनमैंजू, काठमाडौं

**सर्वाधिकार © :** राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

**डिजाइन लेआउटः** श्री प्रतिभा राई

**प्रकाशन प्रतिः** ५००

**प्रकाशन सालः** २०८३

**प्रकाशन नं :** १३३

**प्रकाशकः** राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजू, काठमाडौं
फोन नं. :९७७-१-४०२७४४९,४०२७४५१
इमेल :info@njanepal.org.np
Website : www.njanepal.org.np

**मुद्रकः** जय भैरव इन्टरप्राइजेज, काठमाडौं

## मन्तव्य

राष्ट्रिय न्यायिक प्रतिष्ठानले नविनतम कानूनी व्यवस्थाहरुको गहिरो विवेचना र विश्लेषण गर्न, कानूनी प्रणालीलाई सुदृढ तुल्याउन र प्रचलनमा रहेका कानूनहरुको समीक्षा गर्नको लागि सघाउ पुऱ्याउन विभिन्न विषयवस्तुहरुमा गुणस्तरीय अध्ययन, अनुसन्धान र स्रोत सामग्रीहरुको प्रकाशन गर्ने कार्य गर्दै आइरहेको छ। यसै क्रममा **बाल प्रोवेशन अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाको कार्यान्वयन र चुनौती** विषयक अनुसन्धान प्रतिवेदन यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा प्रतिष्ठान हर्षित भएको छ।

साविकमा रहेको ऐन नियमलाई विस्थापित गर्दै प्रचलनमा आएको बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा सुधारात्मक अवधारणालाई आत्मसात गर्दै प्रोवेशन तथा प्रोवेशन अधिकारीसम्बन्धी नविनतम व्यवस्था गरेको पाइन्छ। नेपाल पक्ष राष्ट्र भएको बालबालिकासँग प्रत्यक्ष रुपमा सरोकार राख्ने विभिन्न संयुक्त राष्ट्र संघीय दस्तावेजहरुको भावनाअनुसार कसूरजन्य कार्य गरी कानूनको विवादमा परेका बालबालिकालाई प्रोवेशन अधिकारीको प्रत्यक्ष रेखदेख अन्तर्गत उनीहरुको परिवार र समुदायमा नै राखी सुधार गर्नुपर्ने बाल न्यायमैत्री कानूनी व्यवस्था नेपालको बाल न्याय प्रणालीमा स्थापित भएको छ। यसरी ऐन र नियमावलीमा व्यवस्था भएको बाल प्रोवेशन अधिकारीको काम, कर्तव्य र अधिकार कार्यान्वयनको अवस्था र कार्यान्वयन गर्दा अनुभूति गर्नु परेका समस्या तथा चुनौतीहरुको सन्दर्भमा २०८० मा प्रस्तुत अनुसन्धान सम्पन्न भएको हो। बाल प्रोवेशन र प्रोवेशन अधिकारीको सन्दर्भमा अवधारणा तथा सैद्धान्तिक पक्ष, अन्य मुलुकहरुका कानूनी व्यवस्था र अभ्यास, संयुक्त राष्ट्र संघीय दस्तावेज, राष्ट्रिय कानूनी व्यवस्थाहरु लगायत सङ्कलित तथ्याङ्कहरुको विवेचना र विश्लेषणबाट प्राप्त नतिजा, निष्कर्ष र सुझावहरु प्रस्तुत गरिएको यस अनुसन्धानले न्यायाधीश, अभियोजनकर्ता, कसूरजन्य कार्यको अनुसन्धानमा संलग्न अनुसन्धान अधिकारी, कानून व्यवसायी, विद्यार्थी लगायत अन्य व्यक्तिहरुलाई समेत सैद्धान्तिक र व्यावहारिक पक्ष बुझ्नको लागि सहयोग पुग्ने अपेक्षा गरिएको छ।

अन्तमा, यस अनुसन्धान समूहमा रही प्रस्तुत अनुसन्धान प्रतिवेदन तयार पार्ने प्रतिष्ठानका निर्देशक श्री श्रीकृष्ण मुल्मी, निर्देशक श्री संजीव राई, उपनिर्देशक श्री करुणा थपलिया र भक्तपुर जिल्ला अदालतका तत्कालीन तहसिलदार श्री भुवानी शंकर घिमिरे लगायत सम्पूर्णलाई प्रतिष्ठान धन्यवाद दिन चाहन्छ। साथै पाठकहरुबाट प्रतिक्रिया तथा सुझावहरुको अपेक्षा पनि गर्दछ।

**राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल**

# प्राक्कथन

संयुक्त राष्ट्र संघीय बालअधिकार सम्बन्धी महासन्धि, १९८९ लाई नेपालले अनुमोदन गरेपश्चात उक्त महासन्धिमार्फत सृजना भएको दायित्वलाई व्यावहारिक रुपमा कार्यान्वयन गर्नको लागि तत्कालीन समयमा जारी भएको बालबालिका सम्बन्धी ऐन, २०४८ र बाल न्याय (कार्यविधि) नियमावली, २०६३ लाई विस्थापित गर्दै जारी भएको क्रमशः बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ ले बाल प्रोवेशन तथा बाल प्रोवेशन अधिकारीसम्बन्धी व्यवस्थासमेत गरेको पाइन्छ। नेपालको बाल न्याय प्रणालीमा बाल प्रोवेशन तथा बाल प्रोवेशन अधिकारीसम्बन्धी व्यवस्था नेपाल पक्ष राष्ट्र भएका विभिन्न बाल न्याय प्रशासन र बालअधिकारहरुसँग प्रत्यक्ष सम्बन्ध राख्ने विभिन्न संयुक्त राष्ट्र संघीय दस्तावेजहरुबाट प्राप्त प्रेरणाको परिणाम हो।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७९ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ४३ मा उल्लेख भएको प्रोवेशन अधिकारी तथा प्रोवेशन अधिकारीको काम, कर्तव्य र अधिकार नेपालको बाल न्याय प्रणालीमा एउटा नवीनतम व्यवस्था भएकोले यसको प्रयोग तथा अभ्यासको सन्दर्भमा अध्ययन अनुसन्धान गर्नु आवश्यक थियो। प्रस्तुत अनुसन्धान युनिसेफ नेपालसँगको सहकार्यमा भएको थियो। विभिन्न सीमितताभित्र रहेर सम्पन्न गरिएको प्रस्तुत अनुसन्धान विशेष गरी बाल प्रोवेशन अधिकारीको काम, कर्तव्य र अधिकार कार्यान्वयनको अवस्था र कार्यान्वयन गर्दा सामना गर्नु परेको चुनौतीहरुमा केन्द्रित रहेको छ। साथै अनुसन्धानमा बाल प्रोवेशन अधिकारी तथा बाल बाल प्रोबेशन अधिकारीसम्बन्धी विभिन्न आयामहरुमा अवधारणागत तथा सैद्धान्तिक पक्षको पनि उल्लेख गरिएको छ। यसले बाल प्रोवेशनको क्षेत्रमा अध्ययन सामग्रीको रुपमा रहन सक्छ।

अन्त्यमा, यस अनुसन्धानलाई प्रकाशनयोग्य बनाउनको लागि मार्ग निर्देशनसहित सल्लाह सुझाव दिनु हुने प्रतिष्ठानका तत्कालीन माननीय कार्यकारी निर्देशक श्री वैद्यनाथ उपाध्याय तथा प्रतिवेदनको समीक्षा गरी सुझाव दिनुहुने प्रतिष्ठानका फ्याकल्टी माननीय न्यायाधीश श्री श्यामकुमार भट्टराई प्रति आभार व्यक्त गर्दछौ। साथै यस प्रतिवेदनमा रचनात्मक सल्लाह सुझाव दिनु हुने प्रतिष्ठानका तत्कालीन अनुसन्धान अधिकृत श्री रेणु घिमिरे तथा लेआउट डिजाइनको लागि प्रकाशन सहायक श्री प्रतिभा राईलाई धन्यवाद ज्ञापन गर्दछौं। त्यसैगरी प्रतिष्ठानका सम्पूर्ण कर्मचारीहरुप्रति पनि आभारी छौं।

**अनुसन्धान समूह**
असार, २०८३

# विषयसूची



| | | पृष्ठ नं. |
|---|---|---|
| **परिच्छेद एक<br>परिचय** | | |
| १.१ | अनुसन्धानको पृष्ठभूमि | १ |
| १.२ | अनुसन्धान प्रश्न | २ |
| १.३ | अनुसन्धानको उद्देश्य | ३ |
| १.४ | अनुसन्धानको आवश्यकता | ३ |
| १.५ | अनुसन्धानको सीमांकन र सीमा | ३ |
| १.६ | अनुसन्धानको संरचना | ४ |
| **परिच्छेद दुई<br>पूर्व अध्ययनको समीक्षा** | | |
| २.१ | फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ कारागारको वैकल्पिक व्यवस्था | ५ |
| २.२ | सुधारमूलक दण्ड प्रणालीका रुपमा प्यारोल | ६ |
| २.३ | वर्तमान दण्ड नीति र त्यसले थपेका चुनौतीहरु | ६ |
| २.४ | दण्डको सुधारात्मक व्यवस्थाको रुपमा प्रोवेशन प्रणाली | ७ |
| २.५ | अनुसन्धान अन्तराल (Research Gap) | ८ |
| **परिच्छेद तीन<br>अनुसन्धान पद्धति** | | |
| ३.१ | अनुसन्धानको ढाँचा | ९ |
| ३.२ | नमुना छनौट ढाँचा | ९ |
| ३.३ | तथ्याङ्क सङ्कलन | ९ |

| | | |
|---|---|---|
| ३.४ | तथ्याङ्कको प्रशोधन, प्रस्तुतीकरण, विवेचना र विश्लेषण | १० |
| ३.५ | अनुसन्धानको लागि लागेको समयावधि र स्रोत | १० |
| ३.६ | अनुसन्धानको भाषा | १० |
| **परिच्छेद चार**<br>**बाल प्रोवेशन अधिकारी सम्बन्धी अवधारणागत पक्ष** | | |
| ४.१ | पृष्ठभूमि | ११ |
| ४.२ | बाल प्रोवेशन | ११ |
| ४.३ | बाल प्रोवेशनका सिद्धान्तहरु | १६ |
| ४.४ | बाल प्रोवेशन र वयस्क प्रोवेशन बीचको भिन्नता | १८ |
| ४.५ | बाल प्रोवेशनका प्रकार | २० |
| ४.६ | बाल प्रोवेशन अधिकारी | २२ |
| ४.७ | बाल प्रोवेशन अधिकारीको जिम्मेवारी | २६ |
| ४.८ | प्रोवेशन अधिकारीमा हुनुपर्ने आधारभूत सीपहरू | २६ |
| ४.९ | बाल प्रोवेशन अधिकारी सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास | २७ |
| **परिच्छेद पाँच**<br>**नेपालको बाल न्याय प्रणालीमा प्रोवेशन अधिकारी सम्बन्धी व्यवस्था** | | |
| ५.१ | पृष्ठभूमि | ३३ |
| ५.२ | नेपालको बाल न्याय प्रणालीमा प्रोवेशन अधिकारी | ३३ |
| ५.३ | प्रोवेशन अधिकारी सम्बन्धी राष्ट्रिय कानूनी व्यवस्था | ३७ |

| परिच्छेद छ<br>तथ्याङ्कको प्रस्तुतीकरण, विवेचना र विश्लेषण | | |
|---|---|---|
| ६.१ | बाल न्याय सम्पादनमा प्रोवेशन अधिकारीको काम, कर्तव्य र अधिकारको सन्दर्भमा भएको कानूनी व्यवस्था तथा प्रक्रियाका बारेमा जानकारीको अवस्था | ४० |
| ६.२ | बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ लागू भएपश्चात प्रोवेशन अधिकारीको काम तथा जिम्मेवारी सम्बन्धी प्रशिक्षण/तालिममा सहभागी हुनु भएको अवस्था | ४१ |
| ६.३ | बाल न्याय सम्पादनको सन्दर्भमा कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाको अनुसन्धान, निगरानी कक्षको निरीक्षण, दिशान्तर, अदालतको आदेशको कार्यान्वयनको स्थितिबारे प्रतिवेदन तयार गरी सम्बन्धित अदालतमा प्रतिवेदन पेश गर्नु भएको अवस्था | ४१ |
| ६.४ | बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भए अनुसार दिशान्तरको क्रममा दिशान्तर गर्ने अनुसन्धान अधिकारी, सरकारी वकील वा अदालतले दिशान्तर गराएको बालबालिकाले दिशान्तरको क्रममा भएको आदेशको पालना गरेको नगरेको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्नु भएको अवस्था | ४४ |
| ६.५ | बालबालिका सम्बन्धी ऐन,२०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार अनुसन्धान अधिकारी, सरकारी वकील वा अदालतबाट दिशान्तर गराएको बालबालिकाको मुद्दामा प्रतिवेदन पेश गर्नु भएको अवस्था | ४५ |
| ६.६ | बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार अनुसन्धान अधिकारी, सरकारी वकील वा अदालतबाट दिशान्तर गराएको बालबालिकाको मुद्दामा प्रतिवेदन पेश नगर्नु वा पेश गर्न नसक्नु भएको कारणहरूको अवस्था | ४५ |
| ६.७ | बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार सुधार गृह तथा अन्य सङ्घ संस्थामा राखिएका बालबालिकाको स्थितिबारे अध्ययन गरी बाल अदालतलाई आवश्यक प्रतिवेदन पेश गर्नु भएको अवस्था | ४६ |

| | | |
|---|---|---|
| ६.८ | बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार बाल अदालत/इजलासले दिएका आदेशहरूको कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन गरी बाल अदालत/इजलासलाई आवश्यक प्रतिवेदन पेश गर्नु भएको अवस्था | ४८ |
| ६.९ | बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार बालबालिकालाई परिवार तथा समुदायमा पुनर्स्थापना गर्न सहयोग गर्नु भएको अवस्था | ४९ |
| ६.१० | बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार बाल अदालत/इजलासले प्रोवेशनमा रहने गरी तोकेका बालबालिकाहरूको सुपरिवेक्षण गर्नु भएको अवस्था | ४९ |
| ६.११ | प्रोवेशन अधिकारीको रूपमा कसूरजन्य कार्यमा संलग्न बालबालिका वा पीडितको सन्दर्भमा प्रतिवेदन तयारीको क्रममा कानूनी व्यवस्था, व्यवहारिकता, स्रोत तथा साधन सम्बन्धी कुनै सुधार तथा व्यवस्थाको आवश्यकता महसुस गर्नु भएको बुँदाहरुको अवस्था | ५१ |
| ६.१२ | प्रोवेशन अधिकारीको रूपमा बाल न्यायसँग सम्बन्धित काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाको कार्यान्वयनको क्रममा कुनै समस्या तथा चुनौतीको महसुस गर्न भएको अवस्था | ५२ |
| ६.१३ | प्रश्नावलीमा उल्लेखित कुराहरू बाहेक केही थप बुँदाहरू | ५३ |
| **परिच्छेद सात**<br>**अध्ययनबाट प्राप्त नतिजा, निष्कर्ष र सुझाव** | | |
| ७.१ | नतिजा | ५४ |
| ७.२ | निष्कर्ष | ५६ |
| ७.३ | सुझाव | ५७ |
| **परिशिष्ट** | | |
| परिशिष्ट १ | बाल न्याय सम्पादनको सन्दर्भमा प्रोवेशन अधिकारीको काम, कर्तव्य र अधिकारीको प्रयोग तथा कार्यान्वयनको सन्दर्भमा अध्ययन गर्न तयार गरिएको प्रश्नावली | ६० |
| परिशिष्ट २ | प्रश्नावली फाराम भर्ने तहसिलदारहरू कार्यरत जिल्ला अदालतको नाम | ६८ |
| **सन्दर्भ सूची** | | ६९ |

# परिच्छेद - एक

# परिचय

## १.१ अनुसन्धानको पृष्ठभूमि

शारीरिक तथा मानसिक अपरिपक्वताको कारणले बालबालिकालाई जन्मनुअघि र जन्मेपछि पनि विशेष हेरचाह र स्याहारका साथै उचित कानूनी संरक्षणको आवश्यकता पर्दछ।[१] किनकि व्यक्ति जन्मेपछि निश्चित उमेरको अवधिसम्म शारीरिक तथा मानसिक रुपमा परिपक्व भई सकेका हुँदैनन्। शारीरिक, मानसिक र सामाजिक परिवेशको सन्दर्भमा बालबालिकाहरु वयस्क मानिसको तुलनामा भिन्न हुन्छन्। बालबालिकाहरु स्वभावजन्य कारणले जानी वा नजानी कानूनसँग विवादमा पर्ने गर्दछन्। यही भिन्नताको आधारमा न्यायिक प्रक्रियामा पनि वयस्क व्यक्तिलाई गरिने व्यवहारभन्दा फरक ढंगले बालबालिकाहरुलाई व्यवहार गरिनुपर्दछ भन्ने मान्यताको विकास विश्व परिवेशमा विशेषतः युरोपमा १८ औं शताब्दीको मध्यतिर नै भएको थियो।[२]

बालबालिकाहरुले आपराधिक मनसाय विना कुनै पनि प्रकारले प्रभावमा परी वा ज्ञानको अभावमा प्रचलित फौजदारी कानूनको उल्लङ्घन हुन पुगेको हुन्छ। कतिपय कानूनको विवादमा पर्ने बालबालिका मूलतः पारिवारिक तथा सामाजिक हेला र  तिरस्कार, पोषणको अभाव र आर्थिक कठिनाइबाट आफैं पीडित भएका पनि हुन सक्दछ। त्यसैले बालबालिकालाई संरक्षण दिने, गल्ती सच्याउने र समाजप्रति जिम्मेवार बनाउँदै कानूनको पालना गराउनका लागि सुधारात्मक उपाय अपनाउनु आवश्यक पर्दछ। विश्वका प्रायः सबै देशले बालबालिकाहरुको हकमा सुधारात्मक उपचारको पद्धति अवलम्बन गर्ने गरेको पाइन्छ।[३] बाल अधिकार र बाल न्यायलाई मार्गदर्शन गर्ने अन्तर्राष्ट्रिय कानूनको रुपमा रहेको बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को पक्ष राष्ट्र भएको नाताले नेपालमा पनि बाल न्यायको क्षेत्रमा उल्लेखनीय रुपमा सुधारात्मक र उपचारात्मक व्यवस्थालाई स्थान दिएको पाइन्छ।

परम्परागत दण्ड व्यवस्थालाई पुनरावलोकन गर्दै फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले सुधारात्मक दण्ड व्यवस्थाको रुपमा कैद सजाय निलम्बन गर्न सकिने[४], सुधार गृहमा पठाउन सकिने[५], पुनर्स्थापना केन्द्रमा पठाउन सकिने[६], सप्ताहको अन्तिम दिन वा रात्रीकालीन समयमा

---

[१] बाल अधिकारसम्बन्धी  महासन्धि,१९८९, प्रस्तावना।

[२] मानवअधिकारसम्बन्धी स्रोत सामाग्री ३५३, राष्ट्रिय न्यायिक प्रतिष्ठान, रामशाहपथ, काठमाण्डौ नेपाल, २०६६ मा गरिएको , Clemens Bartollas, *Juvenile Delinquency* (Allyand Bacon), p. 3.

[३] करुणा थपलिया, *बाल न्यायः नेपालको कानूनी व्यवस्थाको सन्दर्भमा संक्षिप्त विश्लेषण,* अंक १, वर्ष ९, प्रतिपादन ३५८ (संजीव राईसमेत द्वारा सम्पादित) राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, २०७९।

[४] फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४, दफा २४।

[५] ऐजन, दफा २५।

[६] ऐजन, दफा २६।

मात्र कारागरमा बसी कैद भुक्तान गर्न सकिने[७], खुल्ला कारगारमा राख्न सकिने[८], प्यारोलमा राख्न सकिने[९], सामाजिकीकरण गराउनु पर्ने[१०], कैद वापत शारीरिक श्रममा लगाउन सकिने[११], कारागार बाहिर जान दिन सकिने,[१२] सुधारात्मक कार्यक्रम सञ्चालन गर्नुपर्ने[१३] जस्ता नवीन व्यवस्थाहरुलाई कार्यान्वयनमा ल्याएको छ। यसरी सुधारात्मक दण्डलाई स्थापित गर्दै अगाडि बढिरहेको फौजदारी न्यायप्रणालीसँगै बाल न्यायको सन्दर्भमा पनि बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा विशेष गरी दिशान्तर, सजाय स्थगन, पुनर्स्थापकीय न्याय, प्रोवेशन तथा प्रोवेशन अधिकरीसम्बन्धी भएका व्यवस्थाहरुलाई बृहत्तर सुधारात्मक दण्ड व्यवस्थाको रुपमा बुझ्न सकिन्छ। प्रोवेशन अधिकारीसम्बन्धी व्यवस्था बाल न्याय प्रणालीको विशिष्टीकृत र नवीन व्यवस्था भएको हुँदा यसको प्रयोग तथा कार्यान्वयनमा धेरै समस्या तथा चुनौतीहरु आउन सक्दछ।

अतः प्रस्तुत अध्ययन जिल्ला अदालतका तहसिलदार तथा श्रेस्तेदारले[१४] बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७९(१) मा व्यवस्था भएअनुसार प्रोवेशन अधिकारीको रुपमा बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ४३ मा उल्लेख गरिएको बाल न्यायसँग सम्बन्धीत काम, कर्तव्य र अधिकारलाई कार्यान्वयन गर्दा अनूभूति गरेका समस्या तथा चुनौतीहरुको पहिचान गरि सुधारका उपायहरू प्रस्तुत गर्ने विषयमा केन्द्रित रहेको छ।

### १.२ अनुसन्धान प्रश्न

प्रस्तुत अनुसन्धानको अनुसन्धान प्रश्न देहायअनुसार रहेका छन्;

१. बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ४३ मा व्यवस्था भएको प्रोवेशन अधिकारीको बाल न्यायसँग सम्बन्धी काम, कर्तव्य र अधिकारको प्रयोग तथा कार्यान्वयनको अवस्था कस्तो छ ?

२. प्रोवेशन अधिकारीको बाल न्यायसँग सम्बन्धी काम, कर्तव्य र अधिकारको प्रयोग तथा कार्यान्वयनको सन्दर्भमा प्रोवेशन अधिकारीको रुपमा कार्यरत तहसिलदार तथा श्रेस्तेदारले

---

[७] ऐजन, दफा २७।
[८] ऐजन, दफा २८।
[९] ऐजन, दफा २९।
[१०] ऐजन, दफा ३०।
[११] ऐजन, दफा ३१।
[१२] ऐजन, दफा ३२।
[१३] ऐजन, दफा ३३।
[१४] खण्ड ६९, संख्या ४९, नेपाल राजपत्र, भाग ५, मिति २०७६।१२।३।

अनुभूति गर्नु परेका समस्या तथा चुनौतीहरू कस्ता छन् ? ती समस्या र चुनौतीलाई कसरी सम्बोधन गर्न सकिन्छ?

## १.३ अनुसन्धानको उद्देश्य

प्रस्तुत अनुसन्धानको देहाय अनुसारको उद्देश्यहरु रहेका छन्;

१. बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ४३ मा व्यवस्था भएको प्रोवेशन अधिकारीको बाल न्यायसँग सम्बन्धीत काम, कर्तव्य र अधिकारको प्रयोग तथा कार्यान्वयनको अवस्थाको सन्दर्भमा प्राप्त तथ्याङ्कको प्रस्तुतीकरण, विवेचना र विश्लेषण गर्नु,
२. प्रोवेशन अधिकारीको रुपमा कार्यरत तहसिलदार तथा श्रेस्तेदारले अनुभूति गर्नु परेका समस्या तथा चुनौतीहरू पहिचान गरी समाधानका उपायहरु प्रस्ताव गर्नु।

## १.४ अनुसन्धानको आवश्यकता र महत्व

बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रबर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्नको लागि[१५] बालबालिका सम्बन्धी ऐन, २०४८ लाई प्रतिस्थापन जारी गरिएको बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा भएको प्रोवेशन अधिकारी सम्बन्धी व्यवस्थाको प्रयोग तथा यसको कार्यान्वयनको क्रममा देखिएका समस्या तथा चुनौतीहरुको सम्बन्धमा हालसम्म अध्ययन भएको पाइँदैन। सोही आवश्यकताको परिपूर्तिका लागि प्रस्तुत अध्ययन गरिएको हो। अतः प्रस्तुत अध्ययन तथा अनुसन्धान बाल न्याय सम्पादन कार्यमा संलग्न न्यायाधीश, अभियोजनकर्ता, कसूरजन्य कार्यको अनुसन्धानमा संलग्न अनुसन्धान अधिकारी, कानून व्यवसायी, कानूनका विद्यार्थी, नीतिगत तहमा काम गर्ने अधिकारी तथा कानून र न्यायका क्षेत्रमा सम्बद्ध सरोकारवालाहरूको लागि उपयोगी हुन सक्छ।

## १.५ अनुसन्धानको सीमांकन र सीमा

प्रस्तुत अनुसन्धान बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७९ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ४३ मा भएको व्यवस्थाको कार्यान्वयनको अवस्था र सो व्यवस्था कार्यान्वयन गर्दा बाल प्रोवेशन अधिकारीको रुपमा जिल्ला अदालतमा कार्यरत तहसिलदार तथा श्रेस्तेदारहरुले अनुभूति गर्नु भएको समस्या तथा चुनौतीको पहिचान गरी समाधानका उपायहरु पहिल्याउने विषयमा मात्र सीमित रहेको छ। बाल न्याय प्रणालीका अन्य विषयहरू प्रस्तुत अनुसन्धानमा समेटिएको छैन।

[१५] बालबालिका सम्बन्धी ऐन, २०७५, प्रस्तावना।

यस अनुसन्धानको लागि भौगोलिक कठिनाई, स्रोत तथा समयको सीमितताले स्थलगत रुपमा ७७ वटा जिल्ला अदालतहरुमध्ये काठमाण्डौ उपत्यकामा अवस्थित भक्तपुर जिल्ला अदालत लगायत हिमाल, पहाड, भित्री मधेश र तराईको प्रतिनिधित्व हुने गरी[१६] क्रमशः मुगु, कास्की, चितवन र धनुषा जिल्ला अदालतमा मात्र प्रोवेशन अधिकारीको रुपमा कार्यरत तहसिलदारहरुसँग अनुसन्धानकर्ता आफैले प्रत्यक्ष रुपमा प्रश्न सोधेर र बाँकी जिल्लाहरुमा कार्यरत प्रोवेशन अधिकारहरुसँग e-mail को माध्यमबाट मिश्रित प्रश्नावली पठाई प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ। अनुसन्धानको जनसंख्या (Universe/Population) ७७ जना प्रोवेशन अधिकारीको रुपमा कार्यरत तहसिलदारहरु रहेकोमा विवेकसम्मत रुपमा चयन गरिएका २९ जिल्लाका प्रोवेशन अधिकारीहरूसँग लिइएको प्रश्नावलीबाट जानकारी संकलन गरिएको छ।

पूर्व अध्ययनको समीक्षाको क्रममा बाल प्रोवेशन अधिकारी तथा बाल प्रोवेशन अधिकारीको काम, कर्तव्य र अधिकारसम्बन्धी विषयसँग प्रत्यक्ष रुपमा सम्बन्धीत पूर्व प्रकाशित पुस्तक, अध्ययन तथा अनुसन्धान, अध्ययन प्रतिवेदन, अनुसन्धानमूलक लेख तथा रचनाहरुको पर्याप्त मात्रामा उपलब्ध नभएकोले विद्युतीय संचार माध्यम, अध्ययन स्रोत सामग्री र कानून प्रत्रिकाहरुमा प्रकाशित भएका सीमित लेख र रचनालाई मात्र पूर्वाध्ययन तथा पूर्व कार्यको रुपमा समीक्षा गरिएको छ।

## १.६ अनुसन्धानको संरचना

प्रस्तुत अध्ययन प्रतिवेदनलाई छ वटा परिच्छेदहरुमा विभक्त गरिएको छः

परिच्छेद-एकमा अनुसन्धानको परिचय, अनुसन्धानको आवश्यकता, अनुसन्धानको उद्देश्य, अनुसन्धानको सीमांकन तथा सीमा र अनुसन्धानको संरचना समावेश गरिएको छ। परिच्छेद- दुईमा पूर्व अध्ययनको समीक्षा र अनुसन्धान अन्तराल (Research Gap) लाई समावेश गरिएको छ। परिच्छेद- तीनमा अनुसन्धान विधिका बारेमा उल्लेख गरिएको छ। परिच्छेद-चारमा प्रोवेशन तथा प्रोवेशन अधिकारीसम्बन्धी अवधारणागत पक्ष, संयुक्त राष्ट्र संघीय व्यवस्था, अन्य मुलुक र नेपालको कानूनी व्यवस्था समावेश गरिएको छ। परिच्छेद-पाँचमा सङ्कलन गरिएको तथ्याङ्क तथा सूचनाहरुको प्रस्तुतीकरण, विवेचना र विश्लेषण गरिएको छ। अन्तिम परिच्छेदमा अध्ययनबाट प्राप्त नतिजा, निष्कर्ष र सुझाव समावेश गरिएको छ। त्यसपछि परिशिष्ट तथा सन्दर्भ सामग्रीहरू समावेश गरिएको छ।

[१६] स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अनुसूची १क।

# परिच्छेद - दुई

# पूर्व अध्ययनको समीक्षा

प्रोवेशन अधिकारी सम्बन्धी व्यवस्था बालबलिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा स्पष्ट व्यवस्था गरिएको छ। यो व्यवस्था बाल न्यायको क्षेत्रमा नवीनतम व्यवस्था भए तापनि यो प्रचलनमा आएको पाँच वर्ष भइसकेको छ। तर पनि हालसम्म यस विषयमा पर्याप्त अध्ययन तथा अनुसन्धान भएको पाइँदैन। यद्यपि प्रस्तुत अध्ययनको सन्दर्भमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सम्बन्धीत हुन सक्ने विद्युतीय माध्यमबाट उपलब्ध भएसम्मका पूर्वाध्ययन सामग्री तथा कार्यहरुको रुपमा राष्ट्रिय स्तरमा प्रकाशित विभिन्न अनुसन्धानमूलक लेख र रचनाहरुलाई देहायका अनुसार संक्षिप्त रुपमा समीक्षा गर्नुका साथै उक्त समीक्षाबाट प्राप्त निष्कर्षको आधारमा अनुसन्धान अन्तराल पहिचान गरिएको छ।

## २.१ फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा कारागारको वैकल्पिक व्यवस्था[१७]

प्रस्तुत लेख महेश शर्मा पौडेलद्वारा लिखित लयर्स फोरम नेपालबाट प्रकाशित त्रैमासिक भर्डिक्टमा प्रकाशित भएको लेख हो। यस लेखमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले सम्बोधन गरेका कारागारको वैकल्पिक व्यवस्थाको सन्दर्भमा चर्चा गरिएको छ। कैद दण्ड लागेका कसूरदारलाई कारागारमा नै राखेर कैद सजाय भुक्तान गराउनुको सट्टा विभिन्न वैकल्पिक उपायहरु अबलम्बन गरी कसूरदारलाई सामाजिकीकरण गर्ने सुधारात्मक व्यवस्था अपनाउनुका साथै कारागार व्यवस्थापन र दण्ड सुधारलाई मानवअधिकारसँग अन्तरसम्बन्धीत गर्न थालिएको चर्चा यस लेखमा गरिएको छ। कसूरदारलाई कारागारमा राखेर मात्रै निजलाई सुधार गर्न सकिन्छ भन्ने पुरातनवादी मान्यताहरुमा परिवर्तन आएको, कसूरदारलाई कैद दण्ड कारागारको माध्यमबाट मात्र कार्यान्वयन नगरी कारागारका विकल्पहरु पहिचान गरी तदनुरुप कानूनको सुधार प्राय हुन थालेका जस्ता विषयहरुको पनि यस लेखमा उल्लेख गरिएको छ। विशेष गरी यस ऐनमा कारागारको विकल्पको रुपमा समावेश गरिएका प्रोवेशन, प्यारोल, सामुदायिक सेवा, खुला कारागार, कैदबापत श्रममा लगाउन सकिने, सप्ताहान्त वा रात्रीकालीन रुपमा कारागारमा बसी कैद भुक्तान गर्न सकिने, अस्पताल वा यस्तै अन्य स्थानमा राख्नुपर्ने व्यवस्थाहरुको सम्बन्धमा चर्चा गरिएको छ। यस लेखको अन्त्यमा दण्ड प्रणालीमा सामयिक रुपमा सुधार र कसूरदारको सामाजिकीकरण पनि अति महत्वपूर्ण र आवश्यक विषय भएको कुरा उल्लेख गर्दै अभ्यस्त प्रणालीबाट नवीनतम प्रणालीमा प्रवेश गर्दा

---

[१७] महेश शर्मा पौडेल, *फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ मा कारागारको वैकल्पिक व्यवस्था,* लयर्स फोरम नेपाल, हेर्नुहोस्, https://lawyersforumnepal.com/verdict/index.php/verdict/article/view/ १२०/१३०।, हेरिएको मितिः २०८०।७।२०।

अदालत, कारागार व्यवस्थापन र न्याय प्रणालीका सबै सरोकारवालाहरुको दृष्टिकोण अर्थात माइन्डसेट परिवर्तन हुनुपर्ने, यी व्यवस्थाहरुसँग सबै सरोकारवालाहरुलाई परिचित गराउने, कार्यसम्पादन गर्न सक्षम बनाउन तालिम प्रदान गर्ने, आवश्यक भौतिक पूर्वाधार तथा नियम र निर्देशिका तर्जुमा गर्ने जस्ता कार्य अविलम्ब थालिन गर्न सुझाव दिएको छ।

## २.२ सुधारमूलक दण्ड प्रणालीका रुपमा प्यारोल[१८]

प्रस्तुत लेख नागरिक दैनिकमा प्रकाशित भएको हो । संहिता लागू नहुँदै प्रकाशित यस  लेखमा मुलुकी अपराध (संहिता) ऐन, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ लागू भएपछि मुलुकले हालसम्म अपनाई आएको परम्परागत कार्य प्रणालीमा आमूल परिवर्तन हुनुका साथै सुधारमूलक दण्ड व्यवस्थामा आधारित नवीन प्रणालीको सुत्रपात हुने कुरामा आशा तथा उत्साह देखिनुका साथै प्यारोल, प्रोवेशन, निलम्वित सजाय, कैदीलाई सार्वजनिक काममा लगाउने, खुला कारागार, सामुदायिक सेवा आदिलाई सुधारमूलक दण्ड प्रणालीको रुपमा चर्चा गरिएको छ। प्राचीन समयमा दण्ड सजाय दिंदा अपराधीलाई नहेरी उसले गरेको अपराधलाई मात्र हेरिन्थ्यो। तर हाल यो आधुनिक समाजमा अपराध मात्र नभई अपराधीलाई पनि हेर्ने प्रचलन बढेको कुरा यस लेखमा उल्लेख गरिएको छ। कुनै पनि व्यक्ति जन्मँदै अपराधी हुने नभई सामाजिक वातावरणको प्रभावले अपराधी हुने हुँदा यस्ता व्यक्ति सामाजिक रोगीको रुपमा बुझ्नु पर्छ भन्ने कुरामा यस लेखले जोड दिएको छ। अपराधीको बानी बेहोरा, अनुशासन, आचरण लगायत कुरामा परिवर्तन गरी समाजमा फर्काउनु तथा सामाजिक जीवनमा घुलमिल गराउँदा पनि दण्डको उद्देश्य पूरा हुन्छ भन्ने कुराको चर्चा गर्दै अपराधीलाई समाजमा पुनःसमाजिकीकरण गर्ने केही उपायहरुमध्ये कैद दण्ड प्रणालीका नव विकसित विकल्प प्रणालीको रुपमा प्यारोलको सन्दर्भमा बृहत जानकारी यस लेखमा दिएको पाइन्छ।

## २.३ वर्तमान दण्ड नीति र त्यसले थपेका चुनौतीहरू[१९]

प्रस्तुत लेख प्र. माधवप्रसाद आचार्यद्वारा लिखित देश सञ्चारमा प्रकाशित लेख हो। यस लेखमा मुलुकी ऐन खारेज भएपछि लागू भएका मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लाई फौजदारी कसूर निर्धारणका परिप्रेक्ष्यमा उल्लेखनीय विषयवस्तु भएको उल्लेख गरिएको छ। साविक मुलुकी ऐनमा भएको दण्ड सजायको महल प्रतिकात्मक, हतोत्सात्मक र  निरोधात्मक सिद्धान्तमा आधारित रहेको थियो र अब बनेको नयाँ ऐनहरुले दण्ड व्यवस्थाहरुलाई सुधार प्रधान दण्ड व्यवस्थामा रुपान्तरित गर्न

---

[१८] *सुधारमूलक दण्ड प्रणालीका रुपमा प्यारोल,* नागरिक दैनिक, हेर्नुहोस्:https://nagariknews.nagariknetwork.com/opinion/156576-1533869340.html?click_from=trending¸हेरिएको मितिः २०८०।७।२८।

[१९] प्रा. माधव प्रसाद आचार्य, देश सञ्चार, *वर्तमान दण्ड नीति र त्यसले थपेका चुनौतीहरु,* देश सञ्चार (कार्तिक २८.२०८०), हेर्नुहोस्: https://deshsanchar.com/2019/06/17/210591/, हेरिएको मितिः २०८१।१।६।

खोजेको हुँदा सुधारात्मक दण्ड व्यवस्थाको सुत्रपात गरी वि.स. २०७४ मा नयाँ इतिहास रचिएको कुरा यस लेखमा चर्चा गरिएको छ। मुलुकी ऐनले कैद र जरिवानालाई दण्डको मुख्य स्वरुप मानेको थियो भने फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा समावेश भएका कैद र जरिवानाको अतिरिक्त प्यारोल, प्रोवेशन निलम्बित सजाय, सप्ताहान्तमा मात्र कैद बस्ने, खुल्ला कारागारमा स्थान्तरित हुन सक्ने, सामुदायिक सेवामा लगाउन सकिने र किस्ताबन्दीमा जरिवाना तिर्न सकिने व्यवस्थाहरुले दण्डमा विविधिकरण भएको कुरालाई यस लेखमा उजागर गरेको छ। त्यसैगरी समग्रमा नेपालको दण्ड प्रणाली सुधारमूलक र पहिलेको भन्दा पृथक र नौलो भएको हुँदा यी व्यवस्थाहरुले सरकार, अदालत, अभियोजन र कानून व्यावसायीमाथि पनि चुनौती थपी दिएको अवस्थालाई बृहत रुपमा विश्लेषण गर्दै मुलुकी ऐनले स्थापना गरेको पुरानो परम्परागत शैलीलाई छोडेर आधुनिक युगले स्वीकार गरेको सुधारमूलक न्याय प्रणालीतर्फ अग्रसर भइसकेको हुँदा सम्बद्ध क्षेत्रमका सबै व्यक्तिले आ-आफ्ना स्थानमा रही आ-आफ्ना कमी कमजोरीलाई पहिचान गरी त्यसमा सुधार गर्न जमर्को लिनु पर्ने सल्लाह पनि यस लेखमा पाइन्छ।

## २.४ दण्डको सुधारात्मक व्यवस्थाको रुपमा प्रोवेशन प्रणाली[२०]

प्रस्तुत लेख शिव वाग्लेद्वारा लिखित र नेपाल कानून परिचर्चामा प्रकाशित लेख हो। यस लेखमा सुधारात्मक प्रणाली अन्तर्गत प्रोवेशन प्रणालीको सम्बन्धमा सामान्य विवेचना गरिएको पाइन्छ। दण्ड प्रणालीको सुधारसँगै पीडितको हकहितलाई समेत समुचित सम्बोधन गरी पीडित, कसूरदार र समुदायबीचको सन्तुलन पुनर्स्थापना गर्नुपर्ने आवश्यकता रहेको र यस प्रकारको सन्तुलनबिना दिगो रुपमा शान्ति कायम गरी अपराध नियन्त्रण गर्ने उद्देश्य सफल हुन सक्दैन भन्ने कुरालाई यस लेखमा चर्चा गरिएको छ। नेपालको कारागार र बालसुधार गृहहरुमा क्षमताभन्दा धेरै नै बढी कैदी तथा कानूनको विवादमा परेका बालबालिकाहरु रहेका हुनाले कारागार र बाल सुधार गृहहरुको चाप घटाउन तथा सुधारात्मक सजाय प्रणालीको अवलम्बन गराउन पनि प्रोवेशन प्रणालीलाई लागू गराउनु पर्ने महत्वपूर्ण तथा समय सापेक्ष सुझाव यस लेखमा समवेश गरिएको छ। त्यसैगरी प्रोवेशन प्रणालीको कार्यान्वयनको लागि सरोकारवाला निकायहरु सक्रिय हुनुपर्ने, यथाशीध्र छुट्टै नीति तथा कार्यविधिको निर्माण गरिनुपर्ने, प्रोवेशनमा रहने कसूरदारहरु समुदायमा नै रहने हुँदा निजहरुको सामाजिकीकरणका लागि स्थानीय तह एवम् स्थानीय स्तरमा रहेका विभिन्न संघ सङ्गठनहरु बीच सहकार्य अत्यन्तै बाञ्छनीय रहेको निष्कर्ष यस लेखको रहेको पाइन्छ।

---

[२०] शिव वाग्ले, *दण्डको सुधारात्मक व्यवस्थाको रुपमा प्रोवेशन प्रणाली,* ६६८-६८५, नेपाल कानून परिचर्चा, अङ्क ३, नेपाल ल क्याम्पस, कानून सकाय, त्रिभुवन विश्वविद्यालय, प्रदर्शनीमार्ग, काठमाडौं, २०७८ ।

## २.५ अनुसन्धान अन्तराल (Research Gap)

प्रस्तुत अनुसन्धानमूलक लेख र रचनाहरु विशेष गरी कारागारको विकल्पको रुपमा प्रचलनमा आएको प्रोवेशन, प्यारोल र सामुदायिक सेवा आदि जस्ता सुधारात्मक व्यवस्थाको प्रयोग गरी कसूरदारलाई पुनःसामाजिकरण गर्नुपर्ने, कसूरदारलाई पुनः सामाजिकीकरण गर्ने उपायको रुपमा प्यारोल तथा प्रोवेशन आदिलाई उल्लेख गरिएको, मुलुकी ऐनमा व्यवस्था भएको दण्ड प्रणालीलाई विस्थापित गर्दै सुधारमूलक दण्ड प्रणालीतर्फ अग्रसर भएको हुँदा सरोकारवालाहरुले आ-आफ्नो कमी कमजोरी पहिचान गर्नुपर्ने र नेपालको कारागार र बालसुधार गृहमा क्षमताभन्दा अत्यधिक संख्यामा कैदी र बालबालिकाहरु रहेको हुँदा कारागार र बालसुधार गृहको चाप न्यूनीकरण गर्न र उनीहरुको सुधार गर्नको लागि प्रोवेशन प्रणालीको कार्यान्वयनको लागि सरोकारवाला निकायहरु सक्रिय हुनुपर्ने जस्ता विषयवस्तुहरुमा केन्द्रित रहेको पाइन्छ। तर उल्लेखित लेख र रचनाहरुले बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएको बाल प्रोवेशन अधिकारी तथा बाल प्रोवेशन अधिकारीको काम, कर्तव्य र अधिकारको कार्यान्वयन र यसको समस्या तथा चुनौतीहरुलाई सम्बोधन गरेको पाइँदैन। त्यसैले प्रस्तुत अध्ययन तथा अनुसन्धान अन्तराललले बाल प्रोवेशन अधिकारी तथा बाल प्रोवेशन अधिकारीको रुपमा कार्यरत तहसिलदार तथा श्रेस्तेदारहरुले प्रोवेशन अधिकारीको काम, कर्तव्य र अधिकारको गर्नुको भएको कार्यान्वयनको अवस्था र कार्यान्वयनको क्रममा अनुभूति गर्नु भएको समस्या तथा चुनौतीहरुको सन्दर्भमा बृहत् अध्ययन तथा अनुसन्धानको अपरिहार्यतालाई उजागर गर्दछ।

# परिच्छेद – तीन

# अनुसन्धान पद्धति

प्रस्तुत अनुसन्धानमा आवश्यकताअनुसार निम्नलिखित अनुसन्धान विधिहरू अवलम्बन गरिएका छन्।

## ३.१ अनुसन्धानको ढाँचा

प्रस्तुत अनुसन्धान बाल प्रोवेशन अधिकारीको रुपमा जिल्ला अदालतमा कार्यरत तहसिलदार तथा श्रेस्तेदारहरुले बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएको प्रोवेशन अधिकारीको काम, कर्तव्य र अधिकारको गर्नु भएको कार्यान्वयनको अवस्था र सो कार्यान्वयन गर्दा सामना गर्नु भएको समस्या तथा चुनौतीहरु पत्ता लगाई त्यसको तथ्यपरकरुपमा विश्लेषण गर्ने प्रयास गरिएको एउटा सैद्धान्तिक र गुणात्मक अनुसन्धान (Doctrinal and Qualitative Research)[२१] हो। त्यसैले यस अनुसन्धानमा विवरणात्मक अनुसन्धान ढाँचा (Descriptive Research Design)[२२] को प्रयोग गरिएको छ।

## ३.२ नमूना छनौट ढाँचा

### *३.२.१ अनुसन्धानको समग्र तथा जनसंख्या*

नेपालको ७७ वटा जिल्ला अदालतहरूमा प्रोवेशन अधिकारीको रुपमा कार्यरत तहसिलदार तथा श्रेस्तेदारहरु यस अनुसन्धानको समग्र तथा जनसंख्या (Universe/ Population) हो।

### *३.२.२ नमूना छनौट विधि*

माथि उल्लेखित ७७ वटै जिल्ला अदालतहरुमध्ये उद्देश्यपूर्ण नमूना छनौट विधि (Purposive or Deliberate Sampling Method) को आधारमा काठमाण्डौ उपत्यकाभित्रका भक्तपुर जिल्ला अदालत र त्यसैगरी हिमाल, पहाड, भित्री मधेश र तराईको प्रतिनिधित्व हुने गरी जम्मा २९ वटा जिल्ला अदालतहरुमा प्रोवेशन अधिकारीको रुपमा कार्यरत तहसिलदार तथा श्रेस्तेदारहरुलाई नमूनाको रुपमा छनौट गरिएको छ।

## ३.३ तथ्याङ्क सङ्कलन

प्रस्तुत अनुसन्धान कानून तथा न्याय क्षेत्रमा गरिएको सैद्धान्तिक र गुणात्मक अनुसन्धान (Doctrinal and Qualitative Research) भएको हुँदा आवश्यकताअनुसार प्राथमिक र द्वितीयक तथ्याङ्क (Primary

---

[२१] QUALITATIVE AND DOCTRINAL METHODS IN RESEARCH,हेर्नुहोस्: https://epgp.inflibnet.ac.in/epgpdata/uploads/epgp_content/law/09._research_methodology/08._qualitative_and_doctrinal_methods_in___research/et/8155_et_et.pdf, हेरिएको मितिः २०८०।७।३०।

[२२] Dr. S. R. MYNENI, LRGAL RESEARCH METHODOLOGY, 103-104 (Allahabad Law Agency, Plot No. 33, 16/2, Mathura Road, Faridabad (HARYANA), 2001

and Secondary Data) देहायअनुसारको तथ्याङ्क सङ्कलन विधि र प्रविधि (Data Collection Method and Techniques) को प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएका छन्।

### *३.३.१ प्राथमिक तथ्याङ्क सङ्कलन विधि*

प्रस्तुत अनुसन्धानमा प्रश्नावली विधि (Questionnaire Method) अनुसार नमूना छनौटमा परेका २९ वटा जिल्ला अदालतहरु मध्ये मुगु, कास्की, चितवन र धनुषा जिल्ला अदालतमा प्रोवेशन अधिकारीको रुपमा कार्यरत तहसिलदारहरुसँग अनुसन्धानकर्ता स्वंयमले प्रत्यक्ष रुपमा प्रश्न सोधेर (Asking the questions face-to-face )[२३] र बाँकी जिल्ला अदालतहरुमा प्रोवेशन अधिकारीको रुपमा कार्यरत तहसिलदारहरुलाई e-mail को माध्यमबाट मिश्रित प्रश्नावली (Mixed Questionnaire) [२४] पठाई प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ। अनुसन्धानमा प्रयोग गरिएको प्रश्नावलीको ढाँचा परिशिष्ट -१ मा उल्लेख गरिएको छ।

### *३.३.२ द्वितीयक तथ्याङ्क सङ्कलन विधि*

प्रस्तुत अनुसन्धान प्रतिवेदन तयारीका सिलसिलामा विभिन्न विद्युतीय माध्यम, अध्ययन स्रोत सामग्री र कानून पत्रिकाहरुमा प्रकाशित अनुसन्धानमूलक लेख, रचना र सामाचारका साथै पुस्तक, पूर्व अध्ययन प्रतिवेदन तथा अनुसन्धान कृतिहरूबाट आवश्यकता अनुसार द्वितीयक तथ्याङ्क सङ्कलन गरिएका छन्।

## ३.४ तथ्याङ्कको प्रशोधन, प्रस्तुतीकरण, विवेचना र विश्लेषण

प्रस्तुत अनुसन्धानका प्राथमिक तथा द्वितीयक तथ्याङ्कीय स्रोतहरूबाट सङ्कलित तथ्याङ्कलाई प्रशोधन गरी आवश्यकतानुसार तालिका र विभिन्न बृत्त चित्रहरूमा प्रस्तुत गरी विवेचना र विश्लेषण गरिएको छ।

## ३.५ अनुसन्धानको लागि लागेको समयावधि र स्रोत

प्रस्तुत अध्ययन २०८० कार्तिकदेखि २०८१ जेठसम्मको समयमावधिमा गरिएको हो।[२५] प्रस्तुत अनुसन्धानको लागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापन राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट स्वीकृत भएबमोजिम उपलब्ध भएको हो।

## ३.६ अनुसन्धानको भाषा

प्रस्तुत अनुसन्धान प्रतिवेदन नेपाली भाषामा तयार गरिएको छ।

---

[२३] H.K.WOLFF & P.R. PANT, SOCIAL SCIENCE RESEARCH AND THESIS WRITING 204 (Buddha Academic Publishers and Distributors Pvt. Ltd, Kathmandu, Nepal), Fourth edition, 2005.

[२४] पूर्वपाद टिप्पणी २३, पृ. २७६।

[२५] प्रस्तुत अनुसन्धान २०८१ जेठमा सम्पन्न भएपनि प्रस्तुत प्रकाशनको समयसम्म बाल न्यायको सन्दर्भमा भएका मूलभूत परिवर्तनलाई सान्दर्भिक स्थानमा समावेश गरिएको छ।

# परिच्छेद – चार

# बाल प्रोवेशन अधिकारी सम्बन्धी अवधारणागत पक्ष

## ४.१ पृष्ठभूमि

संयुक्त राज्य अमेरिकामा १९ औं शताब्दीको करिब मध्य समयबाट शुरुवात भएको सुधारात्मक दण्ड व्यवस्थाको रुपमा प्रचलनमा आएको प्रोवेशन प्रणालीको विकाससँगै प्रोवेशनमा रहने प्रोवेशनरहरुलाई व्यवस्थित रुपमा निगरानी तथा निरीक्षण गरी उनीहरुलाई समाजमा पुनर्स्थापनाको लागि मद्दत र उनीहरुको व्यवहार तथा आचरणको सम्बन्धमा प्रतिवेदन तयार गर्ने प्रोवेशन अधिकारीसम्बन्धी अवधारणाको पनि विकास भएको हो। हाल विश्वका विभिन्न विकसित मुलुकहरुमा बालबालिकाको सुधारको सन्दर्भमा प्रोवेशन तथा प्यारोल अधिकारी सम्बन्धी व्यवस्थाको प्रयोग तथा अभ्यास गरिरहेको पाइन्छ।

## ४.२ बाल प्रोवेशन

"सन् १८४१ को अगस्ट महिनाको एक बिहान, म अदालतमा थिएँ, जब बन्द–कक्ष खोलेर एक जना अधिकारी भित्र पस्यो, उसलाई एक जना च्यातिएको पुरानो मैलो लुगा लगाएको दुःखी मानिसले पछ्याउदै आएको थियो, जो कैदीहरुलाई छुट्याएको बेन्चमा गएर बस्यो। मैले त्यस मानिसको अवस्था देखेर उसलाई नियमित मादक पदार्थ सेवन गर्ने जँड्याहा भएको कल्पना गरें, र केही समयको अन्तराल पछि, मैले गरेको आशंका सहि सावित भयो, जब क्लर्कले त्यो मानिसलाई नियमित रक्सी सेवन गर्ने जँड्याहाको रुपमा लागेको अभियोग पढेर सुनायो। यो मुद्दा स्पष्ट रुपमा स्थापित भइसकेको थियो, तर फैसला सुनाउनु अगाडि, मैले केही क्षण कुराकानी गरेर यो पत्ता लगाएकी, उसमा अझै सुधारका सबै आशाहरु मरेका छैनन्। उसले मलाई भन्यो कि "यदि उसलाई सुधार गृह जानबाट रोक्न सकियो भने उसले फेरि कहिल्यै पनि मादक पदार्थको स्वाद लिने छैन..." साँच्चै त्यस स्वरमा गम्भीरता थियो र दृढ निश्चय पनि। जसले गर्दा मैले उसलाई सहयोग गर्ने संकल्प गरे; मैले अदालतको अनुमतिले उसलाई जमानतमा निकालें। त्यस समयबाट तीन हप्तापछि उसलाई फैसलाको लागि उपस्थित हुन आदेश गरिएको थियो। उसले प्रतिज्ञापत्रमा हस्ताक्षर गरेर एक विवेकी मानिस बन्यो; यस परीक्षण अवधि समाप्त भएको समयमा म उसँगै इजलासमा गएँ..... हामीले त्यस मानिसको बारेमा दिएको विवरणबाट न्यायाधीशले अत्यन्तै खुशी व्यक्त गरे, र सामान्यतया; सुधार गृहमा कैद गर्ने सजाय दिनुको सट्टा, उसले एक सेन्ट र लागेको खर्च जरिवाना गरे, कुल जम्मा ३.७६ अमेरिकन डलर, जुन तत्कालै तिरियो। त्यो व्यक्तिले मादक पदार्थ नपिउने सज्जन मानिसको रुपमा कडा

मिहनेतलाई निरन्तरता दियो, निसंदेह, उसले यस प्रक्रियाबाट लाभ प्राप्त गऱ्यो, जँड्याहा चिहानमा सडनबाट जोगियो।[२६]



John Augustus
"Father of Probation"

*-जोन अगस्टस, १८५२*

सन् १८४१ को पछिल्लो भागको समयमा भएको माथि उल्लेखित घटनाबाट संयुक्त राज्य अमेरिकामा सर्वप्रथम प्रोवेशन (Probation) सम्बन्धी अवधारणाको उत्पत्ति भएको हो। अंग्रेजी शब्द प्रोवेशन "Probation" ल्याटिन शब्द "probare" बाट विकसित भएको हो। जसको अर्थ परीक्षण (to test) गर्नु अथवा प्रमाणित (to prove) गर्नु हुन्छ।[२७] यसरी फौजदारी न्याय प्रणालीमा सुधारका संभावना भएका कैदी बन्दीलाई समुदायमा नै राखी निगरानी गरेर सुधारको अवसर प्रदान गर्ने उद्देश्य सहित संयुक्त राज्य अमेरिकाको बोस्टन राज्य निवासी John Augustus ले सन् १८४१ मा शुरु गर्नु भएको अभ्यासलाई नै प्रोवेशनको शुरुवात मान्न सकिन्छ। यही अभ्यास बालबालिकाको हकमा पनि उहाँले अपनाउनु भएको थियो। सन् १८७८ मा अमेरिकाको म्यासाचुसेट्स राज्यको सरकारले कानूनको विवादमा परेका बालबालिकाको लागि जारी गरेको प्रोवेशन सम्बन्धी कानून लागू भएपछि मात्र बाल प्रोवेशनको औपचारिक शुरुवात भएको मानिन्छ।[२८] त्यस्तै गरी सन् १८९९ मा संयुक्त राज्य अमेरिकाकै Illinois राज्यमा पहिलो बाल अदालत स्थापना भएको थियो। यस अदालतले पुनःस्थापकीय

[२६] JAMES A. INCIARDI, CRIMINAL JUSTICE 596-597 (McGraw-Hill, a business unit of The McGraw-Hill Companies, Inc.,1221 Avenue of the Americas, New York, NY,10020) SEVENTH EDITION.

[२७] Prof. N.V. Paranajape, Criminology and Penology 439 (CENTRAL LAW PUBLICATIONS, LAW PUBLISHERS & BOOK SELLERS 107, DARBHANGA COLONY, ALLAHBAD) TWELFTH EDITION (Reprint 2005).

[२८]GJPP, Desktop Guide to Good Juvenile Probation Practice, History of Juvenile Probation (Timeline for Juvenile Probation and Justice, हेर्नुहोस्: http://wwww.goodjuvenileprobationpractice.org/history-of-juvenile-probation, हेरिएको मितिः २०८।१०।१५।

न्यायको अवधारणा अनुरुप वयस्क र बालबालिकाबीचको भिन्नतामा जोड दिँदै कानूनको विवादमा परेका बालबालिकाका लागि बाल प्रोवेशनलाई प्राथमिकता साथ लागू गरेको थियो।[२९]

सामान्यतया १८ वर्षभन्दा कम उमेर भएका बालबालिका कसूरजन्य कार्यमा संलग्न भएमा यस्ता कानूनको विवादमा परेका बालबालिकाको आचरण सुधार गरी समाजमा पुनर्स्थापना गर्न निजलाई बालसुधार गृहमा पठाउनु सट्टा निश्चित अवधिका लागि जिम्मेवार प्रोवेशन अधिकारीको प्रत्यक्ष निगरानीमा रहने गरी समुदायमा नै पठाउने पुनर्स्थापकीय न्याय व्यवस्थालाई नै बाल प्रोवेशन (Juvenile Probation) भनिन्छ। त्यसैगरी सामान्यतया १८ वर्ष पूरा भएका कसूरदारलाई कैद सजाय भए पनि त्यसको विकल्पमा प्रोवेशन अधिकारीको निगरानीमा निश्चित शर्तसहित पुनर्स्थापनाका लागि समुदायमा पठाउने कानूनी व्यवस्था प्रोवेशन (Adult Probation) हो। अर्को शब्दमा भन्नुपर्दा १८ वर्ष भन्दा कम उमेर भएका बालबालिका कसूरजन्य कार्यमा संलग्न भएमा यस्ता कानूनको विवादमा परेका बालबालिकालाई बाल प्रोवेशन अधिकारीको प्रत्यक्ष निगरानीमा राखी पुनर्स्थापनाका लागि शर्तसहित समुदायमा नै पठाउने कानूनी व्यवस्था हो।[३०]

नेपालको सन्दर्भमा बालबालिका सम्बन्धी ऐन, २०७५ ले दफा ७९ मा प्रोवेशन अधिकारीको विशेष व्यवस्था गरेको छ। तर यस ऐनले बाल प्रोवेशनको परिभाषा गरेको पाइँदैन।[३१] यसरी एकातिर नेपालको बालबालिका सम्बन्धी ऐनले बाल प्रोवेशनको स्पष्ट परिभाषा नगरेको र अर्कोतर्फ यस सम्बन्धी व्याख्या पनि सम्मानित सर्वोच्च अदालतबाट हालसम्म भई नसकेकाले यसको अवधारणात्मक स्पष्टताका लागि अन्य देशहरुका कानून र न्यायिक अभ्यासको सहयोग लिनुपर्ने हुन्छ। त्यसैले बाल प्रोवेशनको अवधारणात्मक स्पष्टताका लागि पनि केही अपराधशास्त्री, बाल न्यायको क्षेत्रमा कार्य गरिरहेका संस्था तथा विज्ञले गर्नु भएको परिभाषाहरुलाई देहाय अनुसार उल्लेख गरिएको छः

- National Conference on State Legislature[३२] ले बाल प्रोवेशनलाई "Juvenile probation is a form of community supervision that may include reporting to a supervisory officer, participating in behavior-change programming, paying victim restitution, being tested for drug use or other conditions. Failure to follow these conditions can result in a probation violation, which may lead to additional conditions, incarceration or other sanctions or incentives to modify behavior."[३३] अर्थात् बाल प्रोवेशन सामुदायिक सुपरिवेक्षणको एक

---

[२९] ऐजन।

[३०] National Conference of State Legislatures, Juvenile Probation, हेर्नुहोस्: https://www.ncsl.org/civil-and-criminal-justice/juvenile-probation, हेरिएको मितिः २०८०।११।४।

[३१] पूर्वपाद टिप्पणी १५, दफा २।

[३२] National Conference of State Legislatures, हेर्नुहोस्: https://www.ncsl.org/about-us, हेरिएको मितिः २०८०।११। ४।

[३३] पूर्वपाद टिप्पणी ३१।

स्वरूप हो जसमा प्रोवेशन अधिकारीको नियमित निगरानीमा रही निजलाई आफ्नो क्रियाकलापको जानकारी दिने, व्यवहार परिवर्तन कार्यक्रममा भाग लिने, पीडितलाई क्षतिपूर्ति तिर्ने, लागू पदार्थको प्रयोगको लागि परीक्षण वा अन्य शर्तहरु समावेश हुन सक्छन्। यस्ता शर्तहरुको उल्लंघन भएमा प्रोवेशनको उल्लंघन भएको मानिन्छ र अतिरिक्त शर्त कैद वा अन्य प्रकारका सजाय वा व्यवहार परिवर्तनका लागि अन्य किसिमका प्रोत्साहनका उपाय समेत अवलम्बन गरिन्छ भनी उल्लेख गरेको पाइन्छ।

- The Annie E. Cassey Foundation[३४] ले बाल प्रोवेशनलाई "Juvenile probation also known as youth probation is a court-imposed intervention during which young people remain at home under the supervision of a juvenile probation officer. While on probation, young people are typically required to adhere to rules and conditions included in their probation orders, such as curfews, random searches and prohibitions on who they may associate with, and to check in regularly with their probation officers, participate in mandatory meetings, perform community service or pay restitution."[३५] अर्थात बाल प्रोवेशन वा बालबालिकाको प्रोवेशन अदालतबाट निर्देशित एक हस्तक्षेप हो जसमा बालबालिका वा किशोर किशोरी आफ्नो घरमा नै बसे पनि बाल प्रोवेशन अधिकारीको प्रत्यक्ष निगरानीमा रहने गर्दछ। यस्तो प्रोवेशनमा रहँदा बालबालिका वा किशोरकिशोरीको प्रोवेशन आदेशमा कर्फ्यू, आकस्मिक तलासी र उनीहरुसँग सम्पर्कमा आउन सक्नेलाई प्रतिबन्ध नियमित रुपमा प्रोवेशन अधिकारीसँग सम्पर्क, अनिवार्य छलफलमा सहभागिता, सामुदायिक सेवा र क्षतिपूर्ति तिर्नुपर्ने जस्ता केही नियम र शर्तहरु समावेश भएका हुन्छन् भनी उल्लेख गरेको छ।
- Henri J. Palmieri ले बाल प्रोवेशनलाई" [Probation is]"a casework service and a method of treatment which is "no longer an ideal but a reality."[३६] अर्थात् प्रोवेशनलाई मुद्दा पिच्छे प्रदान गरिने त्यस्तो सेवा वा उपचारको त्यस्तो विधि जुन वर्तमान अवस्थामा आदर्श नभई यथार्थमा परिणत भएको छ भनी परिभाषित गर्नुभएको छ। यस परिभाषाले बाल प्रोवेशन संयुक्त राज्य अमेरिकामा कार्यान्वयन भएपश्चात् बाल प्रोवेशन आदर्शभन्दा यथार्थ उन्मुख भएको कुरामा जोड दिएको छ।

---

[३४] The Annie E. Cassey Foundation, हेर्नुहोस्: https://www.aecf.org/about , हेरिएको मितिः २०८०।११। ९।

[३५] The Annie E. Cassey Foundation, *Frequently Asked Questions About Juvenile Probation*, हेर्नुहोस्: https://www.aecf.org/blog/frequently-asked-questions-about-juvenile-probation , हेरिएको मितिः २०८० ।११। ९।

[३६] Scholarly Commons: Northwestern Pritzker School of Law Lewis Diana, *What is Probation?* हेर्नुहोस्: scholarlycommons.law.northwestern.edu/cgi/viewcontent.cgi?article=4933&context=jclc, हेरिएको मितिः २०८०।११।९।

- Office of Juvenile Justice and Delinquency Prevention Services[३७] ले बाल प्रोवेशनलाई "*Juvenile Probation is a supervision and monitoring of justice-involved youth in community, rather than placement out of home. Youths on probation must comply with the terms and conditions of probation imposed by the court*."[३८] अर्थात् बाल प्रोवेशन न्याय प्रणालीमा आवद्ध किशोर किशोरी माथि सुधार गृहमा नभई समुदायमा नै राखी गरिने सुपरिवेक्षण र अनुगमन हो। प्रोवेशनमा रहेका किशोर किशोरीले अदालतले आदेश दिएबमोजिमका शर्त र नियमको पालना भने गर्नुपर्छ भनी उल्लेख गरेको छ।
- Texas Juvenile Justice Department[३९] ले बाल प्रोवेशनलाई "a mechanism used by juvenile justice agencies that serves as a sanction for juveniles adjudicated in court, and in many cases as a way of diverting status offenders or first-time juvenile offenders from the court system. Some communities may even use probation to informally monitor at-risk youth and prevent their progression into more serious problem behavior.*"*[४०] अर्थात् बाल न्याय प्रणाली बाल सम्बद्ध निकायहरुले प्रयोग गर्ने यस्तो संयन्त्र जसमा अदालतबाट न्याय निरुपण भएका मुद्दामा प्राय पहिलोपटक कसूरजन्य कार्यमा संलग्न वा बालबालिका भएकै कारणले सजाय पाएका बालबालिकालाई दिशान्तर गरिन्छ । कुनै समुदाय भने प्रोवेशनलाई जोखिम समूहका बालबालिकामाथि अनौपचारिक निगरानीमा राखी उनीहरुको जोखिमपूर्ण व्यवहारलाई अझ भयानक समस्यामा परिणत हुनबाट रोक्न पनि प्रयोग गर्दछन् भनी उल्लेख गरिएको पाइन्छ।
- Department of Youth Services[४१] ले बाल प्रोवेशनलाई" Probation is a court ordered sanction that allows a person to remain in the community under the supervision of a probation officer."[४२] अर्थात् प्रोवेशनलाई अदालतबाट निर्धारित त्यस्तो सजाय, जसमा व्यक्तिलाई प्रोवेशन अधिकारीको निगरानीमा समुदायमा नै रहन दिइन्छ भनी परिभाषित गरेको पाइन्छ।

---

[३७] Office of Juvenile Justice and Delinquency Prevention (.gov), हेर्नुहोस्: https://ojjdp.ojp.gov/about, हेरिएको मितिः २०८०। ११। १६।

[३८] Office of Juvenile Justice and Delinquency Prevention (.gov), Formal, Post-Adjudication Juvenile Probation Services, हेर्नुहोस्: https://ojjdp.ojp.gov/model-programs-guide/literature-reviews/formal_post_adjudication_juvenile_probation_services.pdf, हेरिएको मितिः २०८०।११।१६।

[३९] Texas Juvenile Justice Department, हेर्नुहोस्: https://www.tjjd.texas.gov/ , हेरिएको मितिः २०८०।११।१६।

[४०] Texas Juvenile Justice Department, The Juvenile Justice System in Texas, हेर्नुहोस्: https://www.tjjd.texas.gov /index.php/juvenile-system#common-terms-acronyms, हेरिएको मितिः २०८०।११।१६.

[४१] Division of Youth Services, Juvenile Probation, हेर्नुहोस्: https://www.dys.gov.mp/ , हेरिएको मितिः २०८०।११।१६।

[४२] Division of Youth Services, Juvenile Probation, para 1, हेर्नुहोस्: https://www.dys.gov.mp/juvenile-probation-unit/ , हेरिएको मितिः २०८०।११। १६।

- The San Francisco Juvenile Probation Department[४३] ले बाल प्रोवेशनलाई "Juvenile probation is when a judge orders that a minor will be sent to home under the supervision of probation officer with several conditions." [४४] अर्थात् प्रोवेशन भन्नाले न्यायधीशले नाबालिगलाई विभिन्न शर्त सहित प्रोवेशन अधिकारीको सुपरिवेक्षण वा निगरानीमा रहने गरी घर फिर्ता पठाउन गरेको आदेश भन्ने बुझिन्छ।
- Dan Miller[४५] ले बाल प्रोवेशनलाई "Juvenile probation accomplishes the goal of rehabilitation by restricting a juvenile's liberty and providing the child individualized services based on his or her needs and the offense the child committed. The terms of a juvenile's probation are based on the child's circumstances and likelihood of reoffending."[४६] अर्थात् बाल प्रोवेशनले बालबालिकाको स्वतन्त्रतालाई प्रतिबन्ध लगाएर र बालकलाई उसको आवश्यकता र बालकले गरेको अपराधको आधारमा व्यक्तिगत सेवाहरू प्रदान गरेर पुनर्स्थापनाको लक्ष्य पूरा गर्दछ। बाल प्रोवेशनका शर्तहरू बालकको परिस्थिति र पुनः अपराधको सम्भावनामा आधारित हुन्छन् भनी उल्लेख गर्नु भएको छ।

माथि उल्लेखित बाल प्रोवेशन सम्बन्धी विभिन्न परिभाषाहरुको आधारमा बाल प्रोवेशन १८ वर्षभन्दा कम उमेर भएका र कानूनको विवादमा आएका बालबालिकाको हकमा निजले कैद वा सुधार गृहमा पठाउनुपर्ने सजाय भएका कसूरजन्य कार्य गरेको अवस्थामा अदालतले निजलाई सुधार गृहमा नपठाई प्रोवेशन अधिकारीको निगरानीमा राखी शर्तहरु सहित पुनर्स्थापनाका लागि समाजमा नै पठाउने कानूनी व्यवस्था हो भनी बुझ्न सकिन्छ। वास्तवमा यसको उद्देश्य नै बालबालिकामा प्रस्फुटन भएको आपराधिक मनोवृत्तिलाई निस्तेज पारी उनीहरुलाई भविष्यमा असल नागरिकमा रुपान्तरण गर्नु हो।

## ४.३ बाल प्रोवेशनका सिद्धान्तहरु

प्रोवेशनको आवश्यकता भएको बालबालिकाहरुको लगि मार्गदर्शन, समर्थन, सहयोग र अवसरहरू प्रदान गर्नु प्रोवेशनको उद्देश्य हो जसले उनीहरुको सफलतालाई बढावा दिन्छ र फलस्वरूप, सार्वजनिक

---

[४३] City and County of San Francisco, The San Francisco Juvenile Probation Department, हेर्नुहोस्: https://www.sf.gov/information/juvenile-probation-departmentservices?_gl=1*1g7jsp9*_,ga*MjA4NzEzODA4LjE3MTc3NDM4ODU.*_ga_BT9NDE0NFC*MTcxNzc0Mzg4NS4xLjEuMTcxNzc0NDA4Mi4wLjAuMA..*_ga_63SCS846YP*MTcxNzc0Mzg4NS4xLjEuMTcxNzc0NDA4Mi4wLjAuMA, हेरिएको मितिः २०८०।१२। २२।

[४४] City and County of San Francisco, The San Francisco Juvenile Probation Department: A Guide to Juvenile Justice System, पृ.१० हेर्नुहोस्: https://sfgov.org/juvprobation/sites/default/files/A%20Guide%20to%20the%20Juvenile%20Justice%20System%20System.pdf, हेरिएको मितिः २०८०।१२। २२।

[४५] Daneil J. Miller, हेर्नुहोस्: https://lawyers.justia.com/lawyer/daniel-j-miller-1484549, हेरिएको मितिः २०८० चैत्र २२।

[४६] The Law offices of Daneil J. Miller, हेर्नुहोस्: https://www.legaldefense.com/blog/2014/january/probation-different-for-juveniles-and-adults-in-/ , हेरिएको मितिः २०८०।१२।२२।

सुरक्षाको रक्षा गर्दछ[४७]। यस उद्देश्यलाई साकार पार्नको लागि अमेरिकन प्रोवेशन र प्यारोल एसोसिएसन (AMERICAN PROBATOIN AND PAROLE ASSOCIATION -APPA)[४८] ले उल्लेख गरेका बाल प्रोवेशन सम्बन्धी सिद्धान्तहरुलाई[४९] संक्षिप्त रुपमा देहाय अनुसारका प्रस्तुत गरिएको छ।

### *४.३.१ कानूनको विवादमा परेका बालबालिका र निजका परिवार लक्षित व्यक्तिगत प्रोवेशनको सिद्धान्त*

यस सिद्धान्त अनुसार प्रोवेशनको प्रक्रिया पर्यवेक्षणका लागि अपेक्षाहरू स्थापित गर्न प्रोवेशन अधिकारी, बालबालिका र उनीहरूको परिवारबीच हुने अर्थपूर्ण छलफलबाट सुरु हुनुपर्छ। यस्ता छलफलहरु एउटा यस्तो "सफलताको योजना" तर्जुमा गर्न सहयोगी हुनुपर्छ जसले बालबालिकाको जोखिमको आँकलन र प्रोवेशन प्रायोजित कार्यक्रम र सेवाहरुको सूचीमात्र नभइ बालबालिकाको सम्वृद्धि र सफलता सुनिश्चित गर्ने अनुकुलित अद्वितीय लक्ष्य र क्रियाकलाप समावेश गरेको हुनुपर्दछ।

### *४.३.२ न्यूनतम शर्तको सिद्धान्त*

यस सिद्धान्त अनुसार प्रोवेशनले बालबालिकाहरुलाई समयसँगै उनीहरुको बानी व्यहोरा सुधार गर्नको लागि कठोर नियमहरुको निर्धारण र सुपरिवेक्षणको परम्परागत अवस्थाहरु मार्फत तत्काल पालनाको माग गर्नुको सट्टा समस्याग्रस्त व्यवहारहरुको निरन्तरता र गम्भीरता कम गर्ने लक्ष्यहरु निर्धारण गर्नुपर्दछ। प्रोवेशनमा रहेका बालबालिकाहरुलाई नियम र शर्तहरुको लामो सूचीहरु पालना गराउने प्रोवेशनको अभ्यासलाई परित्याग गर्नुपर्दछ। किनकि किशोर किशोरीहरुलाई आवेगहरु नियन्त्रण गर्न, साथीहरुको दबाबको प्रतिरोध गर्न, परिणामबारे सोच्न र असल निर्णय गर्ने अभ्यास गर्न गाह्रो हुन्छ। तर उनीहरुबाट गल्ती र कमजोरीको अपेक्षा भने गर्न सकिन्छ।

### *४.३.३ न्यूनतम कैदको सिद्धान्त*

यस सिद्धान्त अनुसार प्रोवेशनले कैदको प्रयोगलाई कम गर्न खोज्नु पर्दछ। बालबालिकाबाट तत्काल अरुको स्वास्थ्य र सुरक्षामा जोखिम हुने अवस्था भएमा मात्र सम्भव भएसम्म छोटो अवधिको लागि बालबालिकालाई उनीहरूको घरबाट अलग गर्नुपर्दछ।

---

[४७] American Probation and Parole Association, हेर्नुहोस्ः https://www.appa-net.org/10_Principles/, हेरिएको मितिः २०८०।१२। १८।

[४८] American Probation and Parole Association, हेर्नुहोस्ः https://www.appanet.org/eweb/DynamicPage.aspx?webcode=AboutAPPA-Introduction, हेरिएको मितिः २०८० ।१२।१९।

[४९] पूर्वपाद टिप्पणी ४८।

### *४.३.४ सफलता प्रोत्साहनको सिद्धान्त*

यस सिद्धान्तअनुसार सजाय भन्दा समर्थनमा, नियन्त्रण भन्दा सहयोगमा, धम्की, सजाय र अन्ततः कैद गरेर बिज्याँइ रोक्नुको सट्टा पुरस्कार र प्रोत्साहनको माध्यमबाट व्यवहारमा सकारात्मक परिवर्तनका लागि उत्प्रेरित गराउन अत्यधिक केन्द्रित भएको अवस्थामा बाल प्रोवेशन अत्यधिक प्रभावकारी हुन्छ। यद्यपि सार्वजनिक सुरक्षा सदैव प्रोवेशनको प्रमुख चिन्ताको रुपमा रहनेछ र सार्वजनिक सुरक्षाको लागि एक मात्र प्रभावकारी मार्ग भनेको व्यवहारमा सकारात्मक परिवर्तन नै हो भनेर प्रोवेशन अधिकारीले पहिचान गर्नु पर्दछ । तसर्थ प्रोवेशन व्यक्तिगत समृद्धि र व्यवहारमा सकारात्मक परिवर्तनलाई बढावा दिन के काम गर्छ भन्ने प्रमाणहरुद्वारा निर्देशित हुनुपर्छ साथै सार्वजनिक सुरक्षाको नाममा दण्डात्मक कदमहरु चाल्नबाट जोगिनै पर्दछ।

### *४.३.५ अवसर र समुदायसँग जोड्ने सिद्धान्त*

यस सिद्धान्त अनुसार प्रोवेशनले परिवार र समुदायसँग घनिष्ट साझेदारीमा काम गर्नुपर्छ। त्यसैगरी यसको भूमिकाको मुख्य अंश बालबालिकाहरू अहिले र भविष्यमा लाभान्वित हुन सक्ने संस्था र स्रोतहरूसँग उनीहरुलाई जोड्नु हो भनी बुझ्नुपर्दछ। छोटो र निश्चित अवधिको लागि मात्र बालबलिकाहरुसँग संलग्न भएका प्रोवेशन अधिकारीले बालबालिकाहरूको जीवनमा महत्त्वपूर्ण सकारात्मक भूमिका खेल्न र प्रभाव पार्न सक्छन्। यसका साथै प्रोवेशन अधिकारी पछि बालबालिकाहरुको जीवनमा आमाबाबु र परिवारहरु सबैभन्दा महत्वपूर्ण व्यक्तिहरुको रुपमा रहन्छन् भनी स्वीकार गर्नुपर्दछ।

### *४.३.६ मार्गदर्शकको सिद्धान्त*

यस सिद्धान्त अनुसार प्रोवेशनको सबै भन्दा प्रभावकारिता तब हुन्छ जब प्रोवेशन अधिकारीहरूले बालबालिकाहरूसँग न्यानो, सहानुभूतिपूर्ण, विश्वास गर्ने सम्बन्धहरू निर्माण गर्छन् र बालबालिकाहरूलाई यथार्थपरक लक्ष्यहरू निर्धारण गर्न सिक्न, नकारात्मक व्यवहारका प्रवृतिहरु पहिचान गर्न, व्यक्तिगत-स्तर र प्रणाली-स्तर अवरोधहरू पहिचान गर्न, आत्म-जागरूकता निर्माण गर्न मद्दत गर्न मूल सुधारात्मक अभ्यासहरू प्रयोग गर्दछ। प्रोवेशनका नियमहरूको पालनमा मात्र ध्यान केन्द्रित गर्नाले यी उल्लेखित प्राथमिकताहरू ओझेलमा पर्दछ र प्रोवेशनको प्रभावकारितालाई कमजोर बनाउँछ।

## ४.४ बाल प्रोवेशन र वयस्क प्रोवेशन बीचको भिन्नता

कानूनको विवादमा परेका बालबालिका र वयस्क कसूरदारहरुलाई नियन्त्रण गर्नको लागि भिन्न कानूनी व्यवस्थाहरु तथा कानूनी सुविधाहरु भए जस्तै बालबालिका र वयस्क कसुरादरहरुका लागि पनि भिन्न प्रोवेशन सेवाहरु उपलब्ध छन्। यद्यपि दुवै प्रकारका प्रोवेशनहरुमा सुधारात्मक तथा पुनः समाजिकीकरण गर्ने प्रक्रियाको अवधिभरि उनीहरु प्रोवेशन अधिकारीको निगरानी तथा सुरपरिवेक्षणमा

रहनु पर्ने हुन्छ। बाल प्रोवेशन (Juvenile Probation) र वयस्कको प्रोवेशन (Adult Probation) बीच भिन्नताको पहिलो आधार उमेर हो।त्यसैगरी अन्य विभिन्न आधारहरुमा बाल प्रोवेशन र वयस्क प्रोवेशन अर्थात् प्रोवेशनलाई विभाजन गर्न सकिन्छ। जसलाई देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

**तालिका नं.२**

| क्र.सं. | बाल प्रोवेशन (Juvenile Probation) | वयस्क प्रोवेशन (Adult Probation) |
|---|---|---|
| १. | बाल प्रोवेशन १८ वर्ष भन्दा मुनिका बालबालिकाको हकमा मात्र लागू हुन्छ।[५०] | वयस्क प्रोवेशन १८ वर्ष भन्दा माथिका कसूरदारको हकमा लागू हुन्छ।[५१] |
| २. | बाल प्रोवेशनले बालबालिकालाई आपराधिक क्रियाकलाप गर्नुपर्ने बाध्यात्मक कारणको परिस्थितिबाट बाहिर निकाल्न सहायता गर्दछ।[५२] | वयस्क प्रोवेशनमा अभियुक्तलाई अपराधका लागि जिम्मेवार ठहराइन्छ तर यसका साथसाथै परिवर्तनको अपेक्षा सहित सुधारात्मक अभ्यासको कार्यान्वयन पनि गरिन्छ।[५३] |
| ३. | बाल प्रोवेशनले प्रभावकारी विधिबाट शिक्षा प्रदान गरी बाल बालबालिकालाई असल नगारिकको रुपमा रुपान्तरण गर्न मद्दत गर्दछ।[५४] | वयस्क प्रोवेशनमा राखिएको कसूरदारले सम्मानजनक काम प्राप्त गर्न आवश्यक हुन्छ।[५५] |
| ४. | यदि कसूरजन्य कार्यमा संलग्न बालबालिकाको परिवारले मनोवैज्ञानिक वा शारीरिक रुपमा पीडा दिएको अवस्थामा प्रायः त्यस्ता बालबालिकालाई उनीहरुको परिवारबाट अलग राख्न सकिन्छ।[५६] | प्रायः वयस्क प्रोवेशनले कसूरदारलाई आपराधिक व्यवहारबाट बच्न आवश्यक सीपहरू प्रदान गर्दछ।[५७] |
| ५. | सुधारात्मक परामर्श र व्यवहार कौशल परामर्श प्रायः बाल प्रोवेशनको अवस्था हो।[५८] | वयस्क प्रोवेशनले पीडितलाई क्षतिपूर्ति दिन र एक व्यक्तिले थप अपराध गर्ने सम्भावना कम गर्न पुनर्स्थापकीय न्यायका विधिहरू प्रयोग गर्दछ।[५९] |

[५०] Juvenile Probation vs. Adult Probation,हेर्नुहोस्: https://laws.com/probation/juvenile-probation-vs-adult-probation,हेरिएको मितिः २०८०।१२।२०।

[५१] ऐजन।

[५२] ऐजन।

[५३] ऐजन।

[५४] ऐजन।

[५५] ऐजन।

[५६] ऐजन।

[५७] ऐजन।

| | | |
|---|---|---|
| ६. | किशोरहरूको लागि प्रोवेशन एक निश्चित हदसम्म सजाय र रोकथामको लागि पनि हो, तर यसले पुनर्स्थापनाको तत्व पनि समावेश गर्दछ।[६०] | वयस्कहरूलाई गल्तीको लागि सजायको रूपमा र भविष्यमा अपराध गर्नबाट रोक्नको लागि उनीहरूको स्वतन्त्रतामा प्रतिबन्ध लगाउनको लागि अदालतले प्रोवेशन लागू गर्दछ।[६१] |

## ४.५ बाल प्रोवेशनका प्रकार

संयुक्त राज्य अमेरिकाको क्यालिफोर्निया राज्यको Welfare and Institutions Code (WIC)[६२] ले बाल प्रोवेशनका विभिन्न प्रकारका बारेमा उल्लेख गरेको पाइन्छ। यस संहितामा व्यवस्था भएको बाल प्रोवेशनका प्रकारहरुलाई अध्ययन सन्दर्भको लागि संक्षिप्त रुपमा देहाय अनुसार प्रस्तुत गरिएका छन्।

- अनौपचारिक प्रोवेशन/दिशान्तर (Informal Probation/ Diversion-WCI 654):[६३] बाल प्रोवेशन विभाग (Juvenile Probation Department) ले यो दिशान्तर (Diversion Programme) कार्यक्रम सञ्चालन गर्दछ। यसमा बाल अदालतको हस्तक्षेपको आवश्यकता हुँदैन। त्यसैगरी अभियोजनकर्ताले पनि मुद्दा बाल अदालतमा दर्ता गरेको हुदैन।[६४] यो एक दिशान्तर कार्यक्रम भएकोले प्रोवेशन अधिकारीले यसका सेवाहरुबाट बालबालिकाहरुले लाभ प्राप्त गर्न सकोस् भनी सुनिश्चित गरेको हुन्छ। यसमा प्रोवेशन अधिकारी र बालबालिका तथा निजको अभिभावकबीच स्वैच्छिक संझौता भएको हुन्छ। कानूनको विवादमा परेका बालबालिकालाई बढीमा ६ महिनासम्म अनौपचारिक प्रोवेशनमा राख्न सकिन्छ। यस कार्यक्रमको अवधि बालबालिकाले सफलतापूर्वक पूरा गरेको अवस्थामा मुद्दाको फाइल बन्द गरिन्छ। तर बालकले यो अवधि सफलतापूर्वक पूरा गर्न नसकेको अवस्थामा प्रोवेशन विभागले बाल

---

[५८] ऐजन।

[५९] ऐजन।

[६०] Probation Different for Juveniles and Adults in Virginia,हेर्नुहोस्: https://www.legaldefense.com/blog/2014/january/probation-different-for-juveniles-and-adults-in-,हेरिएको मितिः २०८०।१२।२२।

[६१] ऐजन।

[६२] "The California Welfare and Institutions Code is one of 29 Codes that contain state statutes. The Code establishes programs and public social services for promoting the public welfare. The Welfare and Institutions Code contains 20 Divisions. There are also numerous parts, chapters, and articles containing hundreds of code sections, or individual statutes. The following is a broad overview of the Welfare and Institutions Code." California Globe, *What is in California's Welfare and Institutions Code,*हेर्नुहोस्: https://californiaglobe.com/articles/what-is-in-californias-welfare-and-institutions-code/, हेरिएको मितिः २०८० ।१२।२२।

[६३] Juvenile General Information, हेर्नुहोस्: https://venturaprobation.org/services/juvenile-services/juvenile-general-info/ , हेरिएको मितिः २०८०।१२।२२।

[६४] JUVENILE INFORMAL DIVERSION, हेर्नुहोस्:https://www.oc-criminallawyers.com/practice-areas/juvenile-delinquency/juvenile-informal-diversion ,हेरिएको मितिः २०८०।१२।२२।

अदालतमा औपचारिक रुपमा मुद्दा दर्ता गर्न जिल्ला न्यायाधिवक्ताको कार्यालयलाई सिफारिश गर्दछ।[६५]

- अनौपचारिक प्रोवेशन (Informal Probation-WCI 654.2):[६६] यो अदालतले आदेश दिएको दिशान्तर कार्यक्रम हो। यस अनौपचारिक प्रोवेशनमा जिल्ला न्यायाधिवक्ताको कार्यालयले कानूनको विवादमा परेका बालबालिकाको मुद्दा औपचारिक रुपमा नै बाल अदालतमा दर्ता गराए तापनि बाल अदालतले दण्ड निर्धारण गर्नु सट्टा बालबालिकालाई मुद्दा स्थगित गरी कानूनको विवादमा परेका बालबालिकालाई प्रोवेशन विभाग अन्तर्गत ६ महिनाको प्रोवेशनमा पठाउने गर्दछ। यदि कानूनको विवादमा परेका बालबालिकाले उक्त प्रोवेशन अवधि सफलतापूर्वक पूरा गरेमा अदालतले निजलाई लागेको अभियोग खारेज गरी मुद्दाको लगत कट्टा गर्दछ। यदि प्रोवेशन अवधिभर प्रोवेशनका शर्त उल्लंघन गरेमा कानूनको विवादमा परेका बालबालिकालाई दण्ड दिइन्छ।
- संरक्षणरहित प्रोवेशन (Non-Wardship Probation-WCI 752 a):[६७] यस प्रोवेशनमा अदालतले कानूनको विवादमा परेका बालबालिकाले कानून उल्लंघन गरेको ठहर गरी ६ महिनाका लागि प्रोवेशनमा पठाउँछ। यस्तो प्रोवेशन पूरा गराउनको लागि अदालतबाट निर्धारित नियम र शर्तहरु लागू गराउँदछ। बालबालिकाले यस्तो नियम र शर्तहरुको सफलतापूर्वक पालना गरेको अवस्थामा मुद्दालाई बन्द गरिन्छ भने असफल भएको अवस्थामा अदालतले उच्च तहको निरीक्षण लागू गर्न सक्दछ।
- संरक्षणकारी प्रोवेशन (Wardship Probation-WIC 725 b):[६८] यसमा अदालतले कानूनको विवादमा परेको बालकको अभिभावकत्व ग्रहण गर्दछ । तर यस प्रकारको प्रोवेशनको अवधि केवल ६ महिना हुन्छ र प्रोवेशनका विशेष नियम र शर्तहरु तोकिन्छन् । यस्तै संरक्षणकारी प्रोवेशनमा कानूनको द्वन्द्वमा परेका बालबालिकाको प्रोवेशन अधिकारीको निगरानीमा नभई अदालतको निगरानीमा हुने गर्दछ।
- फैसलाको प्रविष्टि विना गरिने प्रोवेशन (Deferred Entry of Judgment Probation – WIC 790):[६९] कानूनको विवादमा परेका बालबालिकाले जघन्य अपराध गरेको भेटिए पनि कानूनद्वारा निर्धारित अवस्था जस्तोः उक्त बालबालिका पहिलो पटक उक्त जघन्य अपराधमा

---

[६५] Mono County, California's Eastern Sierra, Types of Juvenile Probation, हेर्नुहोस्: https://monocounty.ca.gov /probation/page/types-juvenile-probation-0, हेरिएको मितिः२०८०।१२।२७।

[६६] ऐजन।

[६७] पूर्वपाद टिप्पणी ६४।

[६८] पूर्वपाद टिप्पणी ६५।

[६९] ऐजन।

संलग्न भएको र निज बालबालिका संरक्षणकारी प्रोवेशनमा नरहेको निजको न्यूनतम उमेर १४ वर्ष रहेको उक्त मुद्दा भन्दा पहिले निजले कहिले पनि प्रोवेशनको शर्त भङ्ग नगरेको जस्ता अवस्था विद्यमान भएमा निजलाई Deferred Entry of Judgment Probation मा पठाइन्छ।

## ४.६ बाल प्रोवेशन अधिकारी

"जोहन अगस्टस बोस्टनका जुत्ता बनाउने व्यक्ति थिए। उनले दोषी ठहर भएको कसूरदारको जमानत गरेपश्चात उससँग मित्रता, परिवारिक मामिलामा र रोजगारी दिलाउनको लागि सहयोग गर्ने विधि अवलम्बन गरेका थियो। जब प्रतिवादीलाई सजायको लागि अदालतमा ल्याइन्थ्यो तब उनले कसूरदार सुधार उन्मुख भएको प्रतिवेदन प्रस्तुत गर्नुकासाथै कारागार सजायको सट्टा अति न्यून जरिवाना र अदालतको खर्च लाग्ने आदेश गरिदिन न्यायाधीशलाई अनुरोध गर्दथे। सन् १८५८ सम्म उनले लगभग २,००० अभियुक्तहरुको जमानत लिएका थिए। यसर्थ, जोहन अगस्टसलाई पहिलो प्रोवेशन अधिकारीको रुपमा मान्न सकिन्छ।"[७०]

सामान्यतया प्रोवेशन अधिकारी भन्नाले प्रस्तुतिको लागि प्रतिवेदनहरु तयार गर्न, परीक्षणमा राखिएका कसूरदारहरुको पर्यवेक्षण गर्न र उनीहरुलाई वैध नागरिकको रुपमा समाजमा एकिकृत हुन मद्दत गर्न जिम्मेवार अधिकारीलाई प्रोवेशन अधिकारी (Probation Officer) भनेर बुझ्न सकिन्छ[७१] भने बालबालिकाहरुसँग सहकार्य गर्ने प्रोवेशन अधिकारी नै बाल प्रोवेशन अधिकारी (Juvenile Probation Officer) हो। जसको बालबालिकाहरुलाई सल्लाह दिने र पर्यवेक्षण गर्ने, साथै उनीहरूले पालना गर्नुपर्ने प्रोवेशनको शर्तहरूको मूल्याङ्कन जस्ता प्राथमिक कर्तव्यहरू रहेका हुन्छन्।[७२] बाल प्रोवेशन अधिकारीको सम्बन्धमा विभिन्न परिभाषाहरुलाई देहाय अनुसार उल्लेख गरिएका छन्।

- FRANKLIN UNIVERSITY[७३], The Best Adult Colleges and Careers Guide मा बाल प्रोवेशन अधिकारीलाई "Juvenile Probation Officers provide social services to assist in the rehabilitation of law offenders in custody or on probation or parole. Make recommendations for the actions for the offender, including conditional release and

[७०] पूर्वपाद टिप्पणी २७, पृ. ५९७।

[७१] Sue Titus Reid, CRIME AND CRIMINOLOGY 596 (McGraw-Hill Higher Education Group, Inc.) Eighth Edition.

[७२] What Is a Juvenile Probation Officer and How to Become One, हेर्नुहोस्: https://www.ziprecruiter.com/career/Juvenile-Probation-Officer/What-Is-How-to-Become, हेरिएको मितिः २०८०। १२।२२।

[७३] FRANKLIN UNIVERSITY, हेर्नुहोस्: https://www.franklin.edu/about-us, हेरिएको मितिः २०८० १२।२२।

education and employment stipulations."[७४] अर्थात् बाल प्रोवेशन अधिकारीहरूले हिरासतमा वा प्रोवेशन वा प्यारोलमा रहेका कसूरदारहरुको पुनर्स्थापनामा सहयोग गर्न सामाजिक सेवाहरू प्रदान गर्नुका साथै पुनर्स्थापना योजना तर्जुमा र कानूनका विवादमा परेका बालबालिकाको उपचार, सशर्त रिहाई, शिक्षा र रोजगारीका शर्तहरू लगायतका कार्यहरूका लागि सिफारिसहरू गर्दछ भनी उल्लेख गरेको पाइन्छ।

- Learn.Org [७५] मा वाल प्रोवेशन अधिकारीलाई "Juvenile probation officers work with criminal offenders under the age of 18 who were placed on probation by the court. A probation officer is responsible for ensuring that the juvenile in his or her charge abides by laws and does not breach any probation terms."[७६] अर्थात् बाल प्रोवेशन अधिकारीहरूले अदालतबाट प्रोवेशनमा राखिएको १८ वर्ष मुनिका कानूनको विवादमा परेका बालबालिकाहरुसँग काम गर्छन्।प्रोवेशन अधिकारी बालबालिकाले उनीहरुलाई लागेको आरोपमा कानूनको पालना गर्दछ र प्रोवेशनको कुनै पनि शर्तहरुको उल्लंधन गर्दैनन् भन्ने कुरा सुनिश्चत गर्न जिम्मेवार हुन्छ भनी उल्लेख गरिएको पाइन्छ।
- Criminal Justice Degree School[७७] ले बाल प्रोवेशन अधिकारीलाई "Juvenile probation officers (JPO) supervise youth who have been accused or convicted of crimes and are subsequently placed on probation or under protective supervision. JPOs work closely with law enforcement, social services, schools, and parents to help juveniles become successful."[७८] अर्थात् बाल प्रोवेशन अधिकारीहरुले अभियुक्त वा दोषी ठहर गरिएको र पछि प्रोवशन वा सुराक्षात्मक पर्यवेक्षणमा राखिएका युवाहरुको पर्यवेक्षण गर्दछन्।त्यसैगरी बाल प्रोवेशन अधिकारीहरुले बालबालिकाहरुलाई सफल हुन मद्दत गर्नको लागि कानून कार्यान्वयन गर्ने निकाय, समाजिक सेवाहरु प्रदायक संस्था, विद्यालय र अभिभावकहरुसँग नजिक रही काम गर्दछन् भनी उल्लेख गरिएको छ।

---

[७४] FRANKLIN UNIVERSITY, The Best Adult Colleges and Careers Guide, What do Juvenile Probation officer do?, हेर्नुहोस्:https://www.franklin.edu/career-guide/probation-officers-and-correctional-treatment-specialists/what-do-juvenile-probation-officers-do, हेरिएको मितिः २०८०।१२।२२।

[७५]Learn .org, About Learn .org, हेर्नुहोस्: https://learn.org/pages/about_us.html, हेरिएको मितिः २०८०।१२।२७।

[७६]Learn.org, Juvenile Probation Officer: Career Profile, Job Outlook, and TrainingRequirements,हेर्नुहोस्: https://learn.org/articles/Juvenile_Probation_Officer_Career_Profile_Job_Outlook_and_Training_Requirements.html, हेरिएको मितिः २०८०। १२।२७।

[७७] Criminal Justice Degree School, About Us, हेर्नुहोस्: https://www.criminaljusticedegreeschools.com/about/,हेरिएको मितिः २०८०। १२।२७।

[७८]Criminal Justice Degree School, Juvenile Probation Officer: Careers Guide, हेर्नुहोस्: https://www.criminaljusticedegreeschools.com /careers/juvenile-probation-officer/ हेरिएको मितिः२०८०। १२।२७।

- University of Central Florida[७९]ले बाल प्रोवेशन अधिकारीलाई "Juvenile probation officers act in a supervisory capacity, making both announced and unannounced visits to probationers' homes to ensure that they comply with court orders. Beyond assessing compliance with probation orders, unannounced visits present an opportunity to build rapport with juveniles and their families."[८०] अर्थात् बाल प्रोवेशन अधिकारीहरूले अदालतको आदेशहरूको पालनाको सुनिश्चितता गर्न प्रोवेशनरहरूको घरहरूमा पर्यवेक्षकीय हैसियतमा घोषित र अघोषित भ्रमणहरू गर्दछन्। प्रोवेशन आदेशहरूको पालनाको मूल्याङ्कन गर्नु बाहेक अघोषित भ्रमणहरूले बालबालिका र तिनीहरूका परिवारहरूसँग सम्बन्ध निर्माण गर्ने अवसर प्रदान गर्दछ भनी उल्लेख गरिएको पाइन्छ।
- Probation Officer EDU.org,[८१] ले बाल प्रोवेशन अधिकारीलाई "Juvenile probation officers work with a variety of teens and pre-teens within structured or unsupervised environments. Their primary duty is ensuring that their charges adhere to the stipulations of the juvenile judge's orders and to help them integrate back into the education system to become productive members of society."[८२] अर्थात् बाल प्रोवेशन अधिकारीहरू विभिन्न प्रकारका किशोर र किशोर अवस्थामा प्रवेश गर्न लागेका व्यक्तिहरू खुला वातावरण भित्र काम गर्छन्। यसैगरी बालबालिकालाई आरोप लागेको सन्दर्भमा बाल इजलासले आदेश गरेको शर्तहरुको पालना सुनिश्चित र उनीहरूलाई समाजको योग्य सदस्य बन्नको लागि शिक्षा प्रणालीमा पुनः एकीकृत गर्न मद्दत गर्नु नै बाल प्रोवेशन अधिकारीको प्रमुख कर्तव्य हो भनी उल्लेख गरिएको पाइन्छ।
- College Educated[८३] ले बाल प्रोवेशन अधिकारीलाई "The juvenile probation officer furnishes a community service that monitors juvenile probationers by giving family resources and advice so that the juvenile can correct their behavior. One of the goals of a juvenile probation officer is to deter the juvenile from reoffending and to remain

---

[७९]University of Central Florida, ABOUT UCF ONLINE, हेर्नुहोस्: https://www.ucf.edu/online/about-us/#about-ucf , हेरिएको मितिः२०८०/१२/२७।

[८०] University of Central Florida, Juvenile Probation Officer: Salary and career Outlook,हेर्नुहोस्: https://www.ucf.edu/online/criminal-justice/news/juvenile-probation-office/ हेरिएको मितिः २०८०।१२।२७।

[८१] Probation Officer EDU.org,AboutProbationOfficerEDU.org,, हेर्नुहोस्: https://www.probationofficeredu.org/about-us/ हेरिएको मितिः २०८०। १२।२७।

[८२] Probation OfficerEDU.org, Juvenile Probation Officers Careers, हेर्नुहोस्:https://www.probationofficeredu.org/juvenile-probation-officer/, हेरिएको मितिः २०८०। १२।२७।

[८३] College Educated, About College Educated, हेर्नुहोस्: https://collegeeducated.com/about-us//, हेरिएको मितिः २०८०। १२।२७।

on the straight and narrow so that their life will be as productive as possible."[८४] अर्थात् बाल प्रोवेशन अधिकारीले यस्तो सामुदायिक सेवा प्रदान गर्दछन् जसले बाल प्रोवेशनरहरुलाई पारिवारिक संरक्षण र सल्लाह दिएर निगरानी गर्दछ ताकि बालबालिकाहरूले आफ्नो व्यवहार सुधार गर्न सकून्। त्यसैगरी बाल प्रोवेशन अधिकारीको लक्ष्य भनेको बालबालिकालाई पुनः अपराध गर्नबाट रोक्नुका साथै इमानदार र नैतिकवान बनाउनु हो ताकि उनीहरूको जीवन सकेसम्म उपलब्धिमूलक होस् भनी उल्लेख गरेको पाइन्छ।

बाल प्रोवेशनमा वयस्कको प्रोवेशनमा भन्दा प्रोवेशन अधिकारीको भूमिका बृहत् हुन्छ। वयस्क प्रोवेशनमा प्रोवेशन अधिकारीको भूमिका सामान्यतया कसूरदारको निगरानी गरी निगरानी प्रतिवेदन अदालतमा पेश गरेपछि समाप्त हुन्छ। यसमा कसूरदार र प्रोवेशन अधिकारीको सम्बन्ध पनि बढी औपचारिक हुने गर्दछ। तर बाल प्रोवेशन अधिकारी र कानूनको विवादमा परेका बालबालिकाबीचको सम्बन्ध अनौपचारिक हुन्छ। बाल प्रोवेशन अधिकारीले कानूनको विवादमा परेका बालबालिकाको मस्तिष्कमा अंकुरण भएको आपराधिक मनोवृत्तिको जरा पहिल्याई त्यस मनोवृत्तिको निवारण गर्ने र उनीहरुलाई समाजको एउटा असल नागरिक बनाउन केन्द्रीय भूमिका खेल्दछ भन्ने अदालतको अपेक्षा हुन्छ। यसका लागि कानूनको विवादमा परेका बालबालिकाको लागि पुनर्स्थापकीय योजना निर्माण गर्नु पनि बाल प्रोवेशन अधिकारीकै जिम्मेवारी भित्र पर्छ। यसै सन्दर्भमा भारतको दिल्ली स्थित Juvenile Justice Board ले एउटा मुद्दामा बाल प्रोवेशन अधिकारीले बालबालिका, निजको परिवार र स्वंयम् सेवक संस्थाबीच समन्वय गर्ने मात्र नभई कानूनको विवादमा परेका बालबालिकाको मार्गदर्शकको भूमिका पनि निर्वाह गर्नुपर्दछ भनी व्याख्या गरेको पाइन्छ।[८५] अर्थात् बाल प्रोवेशन अधिकारीको जिम्मेवारी अझ गहन र संवेदनशील हुन्छ। अतः बाल इजलासको आदेश अनुसार प्रोवेशनमा रहेका कानूनका विवादमा परेका बालबालिकाहरुलाई परामर्श, बाल बालिकाहरुसँग प्रत्यक्ष सरोकार राख्ने सरकोकारवाला निकायहरुसँग समन्वय र वैकल्पिक उपचारहरुको सिफारिस गर्नको लागि बाल अदालत तथा बाल इजलाससँग नजिक रही काम गर्ने अधिकारी नै बाल प्रोवेशन अधिकारी हो।

---

[८४] College Educated, How to Become a Juvenile Probation officer, हेर्नुहोस्: https://collegeeducated.com/careers/criminal-justice-careers/juvenile-probation-officer/ //, हेरिएको मितिः २०८०।१२।२९।

[८५] यो मुद्दा भारत नयाँ दिल्ली स्थित बाल न्याय बोर्डले निर्णय गरेको हो। यसमा पक्षको पहिचान गोप्य राखिएको छ। ,Anant Kumar Asthana, Juvenile Justice: Law & Practice: [Select orders of Juvenile Justice Board-1, ingsway Camp, Delhi] (2009 – 2012), मा उद्दृत गरिएको हेर्नुहोस्: https://www.haqcrc.org/wp-content/uploads/2020/05/compilation-jjb-orders-by-anant-Kumar-asthana.pdf, /,हेरिएको मितिः २०८०।१२।२९।

## ४.७ बाल प्रोवेशन अधिकारीको जिम्मेवारी

बाल प्रोवेशन अधिकारीले कसूरजन्य कार्यहरुमा संलग्न भएका बालबालिकाहरुसँग प्रत्यक्ष रुपमा सहकार्य गर्नुपर्ने हुन्छ। त्यसैगरी बालबालिकाहरुको सुरक्षा, कल्याण र पुनर्वास सुनिश्चित गर्ने जिम्मेवारी पनि बाल प्रोवेशन अधिकारीको नै हुन्छ। त्यसैले बाल प्रोवेशन अधिकारीसँग कानूनी प्रणाली, प्रभावकारी रुपमा पारस्परिक सम्बन्ध स्थापित गर्ने कौशल र विभिन्न पृष्ठभूमि भएका व्यक्तिहरुसँग घुलमिल हुने क्षमताको सन्दर्भमा पूर्ण बुझाइ हुन आवश्यक हुन्छ। अतः बाल प्रोवेशन अधिकारीले सामान्यतया पूरा गर्नुपर्ने जिम्मेवारीहरुको सन्दर्भमा University of Central Florida[८६] ले उल्लेख गरेका जिम्मेवारीहरुलाई[८७] संक्षिप्त रुपमा देहाय अनुसार उल्लेख गरिएको छ।

- बाल प्रोवेशन अधिकारीले बालबालिकाको निगरानी गर्नुका साथै उनीहरु र उनीहरुको परिवारसँग सुमधुर सम्बन्ध स्थापित गर्नु पर्दछ।
- बाल प्रोवेशन अधिकारीले सुपरिवेक्षकको हैसियतमा काम गर्दा आफ्नो निगरानीमा रहेका बालबालिकाले अदालतको आदेशको पालना गरेको सुनिश्चित गर्न उनीहरुको घरमा घोषित वा अघोषित दुवै रुपमा भ्रमण गर्नुपर्दछ ।
- बाल प्रोवेशन अधिकारीले अदालत र सेवा प्रदायक संस्थाहरुको लागि प्रतिवेदनहरू तयार र प्रस्तुत गर्नुपर्दछ।
- बाल प्रोवेशन अधिकारीले प्रोवेशनमा राखिएका बालबालिकाहरुको सुपरिवेक्षण र मुद्दा व्यवस्थापनको अभिलेखीकरण गर्नु पर्दछ ।
- बाल प्रोवेशन अधिकारीले बालबालिका पुनः कसूरजन्य कार्यमा संलग्न हुन सक्ने जोखिम र उनीहरुको आवश्यकताको आधारमा न्यायाधीशलाई सुझाव पेश गर्नुपर्दछ।
- बाल प्रोवेशन अधिकारीले आवश्यकताको आधारमा अदालतमा उपस्थित हुनुपर्दछ।

## ४.८ प्रोवेशन अधिकारीमा हुनुपर्ने आधारभूत सीपहरू

सफल बाल प्रोवेशन अधिकारी हुनको लागि संचार, आलोचनात्मक सोच र संगठनात्मक सीपहरुका साथै भावनात्मक दृढता लगायतका आधारभूत सीपहरूको आवश्यकता पर्दछ। अतः बाल प्रोवेशन

---

[८६] Juvenile Probation Officer: Salary, Career Outlook and Requirements हेर्नुहोस्: https://www.ucf.edu/online/criminal-justice/news/juvenile-probation-office/, हेरिएको मितिः २०८०।१२।२९।

[८७] ऐजन।

अधिकारीमा सामान्यतया हुनपर्ने आधारभूत सीपहरुको सन्दर्भमा University of Central Florida[८८] ले उल्लेख गरेका केही सीपहरुलाई[८९] संक्षिप्त रुपमा देहाय अनुसार उल्लेख गरिएको छ।

*४.७.१ सञ्चार सीप*

बाल प्रोवेशन अधिकारीहरु स्पष्ट र प्रभावकारी संचारकर्ता हुनुपर्दछ। बाल प्रोवेशन अधिकारीहरु बालबालिकाहरूको अवस्थाको मूल्याङ्कन गर्न मात्र नभई कुन प्रकारको उपचार र सेवाहरूले उनीहरुमा सामाजिक मूल्य मान्यता अनुरुपको परिणाम ल्याउने सम्भावना छ भनेर पनि सिफारिस गर्न सक्षम हुनुपर्छ। त्यसैगरी बाल प्रोवेशन अधिकारीहरु बालबालिकाको पृष्ठभूमि र प्रगतिको बारेमा परिवारका सदस्यहरू, न्यायाधीशहरू र प्रहरी अधिकारीहरूसँग कुराकानी गर्न पनि सक्षम हुनुपर्छ।

*४.७.२ भावनात्मक दृढता*

बाल प्रोवेशन अधिकारीहरुको भूमिका कहिलेकाहीं भावनात्मक रूपमा गाह्रो हुन सक्दछ। बाल प्रोवेशन अधिकारीहरुले प्रायः आफ्नो जीवनको सबैभन्दा जोखिम अवस्थामा रहेका बालबालिकाहरुसँग व्यवहार गरिरहेका हुन्छन् । यी बालबालिकाहरु मध्ये धेरैको लागि कसूरजन्य कार्य गरेको कारणले पहिलो पटक पक्राउ परेको हुन सक्छ। यस्तो अवस्थामा उनीहरु डरलाग्दो, क्रोधित वा प्रतिरोधी हुन सक्छन्। अतः बाल प्रोवेशन अधिकारीले यस्ता उच्च-तनावका अवस्थाहरूलाई बलियो दृढताका साथ र सहानुभूतिपूर्वक व्यवस्थापन गर्न सक्षम हुन आवश्यक हुन्छ।

*४.७.३ आलोचनात्मक सोच र संगठनात्मक कौशल*

बाल प्रोवेशन अधिकारीहरूले व्यक्तिगत मुद्दाहरुको मूल्याङ्कन गर्दा उनीहरूको महत्वपूर्ण सोच कौशल प्रयोग गर्छन्। केही बालबालिकाहरुले प्रोवेशनबाट फाइदा लिन सक्छन् भने अरूलाई थप गहन पर्यवेक्षण वा घर तथा विद्यालय आदिमा राख्न आवश्यक पनि हुनु सक्दछ। बाल प्रोवेशन अधिकारीहरूसँग बालबालिकाको पुनर्स्थापना योजनाको निर्णयमा आफ्नो उत्तम निर्णय प्रयोग र अत्यधिक मुद्दाको चाप भएको अवस्थामा सो व्यवस्थापन गर्नको लागि संगठनात्मक सीपहरू पनि आवश्यक हुन्छ।

## ४.९ बाल प्रोवेशन अधिकारी सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास

विश्वका केही विकसित मुलुकहरुमा बाल प्रोवेशन अधिकारी (Juvenile Probation Officer) सम्बन्धी भएका अभ्यासहरुलाई देहाय अनुसार संक्षिप्त रुपमा उल्लेख गरिएका छन्।

---

[८८] ऐजन।

[८९] University of Central Florida, Training Tomorrow's Healthcare Leaders, हेर्नुहोस्: https://www.ucf.edu/, हेरिएको मितिः २०८०।१२।२९।

### *४.८.१ संयुक्त राज्य अमेरिका (United States of America)*

संयुक्त राज्य अमेरिकामा प्रोवेशनको लामो इतिहास छ। सन् १८७८ मा यहाँ म्यासाचुसेट्स (Massachusetts) राज्यमा बाल प्रोवेशन सम्बन्धी पहिलो कानून पारित भएको थियो। त्यसपछि सन् १९५१ सम्म संयुक्त राज्य अमेरिकाको सबै राज्य र संघले समेत प्रोवेशन सम्बन्धी कानून तर्जुमा गरी लागू गरेको पाइन्छ।[९०]

प्रोवेशनका पिता John Augustus लाई वयस्कहरुको प्रोवेशनसँगसगैं बालबालिकाहरुका लागि पनि प्रोवेशनसम्बन्धी कार्य गरेकाले उनलाई नै बाल प्रोवेशनको समेत प्रणेताका रुपमा लिइन्छ।[९१] संयुक्त राज्य अमेरिकामा कानूनसँग द्वन्द्वमा रहेका बालबालिकाको हकमा प्रोवेशन सम्बन्धी व्यवस्थाको शुरुवात स्वयमसेवकहरुको योगदानबाट भएको भएता पनि[९२] कानूनसँग द्वन्द्वमा परेका बालबालिका सम्बन्धी छुट्टै कानून तर्जुमा भएपश्चात् भने व्यावसायिक बाल प्रोवेशन अधिकारीको व्यवस्था भएको पाइन्छ। त्यसैगरी कानूनको द्वन्द्वमा परेका बालबालिकाको निगरानी गर्ने प्रोवेशन अधिकृतले बाल इजलास (Juvenile Courts) कै अभिन्न अङ्गको रुपमा कार्य गर्ने गर्दछ।[९३] तर बाल प्रोवेशन अधिकारी सम्बन्धी कानूनी प्रावधान भने हरेक राज्यका छुट्टै कानूनबाट नियमन हुने गरेको पाइन्छ। उदाहरणका लागि Pennsylvania राज्यको प्रोवेशन अधिकृतको न्यूनतम कानूनी योग्यता निम्न बमोजिम रहेको छ;[९४]

- कानूनमा स्नातक उपाधि प्राप्त,
- Social Science वा Behavioral Science मान्यता प्राप्त शिक्षण संस्थाबाट १८ Credit Hour को अध्ययन पूरा गरेको,
- तोकिएबमोजिम अन्य योग्यता। जस्तैः Aptitude Test, Attitude Test र अन्य आवश्यक ज्ञान, सीप, योग्यता आदि।

अमेरिकामा वर्षमा लगभग २,६५००० जना बालबालिकाहरुलाई प्रोवेशनमा पठाउने गरेको पाइन्छ। अमेरिकाभरि बाल प्रोवेशन अधिकारीको रुपमा काम गर्न १५ हजारदेखि २० हजार जनशक्ति रहेको

---

[९०]PDXScholar, Ryan M. Labrecque, *Probation in United States: A Historical and Modern Perspective*, हेर्नुहोस्:https://pdxscholar.library.pdx.edu/cgi/viewcontent.cgi?article=1029&context=ccj_fac,हेरिएको मितिः २०८०।१२।२९।

[९१] National Center for Juvenile Justice, *Desktop Guide to Good Juvenile Probation Practice* 7, हेर्नुहोस्: http://www.ncjj.org/pdf/DesktopGuide2002_full.pdf , हेरिएको मितिः २०८१।१।२।

[९२]Department of Education (gov), *Renewing Juvenile Justice ३*,हेर्नुहोस्: https://files.eric.ed.gov/fulltext/ED537791.pdf हेरिएको मितिः २०८१।१०।३०।

[९३] ऐजन,पृ.५।

[९४] LII/Legal Information Institute, *37 Pa. Code § 200.1002 - Juvenile probation officer employment qualifications,* हेर्नुहोसः https://www.law.cornell.edu/regulations/pennsylvania/37-Pa-Code-SS-200-1002, हेरिएको मितिः२०८०।१०।२०।

पाइन्छ। सामान्यतया फौजदारी कानूनमा स्नातक वा Psychology, Social Work र Counselling जस्ता विषयमा स्नातक भएको व्यक्तिले बाल प्रोवेशन अधिकारीको रुपमा काम गरिरहेको पाइन्छ।

### *४.८.२ संयुक्त अधिराज्य (United Kingdom)*

संयुक्त अधिराज्यमा फौजदारी न्यायका तीन पृथक प्रणालीहरु क्रियाशील रहेका छन्। यहाँ England and Wales को भन्दा Scotland र Northern Ireland मा पृथक कानूनहरु रहेका छन्। यी तीनैवटा भिन्न भिन्न फौजदारी कानून प्रणालीहरुमा अन्तर्निहित दर्शनहरू भने समान रहेको पाइन्छ।[९५] England र Wales,[९६] Scotland[९७] र Northern Ireland[९८] मा Juvenile Justice System नभनेर Youth Justice System भनिन्छ।

संयुक्त अधिराज्यको England and Wales मा The Children Act (1908) र Prevention of Crime Act (1908) ले बाल न्यायको राष्ट्रिय प्रणाली स्थापित गरेको थियो।[९९] त्यस्तै Probation of Offenders Act (1907) ले सामुदायिक निगरानीलाई कारावासको विकल्पको रुपमा प्रचलनमा ल्याएको थियो।[१००] त्यस्तै यही ऐनको दफा ३ को उपदफा (२) ले बालबालिकाको १६ वर्षमुनिका बालबालिकाको हकमा बाल प्रोवेशन अधिकारीको व्यवस्था गरेको थियो।[१०१] सन् १९०८ को Children Act ले प्रथम पटक बाल अदालतको व्यवस्था गर्‍यो र १४ वर्षमुनिका बालबालिकाको हकमा कारावास सजायलाई निवारण गरेको पाइन्छ।[१०२] यसै क्रममा The Children and Young Persons Act (1969) मा भने कारागारको विकल्पको रुपमा समुदायमा राखेर समाजसेवी वा प्रोवेशन अधिकारीबाट कानूनसँग द्वन्द्वमा

---

[९५]United Kingdom (From Probation in Europe, P 454-507, 1981, C G Cartledge et al, ed. - हेर्नुहोसः office of justice programs (gov), https://www.ojp.gov/ncjrs/virtual-library/abstracts/united-kingdom-probation-europe-p-454-507-1981-c-g-cartledge-et-al, हेरिएको मितिः२०८०।१०।१९।

[९६]*Ian Blakeman, The Youth Justice System of England and Wales 80,)* हेर्नुहोस्: https://www.unafei.or.jp/publications/pdf/RS_No78/No78_13VE_Blakeman.pdf, हेरिएको मितिः२०८०।१०।२० ।

[९७] Center for Youth and Criminal Justice (CYCJ), A Guide to Youth Justice in Scotland: policy, practice and legislation, हेर्नुहोस्:https://www.cycj.org.uk/wp-content/uploads/2016/06/A-guide-to-Youth-Justice-in-Scotland.pdf, हेरिएको मितिः२०८०।१०।१६।

[९८] in direct government services, Youth Justice¸हेर्नुहोस्: https://www.nidirect.gov.uk/articles/youth-justice#:~:text=The%20youth%20justice%20system%20in,terms%20with%20what%20has%20happened, हेरिएको मितिः२०८०।१०।१६।

[९९]*Barry Goldson, Excavating Youth Justice Reform: Historical Mapping and Speculative Prospect*, Wiley online library, हेर्नुहोस्:https://onlinelibrary.wiley.com/doi/10.1111/hojo.12379, हेरिएको मितिः२०८०।१०।१६।

[१००]*Probation of Offenders Act, 1907. S. 1(2),* Legislation gov uk,हेर्नुहोस्: https://www.legislation.gov.uk/ukpga/1907/17/pdfs/ukpga_19070017_en.pdf, हेरिएको मितिः२०८०।१०।१६।

[१०१] ऐजन।

[१०२]*Akira Kyo et.al, Youth Justice in England and Wales: Past, Present and Future*, हेर्नुहोस्: University of Portsmouth, हेर्नुहोस्: https://pure.port.ac.uk/ws/portalfiles/portal/13541340/Ryukoku_64_92.pdf, हेरिएको मितिः२०८०।१०।१६।

रहेका बालबालिकालाई निगरानी गरिने व्यवस्था रहेको थियो।[१०३] हाल कानूनसँग द्वन्द्वमा रहेका बालबालिकालाई लक्षित गरी England and Wales मा विभिन्न कानूनहरु क्रियाशील छन्। यस मध्ये मुख्य रुपमा Children and Young Persons Act (1933) र Crime and Disorder Act (1998) महत्वपूर्ण छन्। Crime and Disorder Act (1998) मा "Youth Justice System" को मूल उद्देश्य नै कानूनसँग द्वन्द्वमा आउने अवस्था तथा परिस्थितिको रोकथाम गर्नु रहेको उल्लेख गरिएको छ।[१०४] यसका लागि Youth Offending Team को अवधारणा यस ऐनले अगाडि सारेको छ। यस "Youth Offending Team" बाल न्याय प्रणालीका मुख्य सरोकारवालाको समूह हो जसले स्थानीय तहमा कानूनसँग द्वन्द्वमा बालबालिका आउनुपूर्व नै रोकथाम गर्नका लागि विभिन्न कदम चाल्दछ।[१०५] यस समूहको महत्वपूर्ण सदस्यका रुपमा प्रोवेशन अधिकृत रहेका हुन्छन्।[१०६] England and Wales मा प्रोवेशन सम्बन्धी कार्य गर्न Probation Service in England and Wales जिम्मेवार निकाय हो । England and Wales मा प्रोवेशन अधिकृतका रुपमा कार्य गर्न अन्य योग्यताका अतिरिक्त १५ वा २१ महिनाको Professional Qualification in Probation (PQiP) को योग्यता आवश्यक पर्दछ।[१०७]

Northern Ireland को फौजदारी न्याय प्रणालीमा पनि बालबालिकासँग सम्बन्धीत मुद्दाहरु England and Wales मा जस्तै दिशान्तर गरिन्छ भने र बाँकी मुद्दामात्र Youth Court मा पठाइन्छ।[१०८] Northern Ireland मा Probation Board for Northern Ireland अन्तर्गत रही प्रोवेशन सेवा प्रदान गरिन्छ। Scotland मा प्रोवेशन अधिकृतलाई Criminal Justice Social Worker भनिन्छ । त्यस्तै Scotland मा Scottish Social Service Council बाट इजाजत प्राप्त भएपछिमात्र प्रोवेशन अधिकृतका रुपमा कार्य गर्न पाइन्छ। यहाँ प्रोवेशन अधिकृतका रुपमा कार्य गर्न Scottish Social Services Council (SSSC) बाट मान्यताप्राप्त Social Work मा स्नातक वा स्नातकोत्तर उपाधि हासिल गर्नुपर्दछ।[१०९]

---

१०३ B. Anderson, *Short History of Juvenile Justice in England and Wales*, Office of Justice Programs(gov), हेर्नुहोस्:https://www.ojp.gov/ncjrs/virtual-library/abstracts/short-history-juvenile-justice-england-and-wales, हेरिएको मितिः२०८०।१०।१६।

१०४ *Crime and Disorder Act,1998.S.37(1)* Legislation. Gov. uk, हेर्नुहोस्: https://www.legislation.gov.uk/ukpga/1998/37/pdfs/ukpga_19980037_en.pdf, हेरिएको मितिः २०८०।१०।१६ ।

१०५ Ian Blakeman, *The Youth Justice System of England and Wales 80*, हेर्नुहोस्: https://www.unafei.or.jp/publications/pdf/RS_No78/No78_13VE_Blakeman.pdf , हेरिएको मितिः २०८०।१०।१५।

१०६ ऐजन, *S.39(5)*(a)।

१०७ Prospects, *Probation Officer job profile*, हेर्नुहोस् :https://www.prospects.ac.uk/job-profiles/probation-officer#: , हेरिएको मितिः २०८०।१०।१५।

१०८ Fat Finucane Centre, *A Guide to Criminal Justice System in Northern Ireland)*, हेर्नुहोस्: https://www.patfinucanecentre.org/sites/default/files/2016-10/cjsni_guide.pdf , हेरिएको मितिः २०८०।१०।१५।

१०९ पूर्वपाद टिप्पणी १०८।

*४.८.३ भारत (India)*

भारतमा प्रोवेशन सम्बन्धी सामान्य र विशेष कानूनी व्यवस्था छन्। भारतीय Code of Criminal Procedure (CrPC), 1973 मा प्रोवेशन सम्बन्धी सामान्य कानूनी व्यवस्था छ। त्यसैगरी Juvenile Justice (Care And Protection Of Children) Act, 2000 बालबिज्याँईमा संलग्न बालबालिकाको हकमा लागू हुने विशेष कानूनी व्यवस्था हो।[११०] CrPC मा भएको कानूनी व्यवस्थाले विशेष कानूनी व्यवस्थालाई असर नगर्ने कानूनी प्रावधान छ।[१११] त्यसैगरी Juvenile Justice (Care and Protection of Children) Act, 2000 को दफा ४ मा बाल न्याय बोर्ड (Juvenile Justice Board) को गठन सम्बन्धी व्यवस्था छ। उक्त बाल न्याय बोर्ड बालबालिका सम्बन्धी प्रावधानहरु कार्यान्वयन गर्नका लागि प्रमुख निकायको रुपमा रहेको पाइन्छ।[११२] सोही ऐनको दफा १५ मा कुनै बालबालिकाले कानूनसँग बाझिने कार्य गरेमा बाल न्याय बोर्डले निज बालबालिकालाई उसको राम्रो चालचलनको आधारमा अभिभावक, संरक्षक वा अन्य योग्य व्यक्तिको जिम्मा लगाइ, कागज गराएर कसैलाई जमानीमा राखी वा नराखी प्रोवेशनमा रहने गरी समुदायमा नै पठाउन सक्ने व्यवस्था गरिएको छ।[११३] तर यस्तो प्रोवेशनको अवधि ३ वर्षभन्दा बढी हुन नहुने [११४] कानूनी प्रावधान पनि रहेको छ।

कानूनसँग द्वन्द्वमा रहेका बालबालिकालाई प्रोवेशनमा राख्दा निज बालबालिका प्रोवेशन अधिकारी (Probation Officer) को निगरानीमा रहने कानूनी व्यवस्था भएता पनि बाल प्रोवेशन अधिकारीको (Juvenile Probation Officer) सम्बन्धी छुट्टै कानूनी व्यवस्था भने भारतीय कानूनमा भएको पाइदैन।[११५] किनकी यस Juvenile Justice (Care and Protection of Children) Act, 2000 मा प्रोवेशन अधिकारी सम्बन्धी परिभाषा गर्दा प्रोवेशन अधिकारी भन्नाले Probation of Offenders Act, 1958 अन्तर्गत राज्यले नियुक्त गरेको प्रोवेशन अधिकारीलाई सम्झनु पर्छ भनी परिभाषित गरिएको पाइन्छ।[११६] त्यसैगरी Probation of Offenders Act, 1958 को दफा १३ मा राज्य सरकारद्वारा प्रोवेशन अधिकारीको रूपमा

---

[११०] C.V. Karthikeyan ,Madras High Court, *Law Relating to Probation: An Overview*,हेर्नुहोस्: https://nja.gov.in/Concluded_Programmes/2022-23/P1341_PPTs/1.Law%20Relating%20to%20Probation%20An%20Overview%20-Session-II.pdf, हेरिएको मितिः २०८०।१०।१४।

[१११] India Code, *THE CODE OF CRIMINAL PROCEDURE[CrPC]* 1973,S.360(10), हेर्नुहोस्: https://www.indiacode.nic.in/bitstream/123456789/15272/1/the_code_of_criminal_procedure%2C_1973.pdf, हेरिएको मितिः २०८०।१०।१४।

[११२]India Code, *Juvenile Justice (Care and Protection of Children) Act,2000,S.4*,),हेर्नुहोस्: https://odishapolicecidcb.gov.in/sites/default/files/Juvenile%20Justice%20%28Care%20And%20Protection%20Of%20Children%29%20Act%2C%202000.pdf, हेरिएको मितिः २०८०।१०।१४।

[११३] ऐजन, S.15 ।

[११४] ऐजन, S.15 (f)।

[११५] ऐजन।

[११६] ऐजन, *S.2(s)*।

नियुक्त गरिएको वा राज्य सरकारद्वारा मान्यता प्राप्त व्यक्ति वा यस उद्देश्यको लागि राज्य सरकारको तर्फबाट उपलब्ध गराइएको समाजिक रुपमा प्रतिष्ठित व्यक्ति वा कुनै पनि असाधारण विषयको सन्दर्भमा अदालतको विचारमा मुद्दाको विशेष परिस्थितिमा प्रोवेशन अधिकारीको रूपमा काम गर्न योग्य हुने कुनै अन्य व्यक्ति यस ऐन अनुसार प्रोवेशन अधिकारी हुनेछ भनी उल्लेख भएको पाइन्छ।[११७]

[११७] ऐजन, S.13।

# परिच्छेद – पाँच

# नेपालको बाल न्याय प्रणालीमा प्रोवेशन अधिकारी सम्बन्धी व्यवस्था

## ५.१ पृष्ठभूमि

नेपालको संविधान (२०७२) प्रचलनमा आएपश्चात यस संविधानमा मौलिक हकको रुपमा व्यवस्था भएको बालबालिकाको हकको कार्यान्वयनको सन्दर्भमा बालबालिका सम्बन्धी ऐन, २०४८ लाई प्रतिस्थापन गरी प्रचलनमा आएको बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा पहिलो पटक प्रोवेशन र प्रोवेशन अधिकारी सम्बन्धी व्यवस्था गरिएको हो। त्यसैले नेपालको बाल न्याय प्रणालीको सन्दर्भमा प्रोवेशन तथा प्रोवेशन अधिकारीसम्बन्धी व्यवस्था नवीनतंम व्यवस्था हो। यस नवीन व्यवस्थाले नेपाल पक्ष भएका संयुक्त राष्ट्र संघीय विभिन्न दस्तावेजहरुमा समावेश भएका प्रोवेशन तथा प्रोवेशन अधिकारीसम्बन्धी प्रावधानहरुलाई पनि आत्मसात गरेको पाइन्छ। अतः नेपालको बाल न्याय प्रणालीमा प्रोवेशन अधिकारीसम्बन्धी अवधारणा स्पष्ट रुपमा स्थापित भइसकेको छ।

## ५.२ नेपालको बाल न्याय प्रणालीमा प्रोवेशन अधिकारी

वयस्क व्यक्तिले फौजदारी कानूनको उल्लङ्घन गरेको अवस्थामा फौजदारी न्याय प्रणाली अनुसार न्यायिक प्रक्रियामा अगाडि बढाउने गरिन्छ भने बालबालिकाले गरेको त्यस्तै प्रकृतिको कार्यलाई बालबिज्याँई (Delinquency) वा कानूनसँगको द्वन्द्वमा परेका बालबालिका (Children in Conflict with Law) भनी फरक ढङ्गले व्यवहार गरिन्छ। बालबालिकाको विशेष आबश्यकता र हितलाई ध्यानमा राखेर सामान्य फौजदारी न्यायको प्रक्रियाभन्दा फरक किसिमले अबलम्बन गरिने कानूनी कारवाही र न्यायसम्पादनको कार्यलाई सामान्य रुपमा बाल न्याय सम्बन्धी व्यवस्था भनेर बुझिन्छ।[११८] आपराधिक मनसायको अभावमा अज्ञानतावश कानूनको विवादमा परेका बालबालिकालाई सुधारात्मक उपायहरुको अवलम्बन गरी उपचार गरिने विषय नै बाल न्याय प्रणाली हो।

बाल न्यायलाई भिन्नभिन्न विद्वानहरुले यसरी परिभाषित गरेको पाइन्छ; समाजशास्त्री गस मार्टिनका विचारमा समस्यामा परेका बालबालिकालाई मुद्दाको कारवाईको दौरानमा उनीहरुको अधिकारको संरक्षण र संवर्द्धन हुने गरी निष्पक्ष व्यवहार एवम् उपचार गर्नु नै बाल न्याय हो। विशेषतः बालबालिकालाई उनीहरुको उमेर अनुकुल उचित तवरले व्यवहार गर्ने पद्धति नै बाल न्याय हो। यस

---

[११८] ऋषिकेश वाग्ले र रमादेवी पराजुली, बाल न्याय प्रणाली, महिला तथा बालबालिका विरुद्ध हुने अपराध नियन्त्रण (सैद्धान्तिक अवधारणा, कानून र न्यायिक दृष्टिकोण) ३५८, महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं, २०७१।

अन्तर्गत बालबालिकालाई उनीहरुको अवस्था सुहाँउदो व्यवहार छुट्टै प्रकारले गरिन्छ।[११९] बाल न्याय किशोरकिशोरीको समाजप्रतिको भूमिकाका साथसाथै बालबालिकाप्रति समाजको प्रत्युक्ति वा कारबाईसम्बन्धी नेतृत्वकारी विश्वासहरुसँग सम्बन्ध राख्छ। यसले बालबालिकाका लागि स्वच्छ वा उचित वा अझ भनौं सर्वोत्तम के देखिन्छ भन्ने कुरासँग विशेष सरोकार राख्छ।[१२०] बाल न्यायलाई पर्याप्त मात्रामा उमेर पुगी नसकेका व्यक्तिले गरेको अपराधिक कार्यको उत्तरदायित्व बहन गराउने सन्दर्भमा लागू हुने फौजदारी कानून पनि भनिएको छ।[१२१] बृहत रुपमा हेर्दा बाल न्यायले बालबालिकाको संरक्षण तथा स्याहारको लागि आवश्यकता पर्ने सबै प्रकारका कल्याण तथा भलाईका कार्यलाई सम्बोधन गर्दछ भने औपचारिक बाल न्याय प्रणालीको रुपमा हेर्दा यसले विभिन्न कारणवश कानूनसँग विवादमा परेका तथा पर्ने सम्भावना रहेका बालबालिकासँग गरिने व्यवहार र विधिका बारेमा सम्बोधन गर्दछ। यसले, राजनैतिक, सामाजिक र आर्थिक पाटोमा बालबालिकाको लागि स्वच्छ र न्यायपूर्ण व्यवहार हुनुपर्ने सम्भावना रहेका बालबालिकाप्रति न्यायिक कारवाहीका औपचारिक प्रकृयाका चरणहरुका क्रममा जस्तोः पक्राउ, सुनुवाइ, सजाय, संस्थागत स्याहार, नियन्त्रणमा राख्ने तथा उत्तर संरक्षण गरिने व्यवहारलाई जनाउँदछ।[१२२]

बालअधिकार सम्बन्धी महासन्धि, १९८९ ले बालबालिका भन्नाले बालबालिका सम्बन्धी कानूनले पहिले नै साबालक हुन्छ भनी तोकेकोमा बाहेक १८ बर्ष भन्दा कम उमेरमा प्रत्येक मानव जाति सम्झनु पर्दछ भनी बालबालिकाको परिभाषा गरेको छ।[१२३] यस महासन्धिको पक्ष राष्ट्र भएको नाताले नेपालको बालबालिका सम्बन्धी ऐन, २०७५ ले पनि बालबालिका भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ भनी परिभाषित गरेको छ।[१२४] यस परिभाषा अन्तर्गतका बालबालिका शारीरिक तथा मानसिक रुपमा पूर्ण विकसित भई नसकेको हुँदा उनीहरुमा पर्याप्त परिपक्वताको अभावको कारणले कुनै पनि काम गर्दा अन्य वयस्क मानिसको जस्तो सोच विचार गरेर गर्न नसक्ने तथा कार्यको परिणामको बारेमा जानकारी हुँदैन।[१२५] त्यसैले उनीहरुले कुनै पनि कसूरजन्य कार्य[१२६]

---

[११९]मा. किशोर सिलवाल, बाल न्याय र नेपालमा यसको अवस्था¸*बाल न्याय स्रोत सामग्री* २,राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, मनमैंजु, काठमाडौं.२०७३¸मा उद्धृत गरिएको¸ GUS Martin. (2005). Juvenile justice: Process and Systems.Publication: London: Sage Publication, Inc.P.4.

[१२०] ऐजन¸ M.A, Bortner. (1988). Delinquency and justice: Age of Crisis. Publication: McGRAW-Hill Book Company.Inc.p.3.

[१२१]बाल इजलासबाट हेरिएका मुद्दाहरुको मुद्दा प्रवाह अवस्था अध्ययन प्रतिवेदन १०. बाल न्याय समन्वय समिति सचिवालय, हरिहरभवन,ललितपुर, नेपाल.२०६९।

[१२२] ऐजन¸Ved Kumari. (2004). Juvenile Justice System In India. Published by; Oxford University Press, New Delhi.pp.3-4.

[१२३] पूर्वपाद टिप्पणी १¸ धारा १।

[१२४] पूर्वपाद टिप्पणी १५¸ दफा २(ज)।

[१२५] पूर्वपाद टिप्पणी १२२¸पृ.९।

[१२६] पूर्वपाद टिप्पणी १५, दफा २(ग)।

गरेको अवस्थामा उनीहरुलाई कानूनको विवादमा परेका बालबालिका[१२७] रुपमा वयस्क कसूरदार भन्दा फरक ढङ्गले व्यवहार गरिन्छ। त्यसैगरी बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रबर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्ने[१२८] गरी कसूरजन्य कार्यको उजुरी, अनुसन्धान तथा अभियोजन[१२९] र मुद्दाको सुनुवाइ[१३०] तथा बाल न्याय सम्बन्धी[१३१] व्यवस्था अनुसार बाल न्याय सम्पादन गर्नु पर्दछ।

अतः कानूनले दण्डनीय मानेको कसूर गरेका तर कम उमेर, शारीरिक र मानसिक अपरिपक्वताको कारण वयस्क कसूरदार सरह कारवाही नगरिएका बालबालिकाको आचरण तथा व्यवहार सच्याउनका लागि बाल सुधार गृह, दिशान्तर, सजाय स्थगन लगायत प्रोवेशन र प्रोवेशन अधिकारीसम्बन्धी अवधारणालाई नेपालको बाल न्याय प्रणालीमा अबलम्वन गरिएको पाइन्छ।

### *५.२.१ प्रोवेशन अधिकारी सम्बन्धी संयुक्त राष्ट्र संघीय व्यवस्था*

बालबालिकाको सामाजिक संरक्षण[१३२] र शैक्षिक अधिकार[१३३] सम्बन्धी व्यवस्था मानव अधिकारको विश्वव्यापी घोषणापत्र,१९४८ ले गरे तापनि यस घोषणापत्रले बृहत रुपमा बालबालिकाको सरोकारका विशिष्टीकृत अवधारणालाई सम्बोधन गर्न नसकेको हुँदा सन् १९५९ मा संयुक्त राष्ट्र संघको महासभाले बाल अधिकारको घोषणापत्र (Declaration of the Rights of the Child,1959) जारी गऱ्यो। यो घोषणापत्र बाल अधिकारको आधारभूत सिद्धान्तमा पहिलो प्रमुख अन्तर्राष्ट्रिय सहमतिको[१३४] रुपमा रहे तापनि यसको कार्यान्वयनको पक्ष उल्लेखनीय रहेको पाँइदैन। अतः नेपाल पक्ष राष्ट्र भएको बाल न्यायसँग सरोकार भएका संयुक्त राष्ट्र संघीय दस्तावेजहरुमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा बाल प्रोवेशन तथा बाल प्रोवेशन अधिकारीसँग सम्बन्धीत व्यवस्थालाई देहाय अनुसार उल्लेख गरिएको छ।

---

[१२७] ऐजन, दफा २(घ)।

[१२८] ऐजन, प्रस्तावना।

[१२९] बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६, परिच्छेद -२।

[१३०] ऐजन, परिच्छेद -४।

[१३१] पूर्वपाद टिप्पणी १५, परिच्छेद -४।

[१३२] मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८, धारा २५(२)।

[१३३] ऐजन, धारा २५(१)।

[१३४] Decleration of the Rights of the Child ,1959हेर्नुहोस्: https://www.humanium.org/en/declaration-rights-child-2/, हेरिएको मितिः २०८०।९।६।

### *५.२.२ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६*

बालबालिकाहरुको हकमा निजहरुको उमेर तथा पुनर्स्थापना प्रवर्द्धन गर्ने बाञ्छनीयतालाई मध्यनजर राख्ने किसिमका कार्यविधिहरुको व्यवस्था हुने[१३५] कुराको उल्लेख यस अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा पनि गरिएको छ।

### *५.२.३ बाल अधिकार सम्बन्धी महासन्धि, १९८९*

बालबालिकाहरुमा शारीरिक तथा मानसिक अपरिपक्कता रहने हुनाले तिनीहरुलाई विशेष सुरक्षा र हेरचाहको आवश्यकता पर्ने भएकोले उनीहरुलाई विशेष कानूनी संरक्षण दिने उद्देश्यले २ सेप्टेम्बर १९९० देखि लागू भएको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ मा बालबालिकाको पक्राउ, थुना वा कैद कानून अनुरुप हुने र अन्तिम उपायको रुपमा र सबभन्दा कम समुचित समयावधिको लागि मात्र प्रयोग गरिने[१३६], बालबालिकाको हित अनुकुल हुने गरी तथा उनीहरुको परिस्थिति र कसूर दुबैको समानुपातिक हुने गरी निजहरुसँग व्यवहार गर्ने कुरा सुनिश्चित गर्न प्रोवेशनका विकल्प उपलब्ध हुने[१३७] व्यवस्था यस महासन्धिमा गरिएको पाइन्छ।

### *५.२.४ बाल न्याय प्रशासनका लागि संयुक्त राष्ट्र संघीय न्यूनतम् मापदण्डको नियमावली (बेइजिङ नियमावली), १९८५*

सकेसम्म उच्चतम हदमा संस्थापनाकरणलाई त्यागने लचकताका लागि सक्षम अधिकारीलाई निप्टाराका विभिन्न उपायहरुमध्ये प्रोवेशन पनि उपलब्ध गराइने[१३८] व्यवस्था यस नियमावलीमा गरेको पाइन्छ।

### *५.२.५ गैरहिरासतीय उपायसम्बन्धी संयुक्त राष्ट्र संघीय न्यूनतम् मापदण्डको नियमावली (टोकियो नियमावली), १९९०*

गैरहिरासतीय उपायको किनारा गर्ने दायरामा न्यायिक अधिकारीले यससम्बन्धी निर्णय गर्दा कसूरदारको पुनर्स्थापनाको आवश्यकतालाई विचार गर्नुपर्ने,[१३९] सजाय निदान गर्ने अधिकारीले प्रोवेशन र न्यायिक

---

[१३५] नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६, धारा १४(४)।

[१३६] पूर्वपाद टिप्पणी १, धारा ३७(ख)।

[१३७] ऐजन, धारा ४०(४)।

[१३८] बाल न्याय प्रशासनका लागि संयुक्त राष्ट्र संघीय न्यूनतम् मापदण्डको नियमावली (बेइजिङ नियमावली), १९८५, नियम १८.१(ख)।

[१३९] गैरहिरासतीय उपायसम्बन्धी संयुक्त राष्ट्र संघीय न्यूनतम् मापदण्डको नियमावली (टोकियो नियमावली), १९९०, नियम ८(८.१)।

सुपरिवेक्षणका तरिकाद्वारा मुद्दाको किनारा लगाउन सक्ने[१४०] जस्ता व्यवस्थाहरु यस नियमावलीमा गरिएको पाइन्छ।

नेपाल सन्धि ऐन,२०४७ मा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानून सरह लागू हुनेछ[१४१] भन्ने व्यवस्थाले नेपालले अनुमोदन गरेसकेका माथि उल्लेखित बाल न्यायसँग सरोकार राख्ने संयुक्त राष्ट्र संघीय दस्तावेजहरुको प्रभावकारी कार्यान्वनलाई प्रत्याभूति गरेको पाइन्छ।

## ५.३ प्रोवेशन अधिकारी सम्बन्धी राष्ट्रिय कानूनी व्यवस्था

नेपालको संविधानले प्रत्येक बालबालिकालाई बाल अनुकुल न्यायको हक सुनिश्चित गरेको छ।[१४२] यो संवैधानिक व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि कानूनी विवादमा परेका बालबालिकाको हकमा न्यायसम्पादन गर्नको लागि प्रचलनमा रहेका बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा भएका प्रोवेशन अधिकारी सम्बन्धी व्यवस्थाहरुलाई देहाय अनुसार उल्लेख गरिएको छः-

### *५.३.१ बालबालिका सम्बन्धी ऐन, २०७५*

बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न प्रचलनमा[१४३] आएको यस ऐनमा प्रोवेशन अधिकारी सम्बन्धी गरिएका व्यवस्थाहरुलाई देहायनुसार उल्लेख गरिएको छः

- प्रोवेशन अधिकारी सम्बन्धी व्यवस्थाः कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाको निकट सम्पर्कमा रही निजसँग सम्बन्धीत मुद्दाको अनुसन्धान, निगरानी कक्षको निरीक्षण, दिशान्तर, बाल अदालतको आदेशको कार्यान्वयनको स्थितिबारे प्रतिवेदन तयार गर्ने समेतका कार्य गर्ने गरी नेपाल सरकारले प्रत्येक जिल्लामा एक प्रोवेशन अधिकारी नियुक्त गर्ने[१४४] सो बमोजिम प्रोवेशन अधिकारी नियुक्त नभएसम्मको लागि नेपाल सरकारले प्रेवेशन अधिकारीको रुपमा कार्य गर्न नेपाल सरकारको कुनै अधिकारीलाई तोक्न सक्ने[१४५] त्यसैगरी प्रोवेशन

---

[१४०] ऐजन, नियम ८(८.२)(ज)।
[१४१] नेपाल सन्धि ऐन,२०४७, दफा ९(१)।
[१४२] नेपालको संविघान, धारा ३९(८)।
[१४३] पूर्वपाद टिप्पणी १५,प्रस्तावना।
[१४४] ऐजन,दफा ७९(१)।
[१४५] ऐजन,दफा ७९(२)।

अधिकारीको काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुने[१४६] व्यवस्था यस ऐनमा गरिएको छ।

### *५.३.२ बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६*

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८५ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले बनाएको यस नियमावलीमा बाल प्रोवेशन अधिकारी सम्बन्धी भएका व्यवस्थाहरुलाई देहाय अनुसार उल्लेख गरिएको छः-

- प्रोवेशन अधिकारीको बाल न्यायसँग सम्बन्धीत काम, कर्तव्य र अधिकारः ऐन तथा यस नियमावलीमा उल्लेख भएका काम,कर्तव्य र अधिकारको अतिरिक्त प्रोवेशन अधिकारीको बाल न्यायको सन्दर्भमा कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाको मुद्दाको अनुसन्धान सम्बन्धी प्रक्रिया अवलोकन गरी बाल अदालतलाई आवश्यक प्रतिवेदन पेश गर्ने,[१४७] निगरानी कक्ष, सुधार गृह तथा अन्य संघ संस्थामा राखिएका बालबालिका स्थितिबारे अध्ययन गरी बाल अदालतलाई आवश्यक प्रतिवेदन पेश गर्ने,[१४८] दिशान्तरको क्रममा अनुसन्धान अधिकारी, अभियोजनकर्ता र बाल अदालतबाट भएको आदेशको पालना भए नभएको सम्बन्धमा अध्ययन गरी उक्त निकायहरुलाई आवश्यक प्रतिवेदन पेश गर्ने,[१४९] बाल अदालतले दिएका आदेशहरुको कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन गरी बाल अदालतलाई आवश्यक प्रतिवदेन पेश गर्ने [१५०],बालबालिकालाई परिवार तथा समुदायमा पुनर्स्थापना गर्न सहयोग गर्ने[१५१],बाल अदालतले प्रोवेशनमा रहने गरी तोकेको बालबालिकाहरुको सुपरिवेक्षण गर्ने,[१५२] बालबालिका संलग्न कसूरजन्य कार्यको अनुसन्धान वा अभियोजनको क्रममा अनुसन्धान अधिकारी वा अभियोजनकर्ताले मागेको कुनै विवरण वा जानकारी उपलब्ध गराउने[१५३],बाल अदालतले तोकेको अन्य कार्य गर्ने[१५४] काम कर्तव्य र अधिकार हुने व्यवस्था यस नियमावलीमा गरिएको छ।

---

[१४६] ऐजन, दफा ७९(३)।
[१४७] पूर्वपाद टिप्पणी १३०, नियम ४३(क)।
[१४८] ऐजन, नियम ४३(ख)।
[१४९] ऐजन, नियम ४३(ग)।
[१५०] ऐजन, नियम ४३(घ)।
[१५१] ऐजन, नियम ४३(ङ)।
[१५२] ऐजन, नियम ४३(च)।
[१५३] ऐजन, नियम ४३(छ)।
[१५४] ऐजन, नियम ४३(ज)।

- प्रोवेशन अधिकारीः नेपाल सरकारले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ४३ मा उल्लिखित काम, कर्तव्य र अधिकारको पालना गर्न नेपाल सरकारलाई थप आर्थिक व्यायभार नपर्ने गरी सबै जिल्ला अदालतमा कार्यरत राजपत्राङ्कित अधिकृत स्तरका तहसिलदारलाई र राजपत्राङ्कित अधिकृत स्तरका तहसिलदार नभएको स्थानमा सो अदालतका श्रेस्तेदारलाई प्रोवेशन अधिकारी तोकेको छ।[१५५]


[१५५] पूर्वपाद टिप्पणी १४।

# परिच्छेद – छ
# तथ्याङ्कको प्रस्तुतीकरण, विवेचना र  विश्लेषण

प्रोवेशन अधिकारीको काम, कर्तव्य र अधिकारको प्रयोग तथा कार्यान्वयनको सन्दर्भमा ७७ वटै जिल्ला अदालतहरूमा प्रोवेशन अधिकारीको रूपमा कार्यरत तहसिलदारहरूमध्ये २९ जना अर्थात् ३७.६६ प्रतिशतबाट मिति २०८०।०८।०६ गते देखि २०८१।०२।०९ गतेसम्म प्रत्यक्ष अन्तर्वार्ता र  मिश्रित प्रश्नावलीको माध्यमबाट सङ्कलन गरिएको प्राथमिक तथ्याङ्कलाई आवश्यक्तानुसार तालिका  र विभिन्न बृत्त चित्रहरूमा प्रस्तुत गरी विवेचना र विश्लेषण गरिएको छ।

## ६.१ बाल न्याय सम्पादनमा प्रोवेशन अधिकारीको काम, कर्तव्य र अधिकारको सन्दर्भमा भएको कानूनी व्यवस्था तथा प्रक्रियाका बारेमा जानकारीको अवस्था

**बृत्त चित्र नं. १**




प्रस्तुत बृत्त चित्र नं. १ मा उल्लेख भएको विवरण अनुसार बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ४३ मा व्यवस्था भएअनुसार बाल न्याय सम्पादनमा प्रोवेशन अधिकारीको काम, कर्तव्य र अधिकारको सन्दर्भमा भएको कानूनी व्यवस्था तथा प्रक्रियाका बारेमा प्रोवेशन अधिकारीको रूपमा कार्यरत  २९ जना तहसिलदारहरूमध्ये ३ जना  अर्थात् १० प्रतिशतलाई उक्त विषयमा यथेष्ट र २६ जना  अर्थात् ९० प्रतिशतलाई अलि अलि जानकारी भएको पाइयो।

### ६.२ बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ लागू भएपश्चात प्रोवेशन अधिकारीको काम तथा जिम्मेवारी सम्बन्धी प्रशिक्षण/तालिममा सहभागी हुनु भएको अवस्था


**तालिका नं. १**

| क्र.सं. | प्रशिक्षण/तालिममा सहभागी हुनुभएको | प्रशिक्षण/तालिममा सहभागी नहुनु नभएको |
|---|---|---|
| १. | ० | २९ |
| कुल संख्याः२९ | | |

प्रस्तुत तालिका नं. २ मा उल्लेख भएको विवरण अनुसार  बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ लागू भएपश्चात प्रोवेशन अधिकारीको काम तथा जिम्मेवारी सम्बन्धी प्रशिक्षण/तालिममा सहभागी भएको सन्दर्भमा प्रोवेशन अधिकारीको रूपमा कार्यरत २९ जना तहसिलदारहरुमध्ये २९ जना अर्थात् १०० प्रतिशत नै कुनै पनि प्रशिक्षण तथा तालिममा सहभागी हुनु भएको पाइएन।

### ६.३ बाल न्याय सम्पादनको सन्दर्भमा कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाको अनुसन्धान, निगरानी कक्षको निरीक्षण, दिशान्तर, अदालतको आदेशको कार्यान्वयनको स्थितिबारे प्रतिवेदन तयार गरी सम्बन्धीत अदालतमा प्रतिवेदन पेश गर्नु भएको अवस्था

**बृत्त चित्र नं.२**



प्रस्तुत बृत्त चित्र नं. २ मा उल्लेख भएको विवरण अनुसार बाल न्याय सम्पादनको सन्दर्भमा कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाको अनुसन्धान, निगरानी कक्षको निरीक्षण, दिशान्तर, अदालतको आदेशको कार्यान्वयनको स्थितिबारे प्रतिवेदन तयार गरी सम्बन्धीत अदालतमा प्रतिवेदन पेश गर्नु भएको अवस्थाको सन्दर्भमा प्रोवेशन अधिकारीको रूपमा कार्यरत २९ जना तहसिलदारहरुमध्ये १ जना  अर्थात् ३ प्रतिशत तहसिलदारले मात्र कहिलेकाही प्रतिवेदन पेश गर्नु भएको भन्ने जवाफ पाइयो र २८ जना  अर्थात् ९७ प्रतिशतले कुनै पनि प्रकारको प्रतिवेदन पेश गर्नु भएको पाइएन।

*६.३.१ प्रोवेशन अधिकारी/तहसिलदारले प्रतिवेदन पेश गर्नु भएको संख्याको अवस्था*

**तालिका नं.३**

| क्र.सं. | प्रतिवेदन पेश गर्ने प्रोवेशन अधिकारी/तहसिलदाको संख्या | प्रतिवेदन पेश नगर्ने प्रोवेशन अधिकारी/तहसिलदारको संख्या | प्रतिवेदन पेश गरिएको संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | १ | २८ | १५ | प्रोवेशन अधिकारीको जिम्मेवारी प्राप्त गरेको मिति २०८०/०२/१० देखि प्रश्नावली फारम भरिएको मिति २०८०/११/०९सम्म |
| **कुल संख्या : १५** | | | | |

प्रस्तुत तालिका नं. ३ मा उल्लेख भएको विवरण अनुसार बाल न्याय सम्पादनको सन्दर्भमा कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाको अनुसन्धान, निगरानी कक्षको निरीक्षण, दिशान्तर, अदालतको आदेशको कार्यान्वयनको स्थितिबारे प्रतिवेदन तयार गरी सम्बन्धीत अदालतमा प्रतिवेदन पेश गर्नुभएको सन्दर्भमा प्रोवेशन अधिकारीको रूपमा कार्यरत २९ जना तहसिलदारहरूमध्ये १ जना  अर्थात् ३ प्रतिशत तहसिलदारले मात्र कहिलेकाही प्रोवेशन अधिकारीको जिम्मेवारी पाएको मिति २०८०/०२/१० देखि यस अनुसन्धानको लागि तयार गरिएको प्रश्नावली भरिएको मिति २०८०/११/०९ सम्म जम्मा १५ वटा विभिन्न प्रतिवेदनहरूमात्र (यही प्रकारको प्रतिवेदन भनी प्रश्नावलीमा नखुलाइएको) सम्बन्धीत जिल्ला अदालत तथा बाल इजलासमा पेश गर्नु भएको पाइयो भने बाँकी २८ जना  अर्थात् ९७ प्रतिशतले कुनै पनि प्रकारको प्रतिवेदन पेश गर्नु भएको पाइएन।

*६.३.२ प्रतिवेदन पेश गर्नु भएको क्षेत्र तथा विषय सन्दर्भको अवस्था*


**तालिका नं. ४**

| **क्र.सं.** | **क्षेत्र तथा विषय सन्दर्भ** | **प्रोवेशन अधिकारी/तहसिलदारको संख्या** |
|---|---|---|
| १. | • बालबालिका सम्बन्धी मुद्दामा अनुसन्धानको क्रममा खोज्नु पर्ने केही गाह्रो परिवेश (Mental Torture), <br>• बसोबासको सुबिधा, <br>• अनुसन्धानको क्रममा परिवारसंग भेटघाटको अवसर पाएको छ छैन। | १ |
| २. | • मिति २०८०/११/१६ देखि तहसिलदारको जिम्मेवारी प्राप्त गरेकोले अनुभव नभएको। | १ |
| ३. | • हालसम्म प्रतिवेदन पेश गर्ने अवसर प्राप्त नभएको। | २ |
| ४. | • कुनै कुरा पनि विषय सन्दर्भ उल्लेख नगरिएको। | २५ |
| **कुल संख्याः२९** | | |

प्रस्तुत तालिका नं. ४ मा उल्लेख भएको विवरण अनुसार बाल न्याय सम्पादनको सन्दर्भमा कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाको अनुसन्धान, निगरानी कक्षको निरीक्षण, दिशान्तर, अदालतको आदेशको कार्यान्वयनको स्थितिबारे प्रतिवेदन तयार गरी सम्बन्धीत अदालतमा प्रतिवेदन पेश गर्नुभएको सम्बन्धमा प्रोवेशन अधिकारीको रूपमा कार्यरत २९ जना तहसिलदारहरू मध्ये १ जना अर्थात् ३ प्रतिशत तहसिलदारले मात्र बालबालिका सम्बन्धी मुद्दामा अनुसन्धानको क्रममा खोज्नु पर्ने केही गाह्रो परिवेश (मानसिक यातना), बसोबासको सुबिधा र अनुसन्धानको क्रममा परिवारसँग भेटघाटको अवसर पाएको छ छैन भन्ने विषय सन्दर्भमा प्रतिवेदन पेश गर्नु भएको पाइयो। त्यसैगरी १ जना अर्थात् ३ प्रतिशत तहसिलदारले अनुभव नभएको, २ जना अर्थात् ६ प्रतिशतले अवसर प्राप्त नभएको र बाँकी २५ जना अर्थात् ८६ प्रतिशतले कुनै पनि विषय सन्दर्भ उल्लेख गर्नु भएको पाइएन।

*६.३.३ प्रतिवेदन पेश गर्न नस्कनुका कारणहरूको अवस्था*

**बृत्त चित्र नं. ३**




प्रस्तुत बृत्त चित्र नं. ३ मा उल्लेख भएको विवरण अनुसार बाल न्याय सम्पादनको सन्दर्भमा कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाको अनुसन्धान, निगरानी कक्षको निरीक्षण, दिशान्तर, अदालतको आदेशको कार्यान्वयनको स्थितिबारे प्रतिवेदन तयार गरी सम्बन्धीत अदालतमा प्रतिवेदन पेश गर्न नसक्नुका कारणहरू उल्लेख गर्ने सन्दर्भमा प्रोवेशन अधिकारीको रूपमा कार्यरत २९ जना तहसिलदारहरू मध्ये २५ जना अर्थात् ८६ प्रतिशतले विशेष गरी सम्बन्धीत विषयमा यथेष्ठ जानकारी तथा तालिम प्राप्त गर्न नसकिएको, प्रोवेशनको सन्दर्भमा अदालतबाट आदेश नभएकोले सो सम्बन्धी कार्य गर्ने अवसर प्रप्त नभएको आदि कारणहरू उल्लेख गर्नु भएको पाइयो भने ४ जना अर्थात् १४ प्रतिशतले कुनै पनि कारणहरू उल्लेख गर्नु भएको पाइएन।

**६.४ बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भए अनुसार दिशान्तरको क्रममा दिशान्तर गर्ने अनुसन्धान अधिकारी, सरकारी वकील वा अदालतले दिशान्तर गराएको बालबालिकाले दिशान्तरको क्रममा भएको आदेशको पालना गरेको नगरेको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्नु भएको अवस्था**

**तालिका नं. ५**

| क्र.सं. | प्रतिवेदन पेश गर्नू भएको | प्रतिवेदनको पेश नगर्नु भएको |
|---|---|---|
| १. | ० | २९ |
| कुल संख्याः२९ | | |

प्रस्तुत तालिका नं. ५ मा उल्लेख भएको विवरण अनुसार बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भए अनुसार दिशान्तरको क्रममा दिशान्तर गर्ने अनुसन्धान अधिकारी,सरकारी वकील वा अदालतले दिशान्तर गराएको बालबालिकाले दिशान्तरको क्रममा भएको आदेशको पालना गरेको नगरेको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्नु भएको अवस्थाको सन्दर्भमा प्रोवेशन अधिकारीको रूपमा कार्यरत २९ जना तहसिलदारहरूमध्ये २९ जना अर्थात् १०० प्रतिशतले नै सो प्रतिवेदन पेश गर्नु भएको पाइएन।

**६.५ बालबालिका सम्बन्धी ऐन,२०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार अनुसन्धान अधिकारी, सरकारी वकील वा अदालतबाट दिशान्तर गराएको बालबालिकाको मुद्दामा प्रतिवेदन पेश गर्नु भएको अवस्था**


**तालिका नं.६**

| क्र.सं. | अदालत | सरकारी वकील | अनुसन्धान अधिकारी |
|---|---|---|---|
| १. | ० | ० | ० |
| कुल संख्या :० | | | |

प्रस्तुत तालिका नं. ६ मा उल्लेख भएको विवरण अनुसार बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार अनुसन्धान अधिकारी, सरकारी वकील वा अदालतलबाट दिशान्तर गराएको बालबालिकाको मुद्दामा २९ जना प्रोवेशन अधिकारीको रूपमा कार्यरत तहसिलदारहरूले प्रतिवेदन पेश गर्नु भएको पाइएन।

**६.६ बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार अनुसन्धान अधिकारी, सरकारी वकील वा अदालतबाट दिशान्तर गराएको बालबालिकाको मुद्दामा प्रतिवेदन पेश नगर्नु वा पेश गर्न नसक्नु भएको कारणहरूको अवस्था**

**वृत्त चित्र नं.४**



प्रस्तुत बृत्त चित्र नं. ४ मा उल्लेख भएको विवरण अनुसार बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली,२०७६ मा व्यवस्था भएअनुसार अनुसन्धान अधिकारी, सरकारी वकील वा अदालतलबाट दिशान्तर गराएको बालबालिकाको मुद्दामा प्रतिवेदन पेश नगर्नु वा पेश गर्न नसक्नु भएको कारणहरूको सन्दर्भमा प्रोवेशन अधिकारीको रूपमा कार्यरत २९ जना तहसिलदारहरूमध्ये २६ जना अर्थात् ९० प्रतिशतले विशेष गरी अनुसन्धान अधिकारी, सरकारी वकील र अदालतसमेतबाट दिशान्तर नभएको, प्रतिवेदन पेश गर्नको लागि नतोकिएको तथा सो सम्बन्धी पूरा गर्नुपर्ने प्रक्रियाको बारेमा पर्याप्त जानकारी नभएको र हालसम्म अवसर प्राप्त नभएको आदि उल्लेख गर्नु भएको पाइयो भने ३ जना अर्थात् १० प्रतिशतले कुनै पनि कारणहरू उल्लेख गर्नु भएको पाइएन।

### ६.७ बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार सुधार गृह तथा अन्य सङ्घ संस्थामा राखिएका बालबालिकाको स्थितिबारे अध्ययन गरी बाल अदालतलाई आवश्यक प्रतिवेदन पेश गर्नु भएको अवस्था


**तालिका नं.७**

| क्र.सं. | प्रतिवेदन पेश गर्नु भएको | प्रतिवेदन पेश नगर्नु भएको |
|---|---|---|
| १. | ० | २९ |
| कुल संख्याः २९ | | |

प्रस्तुत तालिका नं. ७ मा भएको विवरण अनुसार बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार सुधार गृह तथा अन्य सङ्घ संस्थामा राखिएका बालबालिकाको स्थितिबारे अध्ययन गरी बाल अदालतलाई आवश्यक प्रतिवेदन पेश गर्ने सन्दर्भमा प्रोवेशन अधिकारीको रूपमा कार्यरत २९ जना तहसिलदारहरूमध्ये २९ जना अर्थात् १०० प्रतिशतले नै प्रतिवेदन पेश गर्नु भएको पाइएन।

*६.७.१ बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार सुधार गृह तथा अन्य सङ्घ संस्थामा राखिएका बालबालिकाको स्थितिबारे अध्ययन गरी बाल अदालतलाई आवश्यक प्रतिवेदन पेश नगर्नु वा पेश गर्न नसक्नुका कारणको अवस्था*

**बृत्त चित्र नं. ५**




प्रस्तुत बृत्त चित्र नं.५ मा उल्लेख भएको विवरण अनुसार बालबालिका सम्बन्धी ऐन,२०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार सुधार गृह तथा अन्य सङ्घ संस्थामा राखिएका बालबालिकाको स्थितिबारे अध्ययन गरी बाल अदालतलाई आवश्यक प्रतिवेदन पेश नगर्नु वा पेश गर्न नसक्नुका कारणको सन्दर्भमा प्रोवेशन अधिकारीको रूपमा कार्यरत २८ जना तहसिलदारहरू मध्ये २६ जना अर्थात् ९० प्रतिशतले विशेष गरी सम्बन्धित भूमिका निर्वाह गर्ने अवसर र समय प्राप्त नगरेको, हालसम्म बाल सधारगृह तथा अन्य संस्थामा अध्ययन अवलोकन गर्न जान नसकिएको र यो विषय छायाँमा परेको आदि जस्ता कारणहरू उल्लेख गर्नु भएको पाइयो भने बाँकी ३ जना अर्थात् १० प्रतिशतले केही पनि उल्लेख गर्नु भएको पाइएन।

**६.८ बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार बाल अदालत/इजलासले दिएका आदेशहरूको कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन गरी बाल अदालत/इजलासलाई आवश्यक प्रतिवेदन पेश गर्नु भएको अवस्था**


**तालिका नं. ८**

| क्र.सं. | प्रतिवेदन पेश गर्नु भएको | प्रतिवेदन पेश नगर्नु भएको | कैफियत |
|---|---|---|---|
| १. | १ | २८ | २ वटा प्रतिवेदन पेश गर्नुभएको |
| कुल संख्याः२९ | | | |

प्रस्तुत तालिका नं.८ मा उल्लेख गरिएको विवरण अनुसार बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार बाल अदालतले दिएका आदेशहरूको कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन गरी बाल अदालत/इजलासलाई आवश्यक प्रतिवेदन पेश गर्ने सन्दर्भमा प्रोवेशन अधिकारीको रूपमा कार्यरत २९ जना तहसिलदारहरूमध्ये २८ जना अर्थात् ९६.५५ प्रतिशतले प्रतिवेदन पेश नगर्नु भएको पाइयो भने बाँकी १ जना अर्थात् ३.४४ प्रतिशतले मात्र २ वटा प्रतिवेदन पेश गर्नु भएको पाइयो।

*६.८.१ बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार बाल अदालत/इजलासले दिएका आदेशहरूको कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन गरी बाल अदालत/इजलासलाई आवश्यक प्रतिवेदन पेश नगर्नु वा पेश गर्न नसक्नुका कारण*

**बृत्त चित्र नं.६**



प्रस्तुत बृत्त चित्र नं.६ मा उल्लेख भएको विवरण अनुसार बालबालिका सम्बन्धी ऐन,२०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार बाल अदालत/इजलासले दिएका आदेशहरूको कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन गरी बाल अदालत/इजलासलाई आवश्यक प्रतिवेदन पेश नगर्नु वा पेश गर्न नसक्नुका कारणको सन्दर्भमा प्रोवेशन अधिकारीको रूपमा कार्यरत २९ जना तहसिलदारहरूमध्ये २६ जना अर्थात् ९० प्रतिशतले विशेष गरी बाल इजलसाबाट त्यस्तो आदेश नभएको,हालसम्म त्यस्तो अवसर प्राप्त नभएको र बाल अदालत/इजलासमा प्रतिवेदन पेश गर्ने कार्य मनोसमाजिक परामर्शदाता तथा श्रेस्तेदारबाटमात्र हुने गरेको कारणहरू उल्लेख गर्नु भएको पाइयो भने बाँकी ३ जना अर्थात् १० प्रतिशतले कुनै पनि कारणहरू उल्लेख गर्नु भएको पाइएन।

## ६.९ बालबालिका सम्बन्धी ऐन,२०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार बालबालिकालाई परिवार तथा समुदायमा पुनर्स्थापना गर्न सहयोग गर्नु भएको अवस्था

**तालिका नं.९**

| क्र.सं. | सहयोग गर्नु भएको | सहयोग नगर्नु भएको |
|---|---|---|
| १. | ० | २९ |
| कुल संख्या :२९ | | |

प्रस्तुत तालिका नं. ९ मा उल्लेख भएको विवरण अनुसार बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली,२०७६ मा व्यवस्था भएअनुसार बालबालिकालाई परिवार तथा समुदायमा पुनर्स्थापना गर्न सहयोग गर्नु भएको अवस्थाको सन्दर्भमा प्रोवेशन अधिकारीको रूपमा कार्यरत २९ जना तहसिलदारहरूमध्ये २९ जना अर्थात् १०० प्रतिशतले नै सहयोग नगर्नु भएको पाइयो।

## ६.१० बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार बाल अदालत/इजलासले प्रोवेशनमा रहने गरी तोकेका बालबालिकाहरूको सुपरिवेक्षण गर्नु भएको अवस्था


**तालिका नं.१०**

| क्र.सं. | सुपरिवेक्षण गर्नु भएको | सुपरिवेक्षण नगर्नु भएको |
|---|---|---|
| १. | ० | २९ |
| कुल संख्या :२९ | | |

प्रस्तुत तालिकन नं. १० मा उल्लेख भएको विवरण अनुसार बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार बाल अदालत/इजलासले प्रोवेशनमा रहने गरी तोकेका बालबालिकाहरूको सुपरिवेक्षण गर्नु भएको अवस्थाको सन्दर्भमा प्रोवेशन अधिकारीको रूपमा कार्यरत २९ जना तहसिलदारहरूमध्ये २९ जना अर्थात् १०० प्रतिशतले नै सुपरिवेक्षण गर्नु भएको पाइएन।

*६.१०.१ बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार बाल अदालतले प्रोवेशनमा रहने गरी तोकेका बालबालिकाहरूको सुपरिवेक्षण गर्न नसक्नुका कारणहरूको अवस्था*


**बृत्त चित्र नं. ७**




प्रस्तुत बृत्त चित्र नं. ७ मा उल्लेख भएको विवरण अनुसार बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भए अनुसार बाल अदालत/इजलासले प्रोवेशनमा रहने गरी तोकेका बालबालिकाहरूको सुपरिवेक्षण गर्न नसक्नुका कारणहरूको सन्दर्भमा प्रोवेशन अधिकारीको रूपमा कार्यरत २९ जना तहिसलदारहरूमध्ये २७ जना अर्थात् ९३ प्रतिशतले विशेष गरी कार्य जिम्मेवारी रूपमा पेश नभएको, आवश्यक तालिम र ज्ञानको कमी, बाल इजलासबाट प्रोवेशनमा रहने गरी बालबालिकाको हकमा आदेश नभएको र हालसम्म अवसर प्राप्त नभएको आदि कारणहरू उल्लेख गर्नु भएको पाइयो भने बाँकी २ जना अर्थात् ७ प्रतिशतले कुनै कारणहरू उल्लेख गर्नु भएको पाइएन।

### ६.११ प्रोवेशन अधिकारीको रूपमा कसूरजन्य कार्यको संलग्न बालबालिका वा पीडितको सन्दर्भमा प्रतिवेदन तयारीको क्रममा कानूनी व्यवस्था, व्यवहारिकता, स्रोत तथा साधन सम्बन्धी कुनै सुधार तथा व्यवस्थाको आवश्यकता महसुस गर्नु भएको बुँदाहरुको अवस्था


**बृत्त चित्र नं. ८**




प्रस्तुत बृत्त चित्र नं. ८ उल्लेख भएको विवरण अनुसार प्रोवेशन अधिकारीको रूपमा कसूरजन्य कार्यको संलग्न बालबालिका वा पीडितको सन्दर्भमा प्रतिवेदन तयारीको क्रममा कानूनी व्यवस्था, व्यवहारिकता, स्रोत तथा साधन सम्बन्धी कुनै सुधार तथा व्यवस्थाको आवश्यकता महसुस गर्नु भएको बुँदाहरुको अवस्थाको सन्दर्भमा प्रोवेशन अधिकारीको रूपमा कार्यरत २९ जना तहसिलदारहरू मध्ये २१ जना अर्थात् ७२ प्रतिशतले विशेष गरी बालबालिकाहरू संलग्न मुद्दामा प्रोवेशन अधिकारीहरूलाई आवश्यक तालिम र प्रशिक्षण दिनु पर्ने, फैसला कार्यान्वयन सम्बन्धी अत्यधिक कार्य बोझ भएको, आवश्यक स्रोत सामग्री र भौतिक स्रोत साधनको अभाव रहेको, हालसम्म अवसर प्राप्त नभएको र बालबालिका सम्मको पहुँच तथा ठाउँ जस्ता व्यवहारिक समस्या रहेको आदि बुँदाहरू उल्लेख गर्नु भएको पाइयो भने बाँकी ८ जना अर्थात् २८ प्रतिशतले कुनै बुँदाहरू उल्लेख गर्नु भएको पाइएन।

## ६.१२ प्रोवेशन अधिकारीको रूपमा बाल न्यायसँग सम्बन्धीत काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाको कार्यान्वयनको क्रममा कुनै समस्या तथा चुनौतीको महसुस गर्न भएको अवस्था


**बृत्त चित्र नं. ९**




प्रस्तुत बृत्त चित्र नं.९ मा उल्लेख भएको विवरण अनुसार प्रोवेशन अधिकारीको रूपमा बाल न्यायसँग सम्बन्धीत काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाको कार्यान्वयनको क्रममा कुनै समस्या तथा चुनौतीको महसुस गर्नु भएको अवस्थाको सन्दर्भमा प्रोवेशन अधिकारीको रूपमा कार्यरत २९ जना तहसिलदारहरू मध्ये २४ जना अर्थात् ८३ प्रतिशतले विशेष गरी कानून कार्यान्वयनको तहमा व्यावहारिक चुनौती रहेको,बाल अदालतको अवधारणा प्रभाकारी हुन नसकेको, प्रोवेशनसँग सम्बन्धीत निर्देशिका प्राप्त हुन नसकेको,बाल न्यायसँग सम्बन्धीत पक्षहरूलाई उपयुक्त प्रशिक्षण/तालिमको अभाव,भौतिक पूर्वाधारको अभाव र हालसम्म अवसर प्राप्त नभएकोले समस्या र चुनौती उल्लेख गर्न नसिकएको आदि उल्लेख गर्नु भएको पाइयो भने बाँकी ५ जनाले केही पनि उल्लेख गर्नु भएको पाइएन।

### ६.१३ प्रश्नावलीमा उल्लेखित कुराहरू बाहेक केही थप बुँदाहरू

**बृत्त चित्र नं. १०**




प्रस्तुत बृत्त चित्र नं. १० मा उल्लेख भएको विवरणअनुसार प्रश्नावलीमा उल्लेख गरिएका कुराहरूबाहेक थप केही उल्लेख गरिएका बुँदाहरूको सन्दर्भमा प्रोवेशन अधिकारीको रूपमा कार्यरत २८ जना तहसिलदारहरूमध्ये २२ जना  अर्थात् ७६ प्रतिशतले विशेष गरी बालबालिकाको मुद्दा हेर्नको लागि मुख्य भई काम गर्ने न्यायाधीशबाहेकका अन्य न्यायाधीशलाई समेत तोकिनु पर्ने, सरोकारवालाहरूको लागि प्रोवेशन सम्बन्धी तालिम, प्रशिक्षण, कार्यशाला, गोष्ठी तथा छलफल कार्यक्रमहरू संचालन गरिनुपर्ने, कम्तिमा एउटा बाल अदालतको गठन हुनुपर्ने, प्रोवेशन अधिकृतको दरबन्दी सृजना हुनु पर्ने, सम्बन्धीत क्षेत्रको विज्ञलाई प्रोवेशन अधिकारीको रूपमा नियुक्ति गर्दा व्यावहारिक र उत्तम हुने र भौतिक र आर्थिक स्रोत साधन पर्याप्त हुनुपर्ने आदि थप बुँदाहरू उल्लेख गर्नु भएको पाइयो भने बाँकी ७ जना अर्थात् २४ प्रतिशतले कुनै पनि थप बुँदाहरू उल्लेख गर्नु भएको पाइएन।

# परिच्छेद - सात

# अध्ययनबाट प्राप्त नतिजा, निष्कर्ष र सुझावहरू

अघिल्ला परिच्छेदहरुमा गरिएको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कको विश्लेषणका आधारमा प्रस्तुत अध्ययनको नतिजा, निष्कर्ष र सुझाव देहायअनुसार प्रस्तुत गरिएको छ:

## ७.१ नतिजा

- बाल न्याय सम्पादनमा प्रोवेशन अधिकारीको काम, कर्तव्य र अधिकारको सन्दर्भमा भएको कानूनी व्यवस्था तथा प्रक्रियाबारे प्रोवेशन अधिकारीको व्यवस्थाबारे सामान्य जानकारी मात्र भएको पाइयो। प्रोवेशन अधिकारीको जिम्मेवारी र भूमिकाका बारेमा अवधारणागत रुपमा स्पष्ट हुन बाँकी नै रहेको देखियो।
- प्रोवेशन अधिकारीको रूपमा कार्यरत तहसिलदारहरूले सो विषयमा कुनै पनि प्रशिक्षण लिएको पाइएन।
- प्रोवेशन अधिकारीको रूपमा कार्यरत २९ जना तहसिलदारहरूमध्ये १ जना अर्थात् ३ प्रतिशत तहसिलदारले मात्र केही प्रतिवेदन पेश गर्नु भएको र बाँकी २८ जना सहभागीले कुनै पनि प्रकारको प्रतिवेदन पेश नगरेको भनी खुलाएको पाइयो। त्यसरी प्रतिवेदन पेश गर्ने प्रोवेशन अधिकारीले बालबालिका सम्बन्धी मुद्दामा अनुसन्धानको क्रममा खोज्नुपर्ने केही गाह्रो परिवेश (मानसिक यातना), बसोबासको सुविधा र अनुसन्धानको क्रममा परिवारसँग भेटघाटको अवसर पाएको छ छैन भन्ने विषय सन्दर्भमा प्रतिवेदन पेश गरेको भनी उल्लेख गरेको पाइयो। त्यसरी प्रतिवेदन पेश गर्न नस्कनुका कारणहरूमा सम्बन्धीत विषयमा यथेष्ठ जानकारी तथा तालिम प्राप्त गर्न नसकिएको, प्रोवेशनको सन्दर्भमा अदालतबाट आदेश नभएकोले सो सम्बन्धी कार्य गर्ने अवसर प्राप्त नभएको अवस्था देखियो।
- दिशान्तरको सन्दर्भमा कुनै पनि प्रोवेशन अधिकारीले अदालतमा प्रतिवेदन पेश गरेको पाइएन। त्यस्तो प्रतिवेदन पेश नहुनुको कारणका बारेमा सोधिएको प्रश्नमा सहभागीहरुले अनुसन्धान अधिकारी, सरकारी वकील र अदालतसमेतबाट दिशान्तर नभएको, प्रतिवेदन पेश गर्नको लागि नतोकिएको तथा सो सम्बन्धी पूरा गर्नुपर्ने प्रक्रियाबारे पर्याप्त जानकारी नभएको र हालसम्म अवसर प्राप्त नभएको भनी उल्लेख गरेको पाइयो।
- प्रश्नावलीमा कुनै पनि सहभागीले सुधार गृह तथा अन्य सङ्घ संस्थामा राखिएका बालबालिकाको स्थितिबारे अध्ययन गरी बाल अदालतलाई आवश्यक प्रतिवेदन पेश गरेको पाइएन। प्रतिवेदन पेश नगर्नु वा पेश गर्न नसक्नुका कारणको सन्दर्भमा सोधिएको प्रश्नमा सम्बन्धीत भूमिका निर्वाह गर्ने अवसर र समय प्राप्त नगरेको, हालसम्म बाल सुधार गृह तथा

अन्य संस्थामा अध्ययन अवलोकन गर्न जान नसकिएको र यो विषय छायाँमा परेको आदि जस्ता कारणहरू उल्लेख गर्नुभएको पाइयो।

- बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार बाल अदालतले दिएका आदेशहरूको कार्यान्वयनको क्रममा एक जना सहभागीले मात्र प्रतिवेदन पेश गर्नु भएको पाइयो। बाल इजलासबाट त्यस्तो आदेश नभएको, हालसम्म त्यस्तो अवसर प्राप्त नभएको र बाल अदालतमा प्रतिवेदन पेश गर्ने कार्य मनोसमाजिक परामर्शदाता तथा श्रेस्तेदारबाट मात्र हुने गरेको कारणहरू प्रोवेशन अधिकारीले प्रतिवेदन पेश गर्नु नपरेको भनी उल्लेख गर्नु भएको पाइयो।
- बालबालिकालाई परिवार तथा समुदायमा पुनर्स्थापना गर्न सहयोग गर्ने कार्यमा प्रोवेशन अधिकारीको संलग्नता रहेको पाइएन।
- बाल अदालतले प्रोवेशनमा रहने गरी तोकेका बालबालिकाहरूको अवस्थाका बारेमा प्रोवेशन अधिकारीबाट सुपरिवेक्षण भएको पाइएन। सुपरिवेक्षण नहुनुको कारणका सन्दर्भमा सोधिएको प्रश्नमा सहभागीहरुले सो विषय कार्य जिम्मेवारी रूपमा पेश नभएको, आवश्यक तालिम र ज्ञानको कमी, बाल इजलासबाट प्रोवेशनमा रहने गरी बालबालिकाको हकमा आदेश नभएको र हालसम्म अवसर प्राप्त नभएको आदि कारणहरू उल्लेख गर्नु भएको पाइयो।
- बालबालिकाहरू संलग्न मुद्दामा प्रोवेशन अधिकारीहरूलाई आवश्यक तालिम र प्रशिक्षण दिनु पर्ने सहभागीहरुको माग रहेको देखियो। फैसला कार्यान्वयन सम्बन्धी अत्यधिक कार्यबोझ भएको कारण तहसिलदारले सो जिम्मेवारी सम्पादन गर्न सहज नभएको एवम् आवश्यक स्रोत सामग्री र भौतिक स्रोत साधनको अभावका कारण पनि प्रोवेशन अधिकारीको कार्य सम्पादन गर्न नसकिएको भनी सहभागीहरुले उल्लेख गरेको पाइयो।
- बाल अदालतको अवधारणा प्रभावकारी हुन नसकेको, प्रोवेशनसँग सम्बन्धीत निर्देशिका प्राप्त हुन नसकेको, बाल न्यायसँग सम्बन्धीत पक्षहरूलाई उपयुक्त प्रशिक्षण/तालिमको अभाव, स्रोत साधनको अभाव जस्ता कारणबाट प्रोवेशन अधिकारीको जिम्मेवारी प्रभावकारी रुपमा कार्यान्वयन गर्न समस्या रहेको देखियो।
- सहभागीहरुले सरोकारवालाहरूको लागि प्रोवेशन सम्बन्धी तालिम, प्रशिक्षण, कार्यशाला, गोष्ठी तथा छलफल कार्यक्रमहरू संचालन गरिनुपर्ने, बाल अदालतको बिस्तार हुनुपर्ने, प्रोवेशन अधिकृतको दरबन्दी सृजना हुनुपर्ने, सम्बन्धीत क्षेत्रको विज्ञलाई प्रोवेशन अधिकारीको रूपमा नियुक्ति गर्दा व्यावहारिक र राम्रो हुने र भौतिक र आर्थिक स्रोत साधन पर्याप्त हुनुपर्ने भनी सुझाव दिनु भएको देखियो।

## ७.२ निष्कर्ष

नेपालको बाल न्याय प्रणालीको सन्दर्भमा बाल प्रोवेशनसम्बन्धी व्यवस्था नविनतम अवधारणा भए तापनि अमेरिका, बेलायत र भारत आदि मुलुकहरुमा यस सम्बन्धी कानूनी व्यवस्था र अभ्यास धेरै पहिलादेखि नै भइरहेको पाइन्छ। बाल अधिकार र बाल न्यायलाई दिशानिर्देश गर्ने संयुक्त राष्ट्र संघीय कानूनको रुपमा रहेको बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को पक्ष राष्ट्र भएको आधारमा नेपालले २०४८ सालमा बालबालिका सम्बन्धी ऐन जारी गरेकोमा पुनः उक्त ऐनलाई प्रतिस्थापन गरी बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा जारी गरी कानूनको विवादमा परेका बालबलिकाको लागि सुधारात्मक र उपचारात्मक व्यवस्थाहरुको रुपमा प्रोवेशन सम्बन्धी व्यवस्थालाई महत्वपूर्ण स्थान दिएको पाइन्छ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७९ मा प्रत्येक जिल्लामा एक प्रोवेशन अधिकारीको नियुक्ति गर्नुपर्ने व्यवस्था भए तापनि हालसम्म सो नियुक्ति नभएको हुँदा बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ४३ मा उल्लेख भएका प्रोवेशन अधिकारीको बाल न्यायसँग सम्बन्धीत काम, कर्तव्य र अधिकारको कार्यान्वयनको लागि सबै जिल्लाका अदालतमा कार्यरत राजपत्राङ्कित अधिकृत स्तरका तहसिलदारलाई र राजपत्राङ्कित स्तरका तहसिलदार नभएको स्थानमा सो अदालतका श्रेस्तेदारलाई प्रोवेशन अधिकारी तोकेको पाइन्छ। तहसिलदारहरुले फैसला कार्यान्वयन अधिकारीको[१५६] रुपमा विभिन्न काम र कर्तव्य[१५७] पूरा गर्नुपर्ने भएकोले गर्दा उहाँहरुले प्राप्त गर्नु भएको प्रोवेशन अधिकारीको जिम्मेवारीलाई कार्यान्वयन गर्न सक्नु भएको छैन। प्रोवेशन अधिकारी तोकिएपछि सो जिम्मेवारीका सम्बन्धमा कुनै प्रशिक्षणमा सहभागी गराइएको अवस्था पनि देखिएन। बाल अदालत वा बाल इजलासबाट प्रोवेशन अधिकारीको जिम्मेवारीका विषयमा आदेश भएको अवस्था पनि अपवाद मात्रै देखियो। यो अवधारणालाई बाल न्याय प्रशासनमा प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन नसकिएको अवस्था अध्ययनबाट स्पष्ट भएको छ। बाल न्याय सम्पादनका सरोकारवाला जिम्मेवार निकाय तथा अधिकारीहरुमा बाल प्रोवेशनसम्बन्धी व्यवस्थाहरुको बुझाइमा कमी तथा आवश्यक भौतिक स्रोत र साधनको अभावले गर्दा यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको देखिन्छ। यो अवधारणालाई प्रभावकारी बनाउन सकिएमा मात्र बाल न्याय प्रणालीले अपेक्षित नतिजा दिन सक्ने हुँदा सुधारका लागि देहाय अनुसार प्राथमिकतापूर्वक कार्य गर्नु पर्ने देखिन्छ।

---

[१५६] जिल्ला अदालत नियमावली,२०७५, नियम २(ङ)।

[१५७] ऐजन, नियम ११।

## ७.३ सुझावहरू

प्रस्तुत अध्ययनको क्रममा संकलन गरिएको विवरणको विश्लेषणबाट मिति २०७६।१२।१३ मा नेपाल राजपत्रको भाग ५ मा प्रकाशित सूचनाअनुसार तहसिलदार तथा श्रेस्तेदारलाई प्रोवेशन अधिकारीको रुपमा तोकिएको जिम्मेवारी कार्यान्वयन प्रभावकारी भएको देखिएन। यो अवधारणालाई प्रभावकारी रुपमा कार्यान्वयनको लागि देहाय बमोजिमको सुझाव प्रस्तुत गरिएको छः

- **प्रोवेशन अधिकारीहरुलाई प्रशिक्षणः** बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ४३ मा व्यवस्था भएअनुसार बाल न्याय सम्पादनमा प्रोवेशन अधिकारीको काम, कर्तव्य र अधिकारको सन्दर्भमा भएको कानूनी व्यवस्था तथा प्रक्रियाबारे प्रोवेशन अधिकारीको रूपमा कार्यरत तहसिलदारहरूलाई लक्षित गरी बृहत्त रुपमा प्रशिक्षण, अभिमुखीकरण तथा कार्यशाला सञ्चालन गर्नुपर्ने देखिन्छ। सो प्रयोजनका लागि बाल न्यायसँग सम्बन्धीत प्रशिक्षण प्रदायक संस्था तथा निकायहरुले बाल प्रोवेशनसम्बन्धी विषयमा केन्द्रित विज्ञ समूहबाट पाठ्यक्रम निर्माण गरी तालिम तथा प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने। न्याय तथा कानूनको विषयमा सञ्चालन गरिने अन्य प्रशिक्षणहरुमा पनि बाल प्रोवेशन सम्बन्धी विषयलाई समावेश गर्नुपर्ने।
- **बाल न्याय सम्बद्ध अधिकारीहरुलाई कार्यशालाः** प्रोवेशनसम्बन्धी भएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि बाल न्याय सम्पादनमा संलग्न हुने न्यायाधीश, सरकारी वकील र प्रहरीलाई लक्षित गरी अन्तरक्रिया तथा कार्यशालाजस्ता कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने।
- **प्रोवेशन अधिकारीलाई प्रोत्साहनको व्यवस्थाः** बालबालिकासम्बन्धी ऐन, २०७५ बमोजिम छुट्टै प्रोवेशन अधिकारी नियुक्त नहुन्जेलसम्म तहसिलदार वा स्रेस्तेदार वा अन्य अधिकृतलाई अतिरिक्त जिम्मेवारी दिएको अवस्थामा सो जिम्मेवारी सम्पादनका लागि कार्य सम्पादनमा आधारित उपयुक्त प्रोत्साहनको व्यवस्था गरिनु अपरिहार्य हुने।
- **प्रोवेशन अधिकारीको कार्यबोझ अनुसारको स्रोत र कार्यक्रमको व्यवस्थाः** प्रोवेशन अधिकारीको रुपमा तहसिलदारहरुले जिम्मेवारी सम्पादन गर्नको लागि आवश्यक तयारी तथा व्यवस्था गर्नु पर्दछ। जिल्ला अदालतमा बालबालिकाको मुद्दाको संख्या कति छ, वर्षमा कतिवटा प्रतिवेदन तयार गर्नुपर्ने हुन्छ भन्ने समेत विचार गरी अध्ययन तथा प्रतिवेदनहरु तयार गर्नका साथै बालबालिकाहरुसँग नियमित सम्पर्क तथा भेटघाट गर्न, बालबालिकाको अभिभावक वा संरक्षक लगायत वाल सुधार गृह, निगरानी कक्ष, विभिन्न निकाय संस्था तथा स्थानहरुमा भ्रमण तथा अध्ययन अवलोकन गर्न सुपरिवेक्षण गर्न तथा बुझ्न आवश्यक बजेट

तथा कार्यक्रम बनाउनु गर्नु पर्दछ। खासगरी प्रोवेशन अधिकारीले सम्पादन गर्नु पर्ने कार्यका लागि आवश्यक पर्ने स्रोत एवम् उपकरणको व्यवस्था प्राथमिकतापूर्वक गर्नु पर्ने।

- **बाल न्याय समितिले अनुगमनः** प्रोवेशन अधिकारीको कार्य सम्पादनको अवस्था एवम् प्रोवेशनको अभ्यासका बारेमा बाल न्याय समितिले आवधिक रुपमा अनुगमन र समीक्षा गरी कार्य सम्पादनको अवस्थाको मूल्यांकन गर्नुका साथै सुधारका क्षेत्रहरु पहिचान गरी समयमा नै कार्यान्वयनमा लैजान अगुवाइ गर्नु पर्ने।
- **तत्कालका लागि कार्यबोझको मूल्यांकन गरी अर्को प्रोवेशन अधिकारी तोक्नेः** अर्को व्यवस्था नभएसम्मका लागि प्रोवेशन अधिकारीको रुपमा काम गर्न जिल्ला अदालतमा तहसिलदारहरुलाई तोकिएकोमा धेरै मुद्दाको चाप भएको जिल्ला अदालतमा तोकिएको तहसिलदारहरुले मुद्दाको कार्यबोझको कारणले प्रोवेशन अधिकारीको रुपमा जिम्मेवारी लिई काम गर्न सक्ने अवस्था नदेखिएकोले मुद्दाको संख्या र कार्यवोझको मापदण्ड तोकी त्यसरी तोकिएको मापदण्ड भन्दा बढी मुद्दा तथा कार्यवोझ भएका जिल्ला अदालतमा सोही स्तरको अर्को अधिकृतलाई प्रोवेशन अधिकारीको व्यवस्था गरी जिम्मेवारी प्रदान गर्नुपर्ने।
- **बाल अदालतमा छुट्टै प्रोवेशन अधिकारीको व्यवस्थाः** बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३० को उपदफा (१) मा बालबालिकाले गरेको कसूरजन्य कार्यको शुरु कारवाही, सुनुवाई र किनारा गर्न  नेपाल सरकारले न्याय परिषद्को सिफारिसमा आवश्यक संख्यामा बाल अदालत गठन गर्न सक्ने व्यवस्थाअनुसार बाल अदालतको गठन गर्नुपर्ने सुझाव प्राप्त भएको र सर्वोच्च अदालतले समेत यथाशीघ्र बाल अदालतको गठन गर्न निर्देशानात्मक आदेश[१५८] दिएपछि काठमाडौं उपत्यकाका तीन जिल्ला र काभ्रेपलाञ्चोकसमेत प्रादेशिक क्षेत्राधिकार रहने गरी बाल अदालतको गठन भएको छ। अब बाँकी प्रदेशमा पनि कम्तीमा एउटा बाल अदालत गठन गरी बाल अदालतमा छुट्टै बाल प्रोवेशन अधिकारी तोकी जिम्मेवारी सुम्पिनु पर्ने।
- **छुट्टै बाल प्रोवेशन अधिकारीको व्यवस्था गर्नेः** बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७९ मा प्रोवेशन अधिकारीको नियुक्ति गर्ने व्यवस्था रहेको भए तापनि हालसम्म प्रोवेशन अधिकारीको नियुक्ति हुन नसकी जिल्ला अदालतमा कार्यरत तहसिलदारलाई प्रोवेशन अधिकारी तोकिएको छ। यसरी तोकिएका बाल प्रोवेशन अधिकारीको कार्य सम्पादनको प्रभावकारिता अत्यन्त कमजोर देखिएको छ। यसरी अतिरिक्त जिम्मेवारीबाट प्रोवेशन अधिकारीको भूमिका निर्वाह गर्न सहज पनि देखिएन। यस्तो अवस्थामा यथाशक्य चाँडो

[१५८] ने.का.प. २०६२, नि.नं. ७५७८, भाग ४७।

प्रोवेशन अधिकारीको नियुक्ति गर्नुपर्ने। अन्य देशमा भए जस्तै प्रोवेशन अधिकृतको सेवाका लागि छुट्टै दरबन्दी तथा नियुक्ति सम्बन्धी व्यवस्था गरी काम, कर्तव्य तथा जिम्मेवारी तोक्नु पर्ने।[१५९] सोका लागि बाल प्रोवेशन अधिकारीको सेवा शर्त सम्बन्धी व्यवस्था गर्नुपर्ने।

- **बाल प्रोवेशन दिग्दर्शन तयारीः** बाल प्रोवेशनसम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय न्यायिक प्रतिष्ठान र केन्द्रीय बाल न्याय समितिको समन्वयमा बाल प्रोवेशन दिग्दर्शन तयार गरी लक्षित जनशक्तिलाई सो दिग्दर्शन अनुसारको कार्यान्वयनका लागि न्यायाधीश समेतका लक्षित जनशक्तिलाई प्रशिक्षित तुल्याइनु पर्ने। सो दिग्दर्शनमा बाल प्रोवेशन अधिकारीको काम, कर्तव्य र अधिकार निर्धारण गरी प्रोवेशन अधिकारीले तयार गर्नुपर्ने प्रतिवेदन तथा कागजातहरुको नमूनासमेत समावेश गरिनु पर्ने।
- **असल अभ्यासको अवलोकनः** बाल प्रोवेशनसम्बन्धी व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवाला अधिकारीहरुलाई यस सम्बन्धी असल अभ्यास गरिरहेको अन्य मुलुकहरुमा भएको अभ्यासको अध्ययन अबलोकनको अवसर प्रदान गरी कार्य सम्पादनलाई प्रभावकारी बनाउन सशक्तिकृत एवम् उत्प्रेरित गर्नु पर्ने।

[१५९] भारतमा Probation of Offenders Act, 1958 अन्तर्गत राज्य सरकारले Probation Officer को नियुक्ति गर्ने व्यवस्था छ। साथै District Child Protection Unit अन्तर्गत राज्य सरकारले Legal-cum-Probation Officer नियुक्ति दिने व्यवस्था रहेको छ।

# परिशिष्ट १

# राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

## बाल न्याय सम्पादनको सन्दर्भमा प्रोवेशन अधिकारीको काम, कर्तव्य र अधिकारको प्रयोग तथा कार्यान्वयनको सन्दर्भमा अध्ययन गर्न तयार गरिएको प्रशनावली

नेपाल सरकारले प्रोवेशन अधिकारी नियुक्ति नभएसम्मका लागि बाल न्यायसँग सम्बन्धीत काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न सबै जिल्ला अदालतको तहसिलदार तथा श्रेस्तेदारलाई प्रोवेशन अधिकारीको रुपमा काम गर्न तोकेको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७९ मा प्रोवेशन अधिकारी सम्बन्धी व्यवस्था भएअनुसार बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ४३ मा भएको प्रोवेशन अधिकारीको बाल न्यायसँग सम्बन्धीत काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाको कार्यान्वयनको अवस्था र कार्यान्वयन गर्ने क्रममा महसुस गरिएका समस्या तथा चुनौतीसँग सम्बन्धीत तथ्याङ्क सङ्कलन गर्ने उद्देश्यले प्रस्तुत प्रश्नावली तयार गरिएको हो। उपरोक्त विषयमा यस प्रश्नावलीमा उल्लेख भएका सूचना तथा तथ्याङ्क उपलब्ध गराई सहयोग गरी दिनु हुन राष्ट्रिय न्यायिक प्रतिष्ठान हार्दिक अनुरोध गर्दछ। यस प्रश्नावलीबाट प्राप्त भएका सूचना तथा तथ्याङ्कहरु विशुद्ध अनुसन्धान प्रयोजन तथा बाल न्याय प्रणाली सुधारको सिफारिसका लागि मात्र प्रयोग गरिने व्यहोरा अनुरोध छ। प्रश्नावलीबाट प्राप्त व्यक्तिगत धारणा तथा सुझावमा व्यक्तिको नाम इंगित गरिने छैन।

**१. व्यक्तिगत विवरणः-**

**(क) प्रोवेशन अधिकृत (तहसिलदार) को नाम, थर (स्वेच्छिक)ः...........................................**

- **महिला**
- **पुरुष**

**(ख) जिल्ला अदालतको नामः...........................................................................................**

**(ग) प्रोवेशन अधिकारीको जिम्मेवारी ग्रहण गरेको मितिः**

**२. बाल न्याय सम्पादनमा प्रोवेशन अधिकारीको काम, कर्तव्य र अधिकारको सन्दर्भमा भएको कानूनी व्यवस्था तथा प्रक्रियाका बारेमा यहाँको जानकारी कस्तो छ ?**

(क) **मलाई यस बारेमा यथेष्ट जानकारी छ।** ☐

(ख) अलि अलि जानकारी छ।

(ग) जानकारी छैन।

३. बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ लागू भएपश्चात प्रोवेशन अधिकारीको काम तथा जिम्मेवारी सम्बन्धी कुनै प्रशिक्षण/तालिममा सहभागी हुनुभएको छ ?

क. छ

ख. छैन

३.१ प्रोवेशन अधिकारीको काम तथा जिम्मेवारी सम्बन्धी कुनै प्रशिक्षण/तालिममा सहभागी हुनुभएको छ भने देहायको विवरण खुलाई दिनुहोस्।

| प्रशिक्षण/तालिम प्रदायक संस्था | प्रशिक्षण/तालिम अवधि | प्रशिक्षणको विषय | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

४. बाल न्याय सम्पादनको सन्दर्भमा कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाको अनुसन्धान, निगरानी कक्षको निरीक्षण, दिशान्तर, अदालतको आदेशको कार्यान्वयनको स्थितिबारे प्रतिवेदन तयार गरी सम्बन्धीत अदालतमा प्रतिवेदन पेश गर्नु भएको छ ?

क. छ

ख. छैन

४.१ यदि प्रतिवेदन पेश गर्नु भएको छ भने पेश गरिएको प्रतिवेदनको मोटामोटी संख्या उल्लेख गरिदिनुहोस्।

प्रतिवेदन तयार गरी पेश गरेको मोटामोटी संख्या

४.२ साथै प्रतिवेदन पेश गरेको क्षेत्र तथा विषय सन्दर्भ समेत उल्लेख गर्नुहोस्।

क. ..........................................................................................

ख. ..........................................................................................

ग. ..........................................................................................

घ. ..........................................................................................

४.३ यदि प्रतिवेदन पेश गर्नु भएको छैन भने पेश नगर्नु वा पेश गर्न नस्कनूका कारण देहायमा बुदाँगत रुपमा खुलाई दिनुहोस्।

क. ..........................................................................................

ख. ..........................................................................................

ग. ..........................................................................................

घ. ..........................................................................................

५. बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार दिशान्तरको क्रममा दिशान्तर गर्ने अनुसन्धान अधिकारी, सरकारी वकील वा अदालतले दिशान्तर गराएको बालबालिकाले दिशान्तरको क्रममा भएको आदेशको पालना गरेको नगरेको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्नु भएको छ ?

क. छ ☐

ख. छैन ☐

५.१ यदि प्रतिवेदन पेश गर्नु भएको छ भने पेश गरिएको प्रतिवेदनको मोटामोटी संख्या उल्लेख गरिदिनुहोस्।

प्रतिवेदन तयार गरी पेश गरेको मोटामोटी संख्या ☐

**५.२ साथै देहायका निकायहरुबाट दिशान्तर भएको मुद्दामा प्रतिवेदन पेश गर्नु भएको अवस्था तथा संख्या खुलाई दिनुहोस्।**

| दिशान्तर गर्ने निकाय | धेरै (संख्या) | ठीकै (संख्या) | कम (संख्या) | शून्य |
|---|---|---|---|---|
| अदालत | | | | |
| सरकारी वकील | | | | |
| अनुसन्धान अधिकारी | | | | |

**५.३ यदि प्रतिवेदन पेश गर्नु भएको छैन भने पेश नगर्नु वा पेश गर्न नसक्नु भएको कारण बुदाँगत रुपमा खुलाई दिनुहोस्।**

**क. ..........................................................................................**

**ख. ..........................................................................................**

**ग. ..........................................................................................**

**घ. ..........................................................................................**

**६. बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार सुधार गृह तथा अन्य सङ्घ संस्थामा राखिएका बालबालिकाको स्थितिबारे अध्ययन गरी बाल अदालतलाई आवश्यक प्रतिवेदन पेश गर्नु भएको छ?**

**क. छ** ☐

**ख. छैन** ☐

**६.१ यदि प्रतिवेदन पेश गर्नु भएको छ भने पेश गरिएको प्रतिवेदनको संख्या उल्लेख गरिदिनुहोस्।**

**प्रतिवेदन तयार गरी पेश गरेको मोटामोटी संख्या** ☐

६.२ यदि प्रतिवेदन पेश गर्नु भएको छैन भने पेश नगर्नु वा पेश गर्न नसक्नुका कारण बुदाँगत रुपमा खुलाई दिनुहोस्।

क. ..........................................................................................

ख. ..........................................................................................

ग. ..........................................................................................

घ. ..........................................................................................

७. बालबालिका सम्बन्धी ऐन,२०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार बाल अदालतले दिएका आदेशहरुको कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन गरी बाल अदालतलाई आवश्यक प्रतिवेदन पेश गर्नु भएको छ?

क. छ ☐

ख. छैन ☐

७.१ यदि प्रतिवेदन पेश गर्नु भएको छ भने पेश गरिएको प्रतिवेदनको संख्या उल्लेख गरिदिनुहोस्।

प्रतिवेदन तयार गरी पेश गरेको मोटामोटी संख्या ☐

७.२ यदि प्रतिवेदन पेश गर्नु भएको छैन भने पेश नगर्नु वा पेश गर्न नसक्नुका कारण बुदाँगत रुपमा खुलाई दिनुहोस्।

क. ..........................................................................................

ख. ..........................................................................................

ग. ..........................................................................................

घ. ..........................................................................................

८. बालबालिका सम्बन्धी ऐन,२०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली,२०७६ मा व्यवस्था भएअनुसार बालबालिकालाई परिवार तथा समुदायमा पुनर्स्थापना गर्न सहयोग गर्नु भएको छ ?

क. छ

ख. छैन

८.१ यदि पुनर्स्थापना गर्न सहयोग गर्नु भएको छ भने कस्तो सहयोग गर्नु भएको छ उल्लेख गरिदिनुहोस्।

क. ..........................................................................................

ख. ..........................................................................................

ग. ..........................................................................................

घ. ..........................................................................................

९. बालबालिका सम्बन्धी ऐन,२०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा व्यवस्था भएअनुसार बाल अदालतले प्रोवेशनमा रहने गरी तोकेका बालबालिकाहरुको सुपरिवेक्षण गर्नु भएको छ ?

क. छ

ख. छैन

९.१ यदि सुपरिवेक्षण गर्नु भएको छ भने सो सुपरिवेक्षणको संख्या उल्लेख गरिदिनुहोस्।

प्रतिवेदन तयार गरी पेश गरेको मोटामोटी संख्या

९.२ यदि सुपरिवेक्षण गर्नु भएको छैन भने नगर्नु वा गर्न नसक्नुका कारण बुदाँगत रुपमा खुलाई दिनुहोस्।

क. ....................................................................................................

ख. ....................................................................................................

ग. ....................................................................................................

घ. ....................................................................................................

१०. प्रोवेशन अधिकारीको रुपमा कसूरजन्य कार्यको संलग्न बालबालिका वा पीडितको सन्दर्भमा प्रतिवेदन तयारीको क्रममा कानूनी व्यवस्था, व्यवहारिकता, स्रोत तथा साधन सम्बन्धी कुनै सुधार तथा व्यवस्थाको आवश्यकता महसुस गर्नु भएको छ भने उल्लेख गर्नुहोस्।

क. ....................................................................................................

ख. ....................................................................................................

ग. ....................................................................................................

घ. ....................................................................................................

११. प्रोवेशन अधिकारीको रुपमा बाल न्यायसँग सम्बन्धीत काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाको कार्यान्वयनको क्रममा कुनै समस्या तथा चुनौतीको महसुस गर्न भएको छ उल्लेख गर्नुहोस् ?

क. ....................................................................................................

ख. ....................................................................................................

ग. ....................................................................................................

**घ. ..........................................................................................**

**१२. उल्लेखित कुराहरु बाहेक यहाँको थप केही छ भने उल्लेख गरी दिनुहोस्।**

**क. ..........................................................................................**

**ख. ..........................................................................................**

**ग. ..........................................................................................**

**घ. ..........................................................................................**

**धन्यवाद।**

# परिशिष्ट २

## प्रश्नावली फाराम भर्ने तहसिलदारहरु कार्यरत जिल्ला अदालतहरुको नाम

| क्र.सं. | नाम | क्र.सं. | नाम |
|---|---|---|---|
| १. | पाँचथर जिल्ला अदालत | १६. | बाग्लुङ जिल्ला अदालत |
| २. | संखुवासभा जिल्ला अदालत | १७. | नवलपरासी जिल्ला अदालत |
| ३. | भोजपुर जिल्ला अदालत | १८. | कपिलबस्तु जिल्ला अदालत |
| ४. | खोटाङ्ग जिल्ला अदालत | १९. | पाल्पा जिल्ला अदालत |
| ५. | ओखलढुंगा जिल्ला अदालत | २०. | प्यूठान जिल्ला अदालत |
| ६. | मोरङ्ग जिल्ला अदालत | २१. | रुकुमकोट जिल्ला अदालत |
| ७. | सिरहा जिल्ला अदालत | २२. | डोल्पा जिल्ला अदालत |
| ८. | धनुषा जिल्ला अदालत | २३. | जाजरकोट जिल्ला अदालत |
| ९. | दोलखा जिल्ला अदालत | २४. | दैलेख जिल्ला अदालत |
| १०. | सिन्धुपाल्चोक जिल्ला अदालत | २५. | बाजुरा जिल्ला अदालत |
| ११. | नुवाकोट जिल्ला अदालत | २६. | अछाम जिल्ला अदालत |
| १२. | चितवन जिल्ला अदालत | २७. | दार्चुला जिल्ला अदालत |
| १३. | कास्की जिल्ला अदालत | २८. | डडेल्धुरा जिल्ला अदालत |
| १४. | पर्वत जिल्ला अदालत | २९. | भक्तपुर जिल्ला अदालत |
| १५. | म्याग्दी जिल्ला अदालत | | |

# सन्दर्भ सूची


*संयुक्त राष्ट्र संघीय व्यवस्था*

- मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८।
- Decleration of the Rights of the Child ,1959.
- बाल अधिकारसम्बन्धी महासन्धि,१९८९।
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र,१९६६।
- बाल न्याय प्रशासनका लागि संयुक्त राष्ट्र संघीय न्यूनतम् मापदण्डको नियमावली (बेइजिङ नियमावली),१८८५।
- गैरहिरासतीय उपायसम्बन्धी संयुक्त राष्ट्र संघीय न्यूनतम् मापदण्डको नियमावली (टोकियो नियमावली),१९९०।

*संविधान /संहिता/ऐन/नियमावली /राजपत्र*

- नेपालको संविधान।
- नेपाल सन्धि ऐन,२०४७।
- स्थानीय सरकार सञ्चालन ऐन,२०७४।
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४।
- बालबालिका सम्बन्धी ऐन,२०७५।
- बाल न्याय सम्पादन (कर्यविधि), नियमावली,२०७६।
- नेपाल राजपत्र, भाग ५, खण्ड ६९, संख्या ४९।

*पुस्तक*

- मानव अधिकार सम्बन्धी स्रोत सामाग्री, २०६६, राष्ट्रिय न्यायिक प्रतिष्ठान, रामशाहपथ, काठमाण्डौ, नेपाल।
- Dr. S.R. MYNENI, LRGAL RESEARCH METHODOLOGY, (Allahabad Law Agency, Plot No.33,16/2, Mathura Road, Faridabad (HARYANA), 2001।
- बलराम आचार्य, अनुसन्धान पद्धति तथा प्रतिवेदन लेखन, (नेशनल बुक सेन्टर भोटाहिटी काठमाडौं, तेस्रो संस्करण, २०६३।
- JAMES A. INCIARDI, CRIMINAL JUSTICE (McGraw-Hill, a business unit of The McGraw-Hill Companies, Inc.,1221 Avenue of the Americas, New York, NY,10020) SEVENTH EDITION.
- Prof. N.V. Paranajape, Criminology and Penology (CENTRAL LAW PUBLICATIONS, LAW PUBLISHERS & BOOK SELLERS 107, DARBHANGA COLONY, ALLAHBAD) TWELFTH EDITION (Reprint 2005).

- Sue Titus Reid, CRIME AND CRIMINOLOGY (McGraw-Hill Higher Education Group, Inc.) Eighth Edition.

*स्रोत सामग्री/प्रतिवेदन*

- बाल इजलासबाट हेरिएका मुद्दाहरुको मुद्दा प्रवाह अवस्था अध्ययन प्रतिवेदन, बाल न्याय समन्वय समिति सचिवालय, हरिहरभवन, ललितपुर, नेपाल २०६९ ।
- बाल न्यायसम्बन्धी स्रोत सामग्री, २०७३, राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल , मनमैंजु, काठमाडौं।

*कानून पत्रिका*

- प्रतिपादन (२०७९) अंक १, वर्ष ९, राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल।
- नेपाल कानून परिचर्चा, अङ्क ३,२०७८ नेपाल ल क्याम्पस, कानून सकाय, त्रिभुवन विश्वविद्यालय, प्रदर्शनी मार्ग, काठमाडौं।

*वेभ साइटस*

- https://lawyersforumnepal.com/verdict/index.php/verdict/article/view/120/13।
- https://nagariknews.nagariknetwork.com/opinion/1565761533869340.html?click_from=trending
- https://deshsanchar.com/2019/06/17/210591/
- https://epgp.inflibnet.ac.in/epgpdata/uploads/epgp_content/law/09._research_methodology/08._qualitative_and_doctrinal_methods_in_research/et/8155_et_et.pdf
- https://collegeeducated.com/about-us//,
- https://collegeeducated.com/careers/criminal-justice-careers/juvenile-probation-officer/
- https://www.haqcrc.org/wp-content/uploads/2020/05/compilation-jjb-orders-by-anant-Kumar-asthana.pdf, /,
- https://www.legaldefense.com/blog/2014/january/probation-different-for-juveniles-and-adults-in-,
- https://californiaglobe.com/articles/what-is-in-californias-welfare-and-institutions-code/,
- https://venturaprobation.org/services/juvenile-services/juvenile-general-info/ ,
- https://www.oc-criminallawyers.com/practice-areas/juvenile-delinquency/juvenile-informal-diversion ,

**श्रीकृष्ण मुल्मी**

काभ्रे जिल्लामा जन्मनु भएका निर्देशक श्री श्रीकृष्ण मुल्मी हाल प्रतिष्ठानको कार्यकारी निर्देशकको पद रिक्त भएकाले राष्ट्रिय न्यायिक प्रतिष्ठानमा निमित्त कार्यकारी निर्देशकको रुपमा कार्यरत हुनुहुन्छ। उहाँ हङ्गकङ्ग विश्वविद्यालय, हङ्गकङ्गबाट मानव अधिकार तथा पुणे विश्वविद्यालय, भारतबाट फौजदारी कानूनमा स्नातकोत्तर हुनुहुन्छ। श्री मुल्मी अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको अनुमोदनको सन्दर्भमा नेपालको फौजदारी कानूनको विश्लेषण, मानव अधिकार र फौजदारी न्यायको सिद्धान्तको सन्दर्भमा घरेलु हिंसा (कसूर तथा सजाय) ऐनः एक विश्लेषण लगायत विभिन्न अध्ययन अनुसन्धान कार्यहरुमा संलग्न भइसक्नु भएको छ। प्रतिष्ठानबाट प्रकाशन हुने विभिन्न प्रतिवेदन, स्रोत सामग्री, लेख रचना तयार तथा सम्पादनको विशेष अनुभव हासिल गरेका श्री मुल्मी प्रतिष्ठानबाट वार्षिक रुपमा प्रकाशन हुने NJA Law Journal को प्रधान सम्पादकको रुपमा लामो समय काम गर्नु भएको छ। प्रतिष्ठानसँग आवद्ध हुनुअघि कानून व्यवसायको अनुभवसमेत हासिल गर्नु भएका श्री मुल्मीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलहरुमा दर्जनौं अनुसन्धानमूलक लेख रचनाहरु प्रकाशित गर्नुका साथै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमहरुमा कार्यपत्रहरू समेत प्रस्तुत गर्नु भएको छ।

**संजीव राई**

श्री संजीव राई हाल राष्ट्रिय न्यायिक प्रतिष्ठानमा निर्देशकको रुपमा कार्यरत हुनुहुन्छ। उहाँले पूर्वाञ्चल विश्वविद्यालय (काठमाडौं स्कूल अफ ल) बाट फौजदारी कानून तथा न्याय विषयमा स्नातकोत्तर उपाधि हासिल गर्नु भएको छ। प्रतिष्ठान सेवामा आउनु अघि उहाँले एडभोकेसी फोरम-नेपालमा फौजदारी न्याय विभागअन्तर्गत कानून अधिकृतको रुपमा कार्यरत रही असहाय व्यक्तिहरुको तर्फबाट विभिन्न अड्डा अदालतहरुमा वकालत गर्नु भएको थियो। श्री राईले प्रतिष्ठानबाट सम्पन्न भएकका स्वच्छ सुनुवाइ, Domestication of Child Rights Convention in Nepal, आत्महत्या दुरुत्साहन, ज्यान मार्ने उद्योग र पक्राउ सम्बन्धी कानूनी व्यवस्था लगायत विभिन्न अनुसन्धानमा अनुसन्धानकर्ताको रुपमा संलग्न हुनुभएको छ। श्री राईले फिलिपिन्स, इन्डोनेसिया, भारत, दक्षिण कोरिया, चीन र अष्ट्रेलिया समेतको अध्ययन अवलोकन भ्रमण गर्नु भएको छ।

**करुणा थपलिया**

श्री करुणा थपलिया हाल राष्ट्रिय न्यायिक प्रतिष्ठानमा उपनिर्देशकको रुपमा कार्यरत हुनुहुन्छ। श्री थपलियाले त्रिभुवन विश्वविद्यालय (नेसनल ल कलेज) बाट फौजदारी कानून र संवैधानिक कानूनका साथै ग्रामीण विकास विषयमा पनि स्नातकोत्तर उपाधि हासिल गर्नु भएको छ। प्रतिष्ठानमा कार्यरत हुनुभन्दा अधि उहाँले ILF/PDS-नेपालमा फौजदारी न्याय अन्तर्गत कानून अधिकृतको रुपमा कार्यरत रही असहाय व्यक्तिहरुको तर्फबाट विभिन्न अड्डा अदालतहरुमा वकालत गर्नुभएको थियो। उहाँले राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट प्रकाशन हुने कानून पत्रिका प्रतिपादनको सम्पादक र विभिन्न अनुसन्धान कार्यहरुमा अनुसन्धानकर्ताको रुपमा काम गर्नु भएको छ। श्री थपलियाले कानूनी अध्ययन, तालिम तथा गोष्ठीको सिलसिलामा भारत, सिंगापुर, दक्षिण कोरिया, चीन र जापान समेतको अध्ययन अवलोकन भ्रमण गर्नु भएको छ।

**भुवानी शंकर घिमिरे**

श्री भुवानी शंकर घिमिरेले पूर्वाञ्चल विश्वविद्यालय(काठमाण्डौ स्कुल अफ ल) बाट वाणिज्य कानून विषयमा स्नातकोत्तर उपाधि हासिल गर्नुका साथै जन प्रशासन र राजनीतिशास्त्र संकायमा समेत स्नातकोत्तर अध्ययन पूरा गर्नुभएको छ। उहाँ २०७३ सालदेखि नेपाल न्याय सेवा, न्याय समूहको शाखा अधिकृतको रुपमा सेवारत हुनुहुन्छ। नेपाल न्याय सेवामा प्रवेश गर्नु पूर्व नेपाल वायुसेवा निगममा अधिकृतको रुपमा कार्यसम्पादन गरेको अनुभव समेत रहेको छ। भक्तपुर जिल्ला अदालतमा तहसिलदारको भूमिका निर्वाह गरिसक्नु भएका श्री घिमिरे हाल बाजुरा जिल्ला अदालतमा तहसिलदार पदमा कार्यरत हुनुहुन्छ।